# प्रतिवेदन पुस्तिका

## (आ.व. २०८१/८२)

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**कृषि विभाग**

हरिहरभवन, ललितपुर

# प्रतिवेदन पुस्तिका

(आ.व. २०८१/८२)

प्रकाशक

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## कृषि विभाग

हरिहरभवन, ललितपुर

## प्रतिवेदन पुस्तिका (आ.व. २०८१/८२)

प्रकाशकः

नेपाल सरकार

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**कृषि विभाग**

हरिहरभवन, ललितपुर

**फोन** : ०१-५४२१३२३

**इमेल** : doa.agri2014@gmail.com

# मन्तव्य



नेपालको संविधानले एकात्मक शासन व्यवस्थालाई सङ्घीय शासन व्यवस्थामा रूपान्तरण गरी राज्यको संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था गरेको तथा सोही अनुरूप राज्यशक्तिको प्रयोगका लागि तीनै तहको अधिकारको सूचीको आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्) ले नेपालको संविधानको अनुसूचीमा उल्लेखित अधिकार सूचीको आधारमा कार्यजिम्मेवारी समेतलाई विस्तृतीकरण गरेको छ। कार्यजिम्मेवारीको विस्तृतीकरणका आधारमा प्रशासनिक पुनर्संरचना भई कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत कृषि विभाग तथा मातहत निकाय कार्यान्वयनमा रहँदै आएका छन् र सोही बमोजिम तीनै तहका सरकारबाट कृषि विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

कृषि विभागबाट विशेषगरी विश्व खाद्य दिवस, विश्व माटो दिवस लगायतका राष्ट्रिय महत्त्वका कार्यक्रमहरू आफै सञ्चालन गर्दै आएको छ। त्यसैगरी, यस विभागद्वारा मातहतका केन्द्र, प्रदेशस्थित कृषि हेर्ने कार्यालयहरू, स्थानीय तह लगायत कार्यक्रमको आवश्यकतानुसारका तीनै तहका अन्य सम्बन्धित निकायहरूसँगको समन्वयमा गोष्ठी, दिवस तथा कार्यक्रमहरू सञ्चालन गरिँदै आइएको छ। यसरी सञ्चालित केही प्रमुख कार्यक्रमहरू, सो को उपलब्धिहरू एवम् ती कार्यक्रम कार्यान्वयनका क्रममा स्थानीय तह, प्रदेशस्थित कार्यालयहरू र अन्य सम्वध्द निकायहरूबाट उल्लिखित कार्यक्रम कार्यान्वयनका सन्दर्भमा अनुभूत गरिएका विषय/सवालहरू र विभागलाई दिइएका सुझावहरूसमेतलाई समावेश गरी Proceeding मार्फत सार्वजनिक गरिँदै आएको छ। यसै सन्दर्भमा आ.व. २०८१/८२ मा विभागबाट सञ्चालन गरिएका विभिन्न दिवस, गोष्ठी लगायतको कार्यक्रमहरू सम्वध्द विविध विषयहरू समेटी यो Proceeding प्रकाशन गरिएको छ। यस पुस्तकमा समावेश विवरण सङ्कलन तथा लेखनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने प्रविधि तथा समन्वय महाशाखाका प्रमुख श्री ललनकुमार सिंह, प्रविधि विस्तार शाखा प्रमुख शोभा पौडेल, कृषि प्रसार अधिकृत भवानी कुमारी खतिवडा तथा सम्वद्ध अन्य कर्मचारीहरूलाई धन्यवाद प्रकट गर्दछु।

अन्त्यमा, यो Proceeding कृषि क्षेत्रमा संलग्न योजनाकार, अनुसन्धानकर्ता, कार्यक्रम कार्यान्वयन निकायलगायत कृषि विकाससँग सम्बन्धित कार्यक्रमबारे जानकारी राख्न चाहने सबै पाठकहरूका लागि उपयोगी हुने विश्वास लिएको छु। साथै यस प्रकाशनलाई आगामी वर्षहरूमा अझ बढी उपयोगी बनाउन पाठकहरूबाट रचनात्मक प्रतिक्रिया एवम् सुझावको अपेक्षा राखेको छु।

**धन्यवाद।**

**प्रकाशकुमार सन्जेल**
**महानिर्देशक**

**असार, २०८२**

# विषय-सूची

१ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट सञ्चालित कृषि प्रविधि विकास एवम् विस्तार सम्बन्धी समीक्षा गोष्ठीको प्रतिवेदन ........................................................ १

२. विश्व माटो दिवस २०२४/२०८१ कार्यक्रमको प्रतिवेदन ........................................... १९

३. मल निरीक्षक तालिमको प्रतिवेदन ...................................................................... २४

४. मल निरीक्षक तालिमको प्रतिवेदन....................................................................... ३२

५. बागवानी क्षेत्रमा Emerging crops र समस्याका बारेमा अन्तरक्रिया गोष्ठीको प्रतिवेदन ........ ४०

६. ४४औं विश्व खाद्य दिवस कार्यक्रमको प्रतिवेदन ..................................................... ४९

७. कार्य विस्तृतीकरण र सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा कृषि विभागद्वारा सातै प्रदेशमा प्रस्तुत गरिएका कार्यपत्रहरू ........... ५६

८. कार्य विस्तृतीकरण तथा सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम कोशी प्रदेश ............................................................... ७३

९. कार्य विस्तृतीकरण तथा सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम बागमती प्रदेश ............................................................. ८५

१०. कार्य विस्तृतीकरण तथा सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम गण्डकी प्रदेश .............................................................. ९०

११. कार्य विस्तृतीकरण तथा सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम मधेश प्रदेश.................................................................१०२

१२. कार्य विस्तृतीकरण र सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको अन्तरक्रिया कार्यक्रम सुर्खेतको प्रतिवेदन कर्णाली प्रदेश ...........................................१०९

१३. कार्य विस्तृतीकरण र सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको अन्तरक्रिया कार्यक्रम लुम्बिनी प्रदेश ..............................................................११३

१४. कार्य विस्तृतीकरण र सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको अन्तरक्रिया कार्यक्रम सुदूरपश्चिम प्रदेश ...........................................................१२०

१५. च्याउको Post-harvest handling र Value addition सम्बन्धी कार्यक्रम प्रतिवेदन...........................................................................................१२३

# १. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट सञ्चालित कृषि प्रविधि विकास एवम् विस्तार सम्बन्धी समीक्षा गोष्ठीको प्रतिवेदन

**मितिः २०८१/०८/२४ र २५ (Dec 9-10, 2024)**

**स्थानः कृषि विभागको सभाहल, हरिहरभवन**

## १. लक्षित सहभागीहरू

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नार्क, कृषि विभाग तथा अन्तर्गतका केन्द्र प्रमुख, कृषि क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूका प्रमुख तथा प्रतिनिधिहरू, राष्ट्रिय किसान आयोग, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय प्रतिनिधि, कृषि ज्ञान केन्द्र ललितपुरका प्रतिनिधि तथा सम्बन्धित अन्य सरोकारवालाहरू

## २. पृष्ठभूमि

कृषि नेपालको अर्थतन्त्रको मूल आधार हो। यसले कूल जनसङ्ख्याको करिब ६०.४% लाई रोजगारीको अवसर सृजना गरेको छ भने कूल गार्हस्थ उत्पादनमा करिब २३.९% योगदान पुर्‍याएको (आर्थिक सर्वेक्षण, २०७८/७९) छ। तसर्थ नेपालको राष्ट्रिय अर्थतन्त्रको विकासको लागि कृषि क्षेत्रको विकास महत्त्वपूर्ण छ। तर, देशको कृषि क्षेत्र अझै पनि निर्वाहमुखी खेती प्रणाली आधारित छ जसको फलस्वरूप कृषिजन्य वस्तुको उत्पादकत्व र उत्पादनमा उल्लेख्य वृद्धि आउन सकेको छैन ।यसैकारण नयाँ कृषि प्रविधिलाई किसानको खेतबारीमा पुर्‍याउन आवश्यक छ। नेपाल सरकारले कृषक स्तरमा कृषि सेवा प्रवाहमा pluralistic approach अपनाएको छ। हाल नेपालमा धेरै NGOs/INGOs ले ग्रामीण भेगका कृषक समुदायको जीवनस्तर उठाउने उद्देश्यले कृषि प्रविधि विकास, प्रवर्द्धन र हस्तान्तरण, खाद्य तथा पोषण सुरक्षा जस्ता क्षेत्रमा वर्षौंदेखि काम गर्दै आइरहेका छन। INGOs मार्फत विकास एवम् विस्तार गरिएका यस्ता कृषि प्रविधिहरूको प्रभावको विश्लेषण गर्न आवश्यक रहेको छ।

यस सन्दर्भमा, कृषि विभागद्वारा विभिन्न NGOs/INGOs द्वारा विकसित र विस्तार गरिएका उपयुक्त कृषि प्रविधिको प्रवर्द्धनका लागि भविष्यका नीति, योजना र रणनीतिहरू तय गर्न मद्दत गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट सञ्चालित कृषि प्रविधि विकास एवम् विस्तार सम्बन्धी समीक्षा गोष्ठी सम्पन्न भयो।

## ३. गोष्ठी सञ्चालनको उद्देश्यहरू

- नेपालमा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थामार्फत कृषि प्रविधि विकास र हस्तान्तरणमा भएका अनुभव, समस्या र चुनौतीहरू जानकारी तथा विश्लेषण गर्ने।
- विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूद्वारा विकसित एवम् विस्तार गरिएका नेपाली कृषक स्तरमा सुहाउदो उपयुक्त कृषि प्रविधि पहिचान गर्ने।
- कृषि प्रविधि विकास एवम् विस्तारमा भावी रणनीति निर्धारणका लागि सुझाव दिने।

## ४. कार्यक्रमका सहभागीहरू

| क्र.सं. | नाम | कार्यालय | पद |
|---|---|---|---|
| १ | डा. राजेन्द्र प्रसाद मिश्र | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सचिव (कृषि विकास तर्फ) |
| २ | राजेन्द्र कोइराला | कृषि विभाग | नि. महानिर्देशक |
| ३ | प्रकाश कुमार सन्जेल | कृषि सूचना तथा प्रशिक्षण केन्द्र | प्रमुख |
| ४ | बैंकुन्ठ अधिकारी | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | परियोजना निर्देशक |
| ५ | डा. चन्द्र रिजाल | आयोजना निर्देशक, ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना (REED) | आयोजना निर्देशक |
| ६ | महेन्द्र चन्द्र अर्याल | राष्ट्रिय फलफूल विकास केन्द्र | प्रमुख |
| ७ | टीकाराम शर्मा | पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र | नि.प्रमुख |
| ८ | पञ्चकाजी श्रेष्ठ | NFGF | अध्यक्ष |
| ९ | संगिता श्रेष्ठ | कृषि विभाग | ब.कृ.इ |
| १० | डाल प्रसाद पुडासैनी | विकास सहायता समन्वय शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ब.कृषि अर्थ विज्ञ |
| ११ | केशव देवकोटा | बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र | नि. प्रमुख |
| १२ | रिती सिहं | राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र | ब. बागवानी विकास अधिकृत |
| १३ | यामकुमारी श्रेष्ठ | कृषि विभाग | ब. बागवानी विकास अधिकृत |
| १४ | होम बहादुर बि.क. | कृषि विभाग | ब. बाली संरक्षण अधिकृत |
| १५ | राम सोगारथ शाह | | ब.कृषि प्रसार अधिकृत |
| १६ | तिलक चौलागाँइ | कृषि विभाग | ब.कृषि अर्थ विज्ञ |
| १७ | प्रवृति नेपाल | महिला बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय | शा.अ |
| १८ | दिनेश अधिकारी | महिला बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय | शा.अ |
| १९ | राजिवदाश राजभण्डरी | केन्द्रीय प्रयोगशाला | ब. बाली संरक्षण अधिकृत |
| २० | लक्ष्मी प्रसाद घमिरे | World Education | कार्यकम अधिकृत |
| २१ | कृष्ण लाल अर्याल | SAPPROS Nepal | कृषि अधिकृत |
| २२ | सावित्री दाहाल | SADP Nepal | अध्यक्ष |
| २३ | अरूण क्षेष्ठ | FNCCI/AEC | SPO |
| २४ | डा.फणिन्द्र देवकोटा | प्लान्ट क्वारेन्टिन तथा बिषादी व्यवस्थापन केन्द्र | ब. बाली संरक्षण अधिकृत |
| २५ | तेज प्रसाद दवाडी | कृषि विकास कार्यालय | ललितपुर |

| क्र.सं. | नाम | कार्यालय | पद |
|---|---|---|---|
| २६ | प्रतिभा श्रेष्ठ | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | खा.अ.अ. |
| २७ | प्रदिप शर्मा | Heifer International Nepal | Project Manager |
| २८ | लाभा कुमार | CIMMYT-Nepal | |
| २९ | शिव शंकर शर्मा | Good Neighbours International Nepal | Livelihood Manager |
| ३० | तिर्थ कुमार तिम्सिना | FORWARD Nepal | PD |
| ३१ | शिव शंकर शर्मा | Good Neighbours International Nepal | Livelihood Manager |
| ३२ | देवेन्द्र भण्डारी | Good Neighbours International Nepal | जिविकोपार्जन संयोजक |
| ३३ | मनिक्षा | आचार्य | CSA Specialist |
| ३४ | गणेश आचार्य | CEAPRED | ब.अनुगमन तथा मूल्याङ्कन अधिकृत |
| ३५ | नेहा थापा | CEAPRED | Sr. programme officer |
| ३६ | प्रचण्ड कट्टेल | या.प्र.के (CRS Nepal) | परियोजना निर्देशक |
| ३७ | कल्याण गौली | GIZ | Manager |
| ३८ | पदमलाल भण्डारी | Swiss contact Nepal | Sr. Advisor |
| ३९ | महन्द्र विक्रम शाह | HI Nepal | कार्यक्रम प्रवन्धक |
| ४० | जिवन के.सी. | IWMI,Nepal | Researcher |
| ४१ | प्रशंसा आचार्य | RRN | Agri and Food Security Specialist |
| ४२ | प्रगति राज सि. | LiBIRD | परियोजना प्रमुख |
| ४३ | पंचकाजी श्रेष्ठ | राष्ट्रिय कृषक समूह महासङ्घ | उपाअध्यक्ष |
| ४४ | लोकराज सुवेदी | कृषि विभाग | कृषि अर्थ विज्ञ |
| ४५ | राम हरि पाण्डे | कृषि विभाग | कृषि अर्थ विज्ञ |
| ४६ | रञ्जु महर्जन | कृषि विभाग | बाग. विकास अधिकृत |
| ४७ | अनुशा कार्की | कृषि विभाग | कृषि अर्थ विज्ञ |
| ४८ | सम्झना लामिछाने भुसाल | कृषि विभाग | बाली विकास अधिकृत |
| ४९ | भवानी कुमारी खतिवडा | कृषि विभाग | कृषि प्रसार अधिकृत |
| ५० | चण्डीका लामा | कृषि विभाग | कृषि अर्थ विज्ञ |
| ५१ | दामोदर पोखेल | कृषि विभाग | बाली सं.अ |
| ५२ | राजन गिरी | कृषि विभाग | कृषि प्रसार अधिकृत |
| ५३ | सञ्जना ठाकुर | कृषि विभाग | बाग. विकास अधिकृत |


| क्र.सं. | नाम | कार्यालय | पद |
|---|---|---|---|
| ५४ | पुष्पा ज्ञवाली | कृषि विभाग | कृषि प्रसार अधिकृत |
| ५५ | राजु ढकाल | केन्द्रीय प्रयोगशाला | माटो विज्ञ |
| ५६ | पुष्पा ज्ञवाली | व्यावसायिक कीट विकास केन्द्र | कृ.प्र.अ |
| ५७ | महोन्त चापागाँइ | कृषि सूचना तथा प्रशिक्षण केन्द्र | कार्यक्रम उत्पादक |
| ५८ | सुनिता गौतम | कृषि विभाग | प्रा.स |
| ५९ | कालिका के. सि | कृषि विभाग | ना.सु |
| ६० | जगत सुवेदी | कृषि विभाग | ना.सु |
| ६१ | हरिभक्त सिग्देल | कृषि विभाग | ना.सु |
| ६२ | रजिना सुब्बा | कृषि विभाग | खरिदार |
| ६३ | कमला आचार्य | कृषि विभाग | खरिदार |

## ५. प्रस्तुत कार्यपत्रहरू

**नेपालको कृषि क्षेत्र र कृषि सेवा प्रवाहको वर्तमान अवस्था :** वरिष्ठ कृषि प्रसार अधिकृत श्री राम सोगारथ शाह, कृषि विभाग

## ५.१ प्रस्तुतिका मुख्य मुख्य बुँदाहरू

- कृषि क्षेत्रले कूल गार्हस्थ उत्पादनमा २३.९ प्रतिशत (आर्थिक सर्वेक्षण, २०७८/७९) योगदान गरेको छ।
- कृषि तथा पशुपन्छी क्षेत्रको विगत १० वर्षको औषत वृद्धिदर ३ प्रतिशतको हाराहारीमा रहेको छ।
- कृषि तथा पशुपन्छी क्षेत्रमा राष्ट्रिय बजेटको २.५ प्रतिशतको हाराहारीमा बजेट विनियोजन हुने गरेको छ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयको औषत खर्च गर्ने क्षमता ८०% को हाराहारीमा रहेको छ।




स्रोतः रायोआ (UN Food System Summit Background Paper)

**१५ औं योजनामा कृषि विकाससँग सम्बन्धित प्रमुख नतिजा सूचकको लक्ष्य र प्रगति अवस्था तथा १६ औं योजनाको लक्ष्य**

| नतिजा सूचक | एकाइ | आधार वर्ष आ.व. २०७५/७६ को यथार्थ स्थिती | आ.व. २०७९/८० को लक्ष्य | आ.व. २०७९/८० सम्मको प्रगति | योजना अवधिको लक्ष्य (२०८०/८१) | आ.व २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|---|---|
| प्रमुख बालीहरुको उत्पादकत्व वृद्धि | | | | | | |
| धान | टन/हेक्टर | ३.७६ | ४.४० | ३.७९ | ४.५ | ४।४८ |
| मकै | टन/हेक्टर | २.८४ | ३.९० | ३.२ | ४.० | ४।५ |
| गहुँ | टन/हेक्टर | २.८५ | ३.५० | २.९५ | ३.५ | ३।३४ |
| तरकारी | टन/हेक्टर | १४.३७ | १९.६० | १४.५५ | २० | १६।६१ |
| आलु | टन/हेक्टर | १६.०५ | २१.२० | १७.५७ | २२ | २१।६१ |
| फलफूल | टन/हेक्टर | ९.८१ | ११.९० | ११.१५ | १२ | १२।०८ |
| प्रमुख बालीहरुको वीउ प्रतिस्थापन दर | प्रतिशत | १६ | २४ | २१.९१ | २५ | |
| माटोमा जैविक पदार्थको मात्रा | प्रतिशत | १.९६ | २.३ | NA | २.४ | |

श्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय

9

**प्रमुख खाद्यान्न बालीहरुको उत्पादन र उत्पादकत्वमा हासिल उपलव्धि**

| वर्ष | जनसंख्या (करोड) | प्रमुख खाद्यान्नको उत्पादन | उत्पादकत्व (मे. टन/हे.) | | |
|---|---|---|---|---|---|
| | | (हजार मे. टन) | धान | मकै | गहुँ |
| २०२७/२८ | १.१५६ | ३४४२ | १.९५ | १.७३ | ०.७३ |
| २०७९/८० | २.९७ | १०९१३ | ३.७९ | ३.१७ | ३.०१ |
| वृद्धि प्रतिशत | १५४ | २१७ | ९४ | ८३ | ३१२ |

- कृषिमा छुट्याइको बजेट क्रमिक रूपमा बढ्दो क्रममा रहेको भए तापनि यो कूल बजेटको तुलनामा आ.व. २०८१/८२ को बजेट प्रतिशत ३ दशमलब १७ मात्र रहेको

## ५.२ खाद्य सुरक्षाको अवस्था


- विश्व भोकमरी सूचकाङ्क (२०२३)-६९ औं (१२५ देश )
- विश्व खाद्य सुरक्षा सूचकाङ्क (२०१८)- ७९औं (११३ देश)


| खाद्य असुरक्षाको अवस्था | घरधुरी प्रतिशत |
|---|---|
| सामान्य | २० |
| मध्यम | २२ |
| गम्भिर | १० |

## ५.३ कृषि वस्तुको आयात निर्यातको अवस्था

- मुख्य निर्यात भइरहेको कृषि वस्तुहरूः **चिया, अदुवा, मह, पस्मिना, अलैंची, कफी**
- मुख्य आयात भइरहेको कृषि विस्तुहरूः धान/चामल, मकै, **भटमासको तेल, सूर्यमुखी तेल, पिना, चामल, आलु, स्याउ**
- आ.व. २०७९/८० को कृषि वस्तुको जम्मा निर्यातः ५९ अर्ब ५४ करोड र आयातः २५५ अर्ब ५४ करोड
- कृषि क्षेत्रको आयात निर्यात अनुपातः ४.३ (कूल वैदेशिक व्यापारमा आयाता निर्यात अनुपात १०.२५)
- मुख्य निर्यात भइरहेको कृषि वस्तुहरूः **चिया, अदुवा, मह, पस्मिना, अलैंची, कफी**
- मुख्य आयात भइरहेको कृषि विस्तुहरूः धान/चामल, मकै, **भटमासको तेल, सूर्यमुखी तेल, पिना, चामल, आलु, स्याउ,**
- आ.व. २०७९/८० को कृषि वस्तुको जम्मा निर्यातः ५९ अर्ब ५४ करोड र आयातः २५५ अर्ब ५४ करोड
- कृषि क्षेत्रको आयात निर्यात अनुपातः ४.३ (कूल वैदेशिक व्यापारमा आयाता निर्यात अनुपात १०.२५)

## ५.४ कृषि क्षेत्रमा समन्वयात्मक निकायहरू



## ५.५ कृषि विभागको सङ्गठन संरचना




## ५.६ वैदेशिक स्रोतमा सञ्चालित आयोजनाहरू

### ५.६.१ चालू रहेका

१. रानी जमरा कुलरीया सिँचाइ आयोजना (RJKIP)-World Bank (१ जिल्ला)

२. पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना -ADB (५ प्रदेश)

### ५.६.२ तयारीको क्रममा रहेका

Irrigation Modernization Enhancement Project (IMEP)

Mechanized Irrigation Innovation Project (MIIP) – Rautahat and Sarlahi

## ५.७ प्रदेश र स्थानीय तहबाट कृषि सेवा प्रवाह

- प्रदेश मन्त्रालय अन्तर्गत
    - कृषि विकास निर्देशनालय,
    - प्रयोगशाला (बीउबिजन, माटो तथा मल परीक्षण, बाली संरक्षण),
    - फार्म केन्द्रहरू (बागवानी, बाली, कीट विकास केन्द्रहरू),
    - कृषि ज्ञान केन्द्र (जिल्लागत कार्यालयहरू)
- स्थानीय तहः कृषि विकास शाखा

## ५.७ नेपालमा कृषि प्राविधिक सेवा प्रदायकहरू

- तीनै तहका सरकारी निकायहरू
    - शैक्षिक

    - अनुसन्धान
    - प्रसार
- गैरसरकारी निकायहरू
- निजी क्षेत्र

## ५.८ कृषि प्राविधिक सेवा प्रदायकहरूबाट प्रदान गरिने सेवा

- प्रविधि प्रसार
- कृषि पूर्वाधार निर्माण
- पशु तथा बाली स्वास्थ्य सेवा
- बीमा तथा कृषि कर्जा सहजीकरण
- व्यवसाय तथा बजार प्रवध्दर्न
- प्रयोगशाला परीक्षण
- नियमन

## ५.९ सेवा प्रवाहको चुनौती

### ५.९.१ प्राथमिकतामा नपर्नु

- कृषि क्षेत्रको लागि न्यून बजेट बिनियोजन
- स्थानीय तहको प्राथमिकतामा नपर्नु

### ५.९.२ नीतिगत तथा कानूनी

- प्रदेश र स्थानीय तहमा कृषि क्षेत्रको लागि आवश्यक नीति, ऐन, नियमावली तर्जुमा भई नसकेको अवस्था
- तहगत सरकारको अधिकार क्षेत्र र कार्य जिम्मेवारी अझै स्पष्ट नभएको।

### ५.९.३ तथ्याङ्क व्यवस्थापन, प्रतिवेदन र समन्वय

- कृषि तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने प्रणाली व्यवस्थित नरहेको
- तहगत सरकार बीच समन्वय र सहकार्यको कमी

## ५.१० कृषि क्षेत्रका वर्तमान चुनौतीहरू

- भूमि सम्बन्धी

    -जग्गा खण्डीकरण
    -साना र टुक्रे जमिन
    -बाँझो जग्गा
- न्यून उत्पादकत्व

- कृषि वस्तुको बढ्दो आयात
- कमजोर प्रतिस्पर्धी क्षमता
- जलवायु परिवर्तनको प्रभाव
- श्रमशक्तिको अभाव
- सिँचाइको अपर्याप्तता
- गुणस्तरीय उत्पादन सामग्रीको अपर्याप्तता
- खानेबानीमा परिवर्तन
- तीन तहका सरकार बीचको समन्वय
- अन्तर निकायगत समन्वय

**आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनका लागि केहि संभावनाहरु**

| बालीहरु | समय र संभाव्य बजार |
|---|---|
| बन्दा | असार देखि कार्तिक सम्म (भारत) |
| काउली | असार देखि भाद्र सम्म (भारत) |
| मुला | श्रावण देखि भाद्र सम्म (भारत) |
| हरियो केराउ | असोज देखि चैत्र बैसख सम्म (भारत) |
| भेडे खुर्सानी | जेष्ठ दुखि असोज सम्म (भारत) |
| गोलभेडा | असार देखि भाद्र सम्म (भारत) |
| कागती | रिजाल टासी र सगरमाथा ईटहरी |
| अदुवा | निकासीका लागि उधोग स्थापना भैरहेका |
| बेसार | निकासीका लागि उधोग खोल्न सकिने |
| अकबरे खुर्सानी | धुलो बनाई जापान निकासी गर्न सकिने |

## ५.११ कृषि कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरू

- न्यून कार्यक्रम बजेट, प्राविधिक सेवाको सिमितता
- समान उद्देश्य भएका कृषि विकासका कार्यक्रम सञ्चालन गर्ने सङ्घ संस्थाहरूको कार्य सञ्चालनमा एकरूपताको कमी
- एउटै क्षेत्रमा कार्य गर्ने सरकारी र गैरसरकारी सङ्घ संस्थाहरूको क्रियाकलापमा रहेको दोहोरोपना
- कार्यक्रम सञ्चालकहरू बिच रहेको समन्वयको कमी
- कृषि विकास कार्यमा अभियानमूखी कार्यक्रमको कमी आदि

## ५.१२ विधमान समस्याको समाधानका लागि लिनु पर्ने कदमहरू

- प्राविधिकको क्षमता विकास
- उद्देश्य पूर्ति गर्नका लागि प्रयाप्त बजेट बिनियोजन हुनुपर्ने
- एउटै उद्देश्य पूरा गर्न कार्यरत सरकारी, गैरसरकारी र निजी क्षेत्रका बीचमा प्रर्याप्त समन्वय र सहकार्यका लागि सबैबाट पहल हुनुपर्ने
- सरकारी, गैरसरकारी र निजी क्षेत्रले एक्ला एक्लै हिडन कम गरेर सामूहिक लक्ष्य भेटाउन प्रयास बढाउनु पर्ने
- वर्षमा एउटा बालीमा वा समस्यालाई समाधान गर्ने अभियानमूखी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने (नयाँ बीउ बदल्ने, ब्लाष्ट नियन्त्रण, फलझर्ने समस्या, आलु बीउ उत्पादन, अम्लिसो क्षेत्र बिस्तार, अलैची रोग व्यवस्थापन आदि)

## ५.१३ कृषि विकासका लागि सरोकारवालाहरू बीच गरिएका प्रयासहरू तथा हुन सक्ने सहकार्यका क्षेत्रहरू

- सहकार्यका केही प्रयासहरू भएका छन् तर ती प्रयाप्त छैनन्।
- सरकारी र गैरसरकारी सङ्घ संस्थाहरूले एक अर्कालाई प्रतिस्पर्धी ठान्ने सोंचाइमा प्रयाप्त कमी आएको छैन।
- कार्यक्रममा निजी तथा सहकारी सङ्घ संस्थाहरूलाई प्रयाप्त मात्रामा सहभागी गराउन सकिएको छैन।
- साझा लक्ष्य भेटाउनका लागि हामी सबै एकै ठाउँमा उभिएर साझा अभियानमा लाग्न सक्छौं। यस्ता अभियानका लागि सहकार्यका सबै क्षेत्रहरू खुल्ला गरिनु पर्छ।


**सहकार्यका केही नमूनाहरू**

- NMC, Kakarbhitha
- Aarju Rice Mill, Morang
- Sagun Cooperatives Inaruwa, Sunsari
- महुरीको सामूहिक वन तथा पशुपालन
- मेची सहकारीको बीउ उत्पादन कार्यक्रम
- बेलहरा धनकुटाको गोलभेडा खेती

# ६. Role of INGOs/NGOs in Agri Sector in Nepal: श्री डाल प्रसाद पुडासैनी, व.कृषि अर्थ विज्ञ, विकास सहायता समन्वय शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## ६.१ प्रस्तुतिका मुख्य मुख्य बुँदाहरू

- सरकारको दीर्घकालीन दृष्टिकोण - "समृद्ध नेपाल, सुखी नेपाली":
  कृषि क्षेत्रलाई प्रमुख क्षेत्रको रूपमा राखिएको
- कृषि विकास रणनीति (२०१५-२०३५): कृषि विकास रणनीतिको पहिलो पाँच वर्षका सूचकाङ्कहरूमध्ये १६ मध्ये १२ लक्ष्य अनुसार अघि बढिरहेका छन्, जब कि बाँकी चार - अन्नबाली आत्मनिर्भरता, कृषि व्यापार, सिँचाइ क्षेत्र विकास, र प्रतिहेक्टर कृषि कूल गार्हस्थ उत्पादन (AGDP/ha) वृद्धिसँग सम्बन्धित सूचकाङ्कहरू पछि परिरहेका छन्।
- खाद्य र पोषण सुरक्षासँग सम्बन्धित सूचकाङ्कहरू सुधार हुँदै गइरहेका छन्, विश्व भोकमरी सूचकाङ्क (Global Hunger Index) को सूचकाङ्कमा पनि सुधार हुँदैछ — स्थिरता मुख्य कुरा हो।
- राष्ट्रिय विकास सहायता परिचालन नीति २०७६ सम्बन्धी व्यवस्था सम्बन्धी जानकारी




| Details | Import % | Export % |
|---|---|---|
| Average sharing (2073-2079) | 80.3 | 19.7 |
| Share % of FY 2079-80 | 81.8 | 18.2 |
| Im-Ex Compare with last year | -21.1 | -49.1 |

Source: Department of Custom 2080

## ६.२ नेपालमा गैर सरकारी संस्था


- इ.सं. १९२६ मा तुलसी मेहर श्रेष्ठद्वारा श्री चन्द कामधेनु चर्खा प्रचारक महागुठी स्थापना गरी गैर सरकारी संस्थाको औपचारिक रूपमा सञ्चालन गर्ने प्रक्रिया प्रारम्भ।
- वि.सं. २००९ मा नेपाल स्काउट, वि.सं. २०१० मा क्षयरोग निवारण संस्था, वि.सं. २०११ मारवाडी सेवा समिति, वि.सं. २०१५ रोटरी क्लव, २०१६ नेपाल परिवार नियोजन सङ्घ, २०२० मा नेपाल रेडक्रस सोसाइटी, २०२१ मा बाल सङ्गठन, २०२३ मा रक्त सञ्चार केन्द्र, २०२८ एस.ओ.एस. बालग्राम..........आदिको स्थापना।
- २०१६ सालमा संस्था रजिष्ट्रेसन ऐन, २०१८ सालमा राष्ट्रिय निर्देशन ऐन, २०३४ सालमा संस्था दर्ता ऐन, २०४९ सालमा समाज कल्याण ऐन र २०५५ सालमा स्थानीय स्वायत्त शासन ऐनको व्यवस्था भै गैर सरकारी संस्थाको कानूनी आधार तयार।

## ६.३ Social Welfare Council (SWC)

- Government of Nepal has established Social Welfare Council under Social Welfare Act, 2049 (1992) to provide for the Social Welfare by means of different activities relating to the social welfare work, to support the overall development of the country may operate the social welfare programme through the concerned Ministry and Social organizations and institutions.
- Ministry of Women, Children and Senior Citizen (MoWCSC): Lead ministry
- Line Ministries : MOALD, MOH, MOFE, MOHA and others
- MOALD is not included in the SWC structure.

## ६.४ Affiliation Process

- The agreements are of two-folds-
  - (i) General Agreement (GA)
  - (ii) Project Agreement (PA)




## ६.५ NGOs / INGOs Status

- Total NGOs: 51Thousandsplus and total Projects:18thousands++
- There are more than 200 INGOs funding in Nepal (185 in FY 2079/80)
- Around 40 arab (Nrs) support comes from non government sector annually
- They have covered 77 districts with different activities
- Investment in different sectors

FY- 2078-79
Projects on the basis of total budget
(Nrs. corod)

| Budget (in Nrs. corod) | Less 1 | 1-15 | 15-30 | 30-45 | 45-60 | 60-75 | 75-90 | More than 90 |
|---|---|---|---|---|---|---|---|---|

## ६.६ On the basis of project duration(in years)

- Total Project 98
- Three Years project are in Majority
- But, projects less than 1 years and 5 years are also near by

## ६.७ On the basis of thematic areas (in Numbers)

- Total Projects: 98
- Agriculture Projects – 8% only
- Dominated COVID response Projects (health) under “Others” category

## ६.८ Major focused areas in Agriculture/Livelihood sector

- Awareness,
- Nutrition
- Vegetable production
- Nursery management
- Goat/Chicken farming
- Kitchen gardening
- Processing/Marketing
- Small infrastructure like collection center and small irrigation
- Technical trainings
- Bio diversity and natural conservation
- Climate Smart Agriculture

## ६.९ Achievements/Strengths

- Social mobilization and Community development
- Income generation through agriculture activities & Livelihood improvement
- Balance diet and Nutrition
- Gender and social inclusion responsive
- Child rights and protection
- Informal education
- Health and sanitation
- Resource mobilization
- Coordination with Local Level
- Disaster response Awareness

## ६.१० Challenges

- Very limited target area with limited budget
- Scattered Area/Programme Activities
- Many partners (NGOs)
- Programme duplication
- Demand side vs Supply side
- Target vs. Achievement
- Procurement Policy and Procedure
- More Software than Hardware
- Issue of Ownership and sustainability

- Lack of coordination and collaboration among the I/NGOs
- Lack to collaboration with line Ministry and Departs/Field Offices
- Off budget- Off Treasury (Out of GOVT Track record)

## ६.११ Way forward

- Comprehensive Study of I/NGO involvement in agriculture sector
- Working together with community
- Transparency/Trust Building
- Linkage and coordination with three tires of Government
- Exit strategy and Handover (local government) - Sustainability

## ६.१२ Development Partners

Government Priority, Loan/Grant, Policy Based Lending, Bilateral, Multilateral and UN Agencies

### ६.१२.१ Agriculture activities carried out by various NGOs and INGOs in Nepal :

Swiss Contact Nepal, Good Neighbours International Nepal, World Education in Nepal, German Agency for International Cooperation (GIZ), Catholic Relief Center (CRS) Nepal, Heifer Project International,

### ६.१२.२ Handicap International Federation France, Care International Nepal, CIMMYT, Helen Keller International Nepal, International Water Management Institute (IWMI Nepal),

Center for Environmental and Agricultural Policy Research, Extension and Development (CEAPRED), Local Initiatives for Biodiversity, Research and Development (LI-BIRD), Sustainable Agriculture Developnment Program, Nepal (SADP), Rural Reconstructiion Nepal (RRN), Sappros Nepal,

### ६.१२.३ Agro Enterprise Center (AEC),

## ६.१३ छलफलमा उठेका विषय र सुझावहरू

छलफलमा उठेका विषय तथा सुझावहरू महत्त्वपूर्ण हुने हुँदा गत साल सञ्चालन भएको यस किसिमको गोष्ठीमा उठेका केही महत्त्वपूर्ण विषयहरू पनि यहाँ समावेश गरिएको छ।

- What is the certification sustem of Natural Farming promoted by Good Neighbour ?
- Chameleon senser help to determine the soil moisture used by IWMI
- Agrovet हरूले सबैभन्दा कडा विषादि दिने गरेको जानकारीमा आएको हुँदा नियमन आवश्यक
- Organic Certification लाई कसरी सहज बनाउने विचार गर्नुपर्ने।
- Plastic mulching को विषयलाई कसरी लैजाने ?

- Coordination mechanism  with NGOs and INGOs कस्तो हुने।
- NGOs and INGOs are doing well in the social movilization sector.
- Dissabled हरूलाई कृषि क्षेत्रमा कसरी address गर्न सकिन्छ विचार गर्नुपर्ने।
- NGOs and INGOs हरूबाट सञ्चालित project target, fund mechanisam, modality should be specific .
- Comprehensive study of I/NGOs involve in Agriculture is necessary.
- Exit strategies and handover of agriculrure project carried out by I/NGOs लाई पनि राम्रोसँग हेरिनु पर्ने।
- I/NGO द्वारा कृषि क्षेत्रमा विकास गरिएका असल अभ्यासहरूलाई कृषि विभागसँग समन्वय गरी कृषक माझ पुर्‍याउनु पर्ने।
- NGO/INGO विकास गरेका सफल स्टोरी तथा मोडेल राष्ट्रियस्तरमा लैजानु पर्ने।
- Agriculture project approval should be done from MoALD.
- सामाजिक सुरक्षा परिषद्मा कृषिका आयोजना छनौटको प्रक्रियामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रतिनिधित्व नदेखिएको हुँदा प्रतिनिधित्व हुनुपर्ने विशेष जोड दिनुभयो।
- कृषि र किसानका लागि काम गर्ने यति धेरै संध संस्था हुँदाहुँदै पनि हामी कतै न कतै चुकेको र कार्यमूलक समन्वय आवश्यक रहेको। Repeation and duplication same target group मा हुन नहुने।
- Swiss Contact caried out 6 different trial on Large Cardamum Drying technology .
- किसान वर्गीकरण systematic and scientific हुनपर्यो। जस्तै युरिय मल किन्दा साना किसानले र चौधरी ग्रूपले दिँदा एकै किसिमको मूल्य हुनुभएन।
- Absentism of Landlords को समस्यालाई कसरी समाधान गर्न सकिन्छ?
- Care Nepal ले तराईमा महिलाहरूलाई कसरी सशक्तीकरण गर्नको लागि गरेको प्रयास
  - पहिला उनीहरूलाई समूहमा आबद्ध गर्ने
  - Capacity building
  - Socioeconomic transformation
- Vouchers Card system developed by Care Nepal International
- Geo Krishi APP: Support of Project (Swiss Contact) and local government to promote the service of Private sector
- CIMMYT ले seed and fertilizer मा काम गरिरहेको।
  - Kernel Zinc enriched Maize is in the process of registration.
  - Nano Urea
  - Bricate Urea (Polimer coated urea): mostly use in tomato, colecrops, maize
  - Deep urea placement (block of about 10 granulete urea made by mechine) : Eg. १ चक्की युरिया गोलभेडामा राखिदियो भने १ season लाई थप युरिया दिइराखनु नपर्ने। यसलाई ४ इन्च टाढा ४ इन्च गहिरो गरी राख्नुपर्ने। यसो गर्दा ४८ प्रतिशत उत्पादन बढेको पाइएको।

- Good neighbours International ले प्रयोग गरिरहेको Natural farming and indigenous microorganism राम्रो परिणाम देखिएको।(जङ्गलमा बाँसको आधा कप्टेरोमा भातको डल्लोलाई बाँधेर माटोमा ३-५ दिनसम्म गाडेर राखे जसले गर्दा त्यहाँ Microorganism trap हुन्छ। त्यसपछि भातमा गुण र पानी राखेर १ हप्ता राख्दा multiplication हुन जान्छ। यसले कतिपय रोगलाई पनि नियन्त्रण गर्छ। पहिला ६ पटक विषादी छर्ने ठाउँमा अहिले १ पटक छर्दा हुने गरेको पाइएको।
- गैर सरकारी संस्थाहरूले तरकारी तथा अन्न बालीमा मात्र केन्द्रित नभएर फलफूलमा पनि काम गर्नुपर्ने।
- World Neoghbours ले दुर्गम क्षेत्रमा महिलाहरूलाई केन्द्रित गरेर काम गरिरहेको।
- Dry card for checking dryness of agriculture product used by Helenkeller International also found better.
- किसानको लागि काम गर्दा एकद्वार प्रणालीबाट जानुपर्ने।
- सरकारी तथा गैर सरकारी संस्थाहरू एउटै सामुदायका कृषकहरूका लागि काम गर्ने निकाय भएको हुँदा नियमनको पाटो देखि के के भइरहेको छ, कुन कार्यक्रम कहाँ tie up हुन सक्छ र कसरी कार्यक्रमहरूको प्रभावकारिता बढाउन सकिन्छ भन्ने विषयलाई जोड्न कृषि विभागले Project Forum create गरिदिनुपर्ने।
- गैर सरकारी संस्थाहरूले सामाजिक परिचालनमा राम्रो काम गरेको हुँदा यसलाई सरकारी क्षेत्रसँग जोड्ने काम गर्नुपर्ने।
- कृषि तथ्याङ्क/सूचना सम्बन्धी कार्य एकदमै कम भएका छन्। महत्त्वपूर्ण घटना तथा कार्यहरू लिपिबद्ध गर्नुपर्छ। यसको व्यवस्थापनमा लगानी गर्नु आवश्यक रहेको।
- NGO हरूले सधैं अरूबाट मात्रै fund नखोजी आँफै पनि fund create गर्नुपर्ने, business oriented भन्दा पनि service oriented हुनुपर्ने।
- Chimney solar drier is seen well than cabinet solar drier in order to prevent post-harvest loss of agriculture product. Likewise women friendly millet thresher, maize thresher, Yam cultivation in sac promoted by Li-BIRD is also seen as successful programme.
- लट्टे खेतीलाई बढवा दिनुपर्ने।
- अलैंची खेतीमा पुराना भट्टी भन्दा इलेक्ट्रिक ड्रायरमा जानु राम्रो हुने देखिएको।
- व्यावसायिक कृषिमा लाग्न निजी क्षेत्रलाई बढवा दिनुपर्ने, निजी सेवा प्रदाकमा क्षमता विकासमा लगानी गर्न आवश्यक रहेको।
- आत्मनिर्भरताको धेरै कुराहरू उठेपनि सरकारी होस वा गैरसरकारी क्षेत्रबाट प्रयाप्त ठोस नीतिगत व्यवस्था हुन नसकेको अवस्था।
- NGO/INGO बाट अदुवा, अलैंची, स्रोत बीउ व्यवस्थापन, agro ecological farming, soil health, Agrobiodiversity conservation, Natural farming, climate resilient farming, non-chemical pest management, pesticide awareness program, food safety and safe food , crop insurance, climate smart agriculture, digital agriculture, learning center आदि जस्ता क्षेत्रमा जस्ता विषयमा धेरै काम गर्न बाँकी रहेकोले सरकारी तथा गैरसरकरी दुवै क्षेत्रबाट यसमा काम गर्नुपर्ने।

## ६.१४ समग्र कार्यक्रम तथा गोष्ठीको सारांश

मिति २०८१ मंसिर २४ र २५ गते कृषि विभागको सभाहलमा कृषि विभागका नि. महानिर्देशक राजेन्द्र कोइरालाको अध्यक्षता, कृषि तथा पशपन्छी विकास मन्त्रालयका पशुपन्छी विकासतर्फका सचिव डा. राजेन्द्र प्रसाद मिश्रको प्रमुख आतिथ्यको विशेष आतिथ्यमा कृषि क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट सञ्चालित कृषि प्रविधि विकास एवम् विस्तार सम्बन्धी समीक्षा गोष्ठी कार्यक्रम सम्पन्न भयो।

दुई दिनको उक्त गोष्ठीको पहिलो दिन उद्घाटन सत्र र प्राविधिक सत्र गरी दुई चरणमा विभाजन गरिएको थियो। उद्घाटन सत्रमा कृषि विभागका वरिष्ठ कृषि प्रसार अधिकृत राम सोगारथ शाहले नेपालको कृषि क्षेत्रको वर्तमान वस्तुस्थिति, कृषि उपजहरूको उत्पादन र उत्पादकत्वको अवस्था, कृषि क्षेत्रसँग सम्बन्धित सरकारी निकायहरूको संरचनात्मक अवस्था तथा कृषि सेवा प्रवाहको वर्तमान स्थितिबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने कृषि मन्त्रालयबाट वरिष्ठ कृषि अर्थ विज्ञ श्री डाल प्रसाद पुडासैनीले कृषि क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको भूमिकाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। त्यसै गरी यस सत्रमा Swiss Contact र CEAPRED बाट पनि आ-आफ्ना संस्थाहरूको गतिविधि, कार्यक्रम र प्रगतिबारे पस्तुति भएको थियो।

प्राविधिक सत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू र कृषि उद्यम केन्द्रबाट आ-आफ्ना संस्थाहरूको गतिविधि, कार्यक्रम र प्रगतिबारे ७ वटा कार्यपत्र प्रस्तुति भएको थियो। यसरी नै दोस्रो दिनमा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट ७ वटा कार्यपत्र प्रस्तुतिको साथसाथै बीचबीचमा छलफल कार्यक्रम पनि एकदमै सक्रियताका साथ सम्पन्न भएको थियो। पहिलो दिनको उद्घाटन सत्रमा कार्यक्रमका प्रमुख अतिथि एवम् कृषि तथा पशपन्छी विकास मन्त्रालय पशुपन्छी विकासतर्फका सचिव डा. राजेन्द्र प्रसाद मिश्रले मन्तव्य तथा निर्देशन दिनुभएको थियो। यसै क्रममा उहाँले कार्यक्रम निकै सान्दर्भिक विषय रहेको, कृषि विकासको यात्रामा धेरै हिड्यौ अब सँगै हिडौं भन्दै कृषि विकासको लागि बजेटको कमी भन्ने भन्दा पनि खर्च गर्ने क्षमता बढाउनुपर्ने, सरकारको प्राथमिकताभित्र रहेर गैर सरकारी संस्थाहरूले Agro ecological farming, Soil health, Plant health, Agrobiodiversity conservation, Natural farming, Climate resilient farming, Food safety and safe food production, Crop insurance, रैथाने बाली, व्यावसायिक कृषि, गाउँ शहर जोड्ने कार्यक्रम, निर्यात प्रवर्द्धन, खाद्य प्रणालीमा परिवर्तन, उत्पादनलाई उद्यमसँग जोढ्ने विषयमा result driven and output oriented भएर काम गर्न र गैरसरकारी संस्थाहरूले कृषिको क्षेत्रमा ADS ले प्राथमिकतामा राखेका Thematic Areas लाई समेत Specialization गरी आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखेर काम गर्न निर्देशन दिनुभएको थियो। यसरी नै उहाँले सरकारी तथा गैरसकारी संस्थालाई जोड्ने समन्वयको संयन्त्र निर्माण गरेर अघि बढ्नुपर्नेमा विषेश जोड दिनुभयो।

पहिलो दिनको समापन सत्रका अध्यक्ष एवम् पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रका प्रमुख टीकाराम शर्माले सरकार नपुगेको कतिपय ठाउँमा I/NGO हरूले काम गरिरहेको उल्लेख गर्दै उहाँले Value chain development लगायत भण्डारण सुविधामा पनि गैर सरकारी क्षेत्रबाट पहल आवश्यक रहेको बताउनु भयो।

कार्यक्रममा दोस्रो दिनको अन्यतिर मन्तव्यको क्रममा कृषि विकास कार्यालय, ललितपुरका प्रमुख तेज प्रसाद दवाडीले कृषि विकासको लागि सबै संस्थाहरूले आ-आफ्नो ठाउँबाट पहल गर्नुपर्ने र गैर सरकारी संस्थाहरू funding resource formal channel मा ल्याउनुपर्नेमा विशेष जोड दिनुभयो।

कार्यक्रमको अन्त्यमा कृषि विभागका नि.महानिर्देशक एवम् दोस्रो दिनको कार्यक्रमका अध्यक्ष राजेन्द्र कोइरालाले गैर सरकारी संस्थाहरूको Project Target, Funing and Working Modality specific हुनुपर्ने तथा गैर सरकारी संस्थाहरू र नेपाल सरकार बीच समन्वयको ढाँचा O&M मार्फत तय गर्नुपर्नेमा पनि जोड दिनुभयो। यस किसिमको sharing and learning program को कारण एउटा संस्थाको output अर्को संस्थाको लागि राम्रो input हुन सक्ने हुँदा यस किसिमको फोरम अत्यन्तै महत्त्वपूर्ण रहेको भन्दै सबै जनाले एकदमै राम्रो प्रस्तुति गर्नुभएको र छलफलमा पनि उत्तिकै सक्रियताका साथ सहभागी भएको भन्दै सहभागी सबैलाई धन्यवाद दिँदै आगामी दिनमा पनि यस्तै समन्वयात्मक कार्यक्रम आवश्यक रहेको बताउनु भयो।

## ६.१५ अन्त्यमा यस गोष्ठीले निम्न बमोजिमका विषयलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिएको छ।

- I/NGO हरूले स्वास्थ्य क्षेत्रमा जस्तै कृषि क्षेत्रमा पनि कृषिसँग सम्बन्धित आयोजना सञ्चालन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयको approval लिनुपर्ने व्यवस्था हुन आवश्यक रहेको जसले गर्दा आयोजना तथा कार्यक्रमहरूको अनुगमन भई कृषि क्षेत्रमा के कस्ता आयोजना तथा कार्यक्रमहरू कहाँबाट सञ्चालित छन् भन्ने जानकारी हुने र प्रविधि विस्तारमा पनि टेवा पुग्ने विषयमा जोड दिइएको छ।
- गैरसरकारी संस्थाहरूले कृषिको क्षेत्रमा ADS ले प्राथामिकतामा राखेका Thematic Areas लाई समेत Specialization गरेर आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखेर काम गर्नुपर्ने।
- Authenticity and sustainability of information in ICT in Agriculture मा सरकारले केही निर्देशिका तथा संयन्त्र बनाउन आवश्यक रहेको। Information sharing mechanism को सन्दर्भमा कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवनको पोर्टलमा राख्ने जिम्मा दिएको हुँदा INGO बाट विकास गरिएका विषयहरू कृषि सूचना तथा प्रशिक्षण केन्द्रसँग समन्वय गरी सेयर गर्न सकिने।
- जनस्तरमा कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहसँग समन्वय गरेर मात्र काम गर्नुपर्ने।
- Ownership and sustainability is the major challenging issue of INGOs project in Nepal.
- Duplication in process and standard of role of I/NGOS : should be noted and try to manage it.

# २. विश्व माटो दिवस २०२४/२०८१ कार्यक्रमको प्रतिवेदन

## कार्यक्रमको प्रतिवेदन

### १. कार्यक्रमको उद्देश्य

विश्व माटो दिवस २०२४ कार्यक्रम सञ्चालन गरी आम जनमानसमा स्वस्थ माटोबारे चेतना जगाउन र माटोको स्वस्थता कायम गरी योगदान पुर्‍याउने महानुभावहरूलाई पुरस्कृत र सम्मान गर्ने।

### २. कार्यक्रम गरिएको स्थान र मिति

कृषि विभाग, हरिहरभवन, ललितपुर, बागमती प्रदेश, २०८१/०८/२०।

### ३. कार्यक्रममा उपस्थित पदाधिकारीहरू

मिति २०८१ साल मङ्सिर २० गते बिहिबारका दिन श्री कृषि विभाग, हरिहरभवन, ललितपुरमा कृषि विभागका निमित्त महानिर्देशक ई. जगन्नाथ तिवारीको अध्यक्षता र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान् सचिव डा. गोविन्द प्रसाद शर्माको प्रमुख आतिथ्यतामा "विश्व माटो दिवस २०२४ को मूल समारोह कार्यक्रम" तपसिलको उपस्थितिमा सञ्चालन गरियो।

क) डा. गोविन्द प्रसाद शर्मा, सचिव, कृ.प.वि.म., सिंहदरबार
ख) ई. जगन्नाथ तिवारी, नि. महानिर्देशक, कृषि विभाग, हरिहरभवन
ग) डा. दोज राज खनाल, कार्यकारी निर्देशक, NARC
घ) डा. हरि बहादुर के. सी., सहसचिव, कृ.प.वि.म., सिंहदरबार
ङ) डा. शान्ता कार्की, प्रमुख, केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन
च) श्री अरुण काफ्ले, आयोजना निर्देशक, FANSEP, हरिहरभवन
छ) श्री श्रवण कुमार, सहायक प्रतिनिधि, FAO-Nepal
ज) श्री बैकुण्ठ अधिकारी, आयोजना निर्देशक, PMAMP, खुमलटार
झ) कृषि विभाग अन्तर्गतका केन्द्र प्रमुखहरू
ञ) अन्य कार्यालयका प्रमुखहरू
ट) कृषि विभाग परिवार
अन्य आमन्त्रित सहभागीहरू। (जम्मा उपस्थित सङ्ख्या- १९०+)

### ४. प्रस्तुतीकरणः तथा अन्य क्रियाकलापहरू

क) विषयः Status,Opportunities and Challenges of Sustainable Soil Management in Nepal (नेपालमा दीगो माटो व्यवस्थापनको अवस्था, अवसर र चुनौती) - डा. चन्द्र प्रसाद रिसाल, (ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आयोजना निर्देशक)

**हालसम्मका विभिन्न माटो दिवसका नाराहरू**

- 1st WSD 2014 "Soils, a solid ground for life."
- 2nd WSD 2015 "Healthy Soils for a Healthy Life."
- 3rd WSD 2016 "Soils & Pulses: Symbiosis for Life."
- 4th WSD 2017 "Caring for the soils starts from the ground."
- 5th WSD 2018 "Be the solution to soil pollution".
- 6th WSD 2019 "Stop soil erosion, Save our future".
- 7th WSD 2020 "Keep soil alive, protect soil biodiversity."
- 8th WSD 2021 "Halt soil acidification, boost soil productivity."
- 9th WSD 2022 "Soils: Where food begins."
- 10th WSD 2023 "Soil and Water: A Source of Life."
- 11th WSD 2024 "Care for soils: Measure, Monitor, Manage."
- **S**urface of earth that contains **O**rganic Matter (from plant and animal origin), **I**norganic Matter (from rocks as parent material), and **L**iving things as a part of it is knowm as soil. एक ईन्च सतहको माटो बन्न एक हजार वर्ष समय लाग्दछ।

**What Soil Does**

Healthy soil gives us clean water, good crops and forests, productive land, diverse wildlife, and beautiful landscapes. Soil does all this by performing five essential functions:

- Regulating water.
- Filtering potential pollutants.
- Cycling nutrients.
- Supporting plants.
- Supplies nutrients to plants.

**केही तथ्यहरू**

- Soil holds three times as much carbon as the atmosphere and can help us meet the challenges of a changing climate. वातावरणको भन्दा तीन गुणा बढी कार्वन माटोले धारण गर्न सक्दछ। यसले बढ्दो $CO_2$ उत्सर्जन घटाई वातावरण परिवर्तनका असर कम गर्न मद्दत गर्दछ।
- 95% of our food comes from soil. हाम्रो खानाको ९५ प्रतिशत हिस्सा माटोबाट प्राप्त हुन्छ।
- 815 million people are food insecure and 2 billion people are nutritionally insecure, but we can mitigate this through soil. विश्वमा ८१ करोड मानिस खाद्य असुरक्षित छन् भने २ अर्व जनसङ्ख्या कुपोषित छन्।

- 33% of global soils are already degraded. विश्वमा खेती योग्य माटोको ३३ प्रतिशत माटो बिग्रिसकेको छ।

दीगो माटो व्यवस्थापन माटोको स्वास्थ्य अवस्था बिग्रन नदिई अथवा भएको अवस्थामा सुधार गरेर एक पुस्ता बाट अर्को पुस्ता लाई माटो हस्तान्तरण हुने गरी माटोको भौतिक रासायनिक तथा जैविक गुणहरूको व्यवस्थापन गर्नु नै दीगो माटो व्यवस्थापन हो।

**SSM is necessary to meet global challenges, and international commitments**

- 2030 Agenda for Sustainable Development Goal (SDG),
- Zero Hunger Challenge
- Climate change adaptation and mitigation, COP21,
- Commitment to combat desertification COP12;
- Aichi targets to preserve biodiversity and ecosystem services;

**7 out of 17 SDGs are linked with SSM**

- SDG 1: No Poverty
- SDG 2: Zero Hunger
- SDG 6: Clean water & Sanitation
- SDG 12: Responsible production
- SDG 13: Climate Action
- SDG 14: Life Below water
- SDG 15: Life on Land

**Guidelines for sustainable soil management**

- Minimize soil erosion
- Enhance soil organic matter content
- Foster soil nutrient balance and cycles
- Prevent and minimize soil salinization and alkalization
- Prevent and minimize soil contamination
- Prevent and minimize soil acidification
- Preserve and enhance soil biodiversity
- Minimize soil sealing
- Prevent and mitigate soil compaction
- Improve soil water management
- Organic farming increase long-term soil fertility.

- control pests and diseases without harming the environment.
- ensure that water stays clean and safe.
- use resources which the farmer already has, so the farmer needs less money to buy farm inputs.
- produce nutritious and healthy food, feed for animals and high quality crops to sell at a good price.

**Challenges**

- Low yield potential
- Supply Plat nutrient in harmony with crop demand
- Slow response of organic fertilizer
- Chances of nutrient loss from organic fertilizer in time of low crop demand
- Required in large quantity
- Labour intensive

**दीगो माटो व्यवस्थापनका लागि**

- प्राङ्गारिक मल र रासायनिक मल एक अर्काका परिपूरक हुन
- आवश्यक मात्रामा दुवै मलको समुचित प्रयोगबाट दीगो रूपमा माटोको उर्वराशक्ति व्यवस्थापन गर्न सकिन्छ

**Way Forward:**

- माटो परीक्षण कार्यक्रम प्रवर्द्धन
- प्रयोगशाला सेवा बिस्तार
- प्रयोगशालाको क्षमता विकास तथा प्राविधिकको दक्षता वृद्धि
- IPNS तालीम तथा प्रविधि विस्तार कार्यक्रम
- प्राङ्गारिक मल प्रवर्द्धन कार्यक्रम
- गोठ, भकारो तथा गोठेमल सुधार कार्यक्रम
- एक घर एक कम्पोष्ट खाडल कार्यक्रम
- गड्यौले मल उत्पादन प्रविधि विस्तार
- जिवाणु मल तथा हरियो मलको प्रवर्द्धन
- Soil Health Card को व्यवस्था विस्तार
- माटोको OM गुणस्तर सुधारमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन

**ख) अन्य कार्यक्रमहरू**

- FAO-Nepal को समन्वयमा यस वर्षको नारामा केन्द्रित रही Tiktok video competition प्रतियोगिता गरियो।
- मिति २०८१/०८/१७ (2nd Dec 2024) कृषि विभागमा पत्रकार सम्मेलन गरेर जनस्तरमा सचेतना जगाउने कार्यक्रम गरियोर।

- मिति २०८१/०८/१७-१८ मा केन्द्रीय कृषि प्रयोगशालाद्वारा धादिङमा माटो परीक्षण शिविर सञ्चालन।
- मिति २०८१/०८/१८ मा कृषि सूचना तथा प्रशिक्षण केन्द्रमा विश्व माटो दिवस केन्द्रित TV Talk Program तयार गरी मिति २०८१/०८/२० गते बिहान ८:२५ मा नेपाल टेलिभिजनबाट प्रसारण गरियो। TV Talk Program मा विज्ञहरू डा. भव त्रिपाठी (Retired Scientist), डा. चन्द्र रिसाल (प्रमुख माटो विज्ञ) र डा. श्री प्रसाद विष्ट (वरिष्ठ वैज्ञानिक एवम् प्रमुख, राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, नार्क) सहभागी हुनुभयो।
- मिति २०८१/०८/१९ मा राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार र Practical Action द्वारा माटोको महत्त्व सम्बन्धी conference सञ्चालन।
- मिति २०८१/०८/२० गते आम जनमानसमा जनचेतना जगाउन विहान ८ बजे देखि ९ बजेसम्म प्रभातफेरी (हरिहरभवन-जावलाखेल-हरिहरभवन) कार्यक्रमको आयोजना गरियो।
- मिति २०८१/०८/२० बिहान ९:०० बजे देखि ११:०० बजेसम्मको मूल कार्यक्रममा कार्यपत्र प्रस्तुतीकरण र Tiktok video competition/प्रतियोगिताबाट छनौट भएका तीन उत्कृष्ट प्रतियोगी साथै २ जना उत्कृष्ट कृषक (माटो व्यवस्थापक) लाई पनि छनौट गरी पुरस्कार तथा प्रमाणपत्रबाट सम्मानित गरियो।

# ३. मल निरीक्षक तालिमको प्रतिवेदन




**मितिः २०८१/०९/१७**

## १. तालिमको उद्देश्य

सहभागी कृषि अधिकृतहरूलाई मल निरीक्षक सम्बन्धी ज्ञान प्रदान गरी मल निरीक्षक रूपमा तयार गरी मल सम्बन्धी अनुगमन, निरीक्षण तथा मलको गुणस्तर यकिन सम्बन्धी कार्य गर्न अधिकार दिने। मल नियन्त्रण आदेश, २०५५ को अधिनमा रही कानूनी प्रक्रियामा पनि कदम चाल्न सक्ने।

## २. कार्यक्रम गरिएको स्थान र मिति

कृषि विभागको सभाहल, हरिहरभवन, ललितपुर, बागमती प्रदेश, २०८१/०९/०८ देखि २०८१/०९/१२ सम्म।

## ३. कार्यक्रममा उपस्थित पदाधिकारीहरू

मिति २०८१ साल पौष ८ गते सोमबारका दिन कृषि विभाग, हरिहरभवन, ललितपुरमा कृषि विभागका महानिर्देशक प्रकाश कुमार सन्जेलको अध्यक्षतामा पाँच दिने **'मल निरीक्षक तालिम'** उद्घाटन सम्पन्न गरियो।

## ४. तालिममा सहभागी भएका प्रशिक्षार्थीहरूको विवरण

| क्र.सं. | नाम | पद | कार्यालय | प्रदेश |
|---|---|---|---|---|
| १ | राम सुरत पाल | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि ज्ञान केन्द्र, कपिलवस्तु | लुम्बिनी प्रदेश |
| २ | नविन गैरे | कृषि प्राविधिक अधिकृत | कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.) | लुम्बिनी प्रदेश |
| ३ | किरण विश्वकर्मा | बागवानी विकास अधिकृत | कृषि ज्ञान केन्द्र, सिरहा | मधेश प्रदेश |
| ४ | स्मृती झा | बाली विकास अधिकृत | कृषि ज्ञान केन्द्र, सप्तरी | मधेश प्रदेश |
| ५ | सिमा कार्की | बागवानी विकास अधिकृत | कृषि ज्ञान केन्द्र, सर्लाही | मधेश प्रदेश |
| ६ | महेश कुमार चौधरी | सहायक कृषि प्रसार अधिकृत | कृषि ज्ञान केन्द्र, पाँचथर | कोशी प्रदेश |
| ७ | सरोज राई | सहायक बाली संरक्षण अधिकृत | कृषि ज्ञान केन्द्र, संखुवासभा | कोशी प्रदेश |
| ८ | करिश्मा भुसाल | माटो विज्ञ | माटो तथा मल परीक्षण प्रयोगशाला, पोखरा | गण्डकी प्रदेश |
| ९ | विवेक पौडेल | कृषि प्रसार अधिकृत | कृषि ज्ञान केन्द्र, गोरखा | गण्डकी प्रदेश |
| १० | प्रतिभा शर्मा | कृषि अर्थ विज्ञ | कृषि ज्ञान केन्द्र, बागलुङ | गण्डकी प्रदेश |
| ११ | तारा बराल | कृषि अर्थ विज्ञ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुर्खेत | कर्णाली प्रदेश |
| १२ | मोहन आचार्य | माटो विज्ञ | एकीकृत कृषि प्रयोगशाला, सुर्खेत | कर्णाली प्रदेश |
| १३ | उषा अधिकारी | बाली संरक्षण अधिकृत | एकीकृत कृषि प्रयोगशाला, सुर्खेत | कर्णाली प्रदेश |
| १४ | राजु ढकाल | माटो विज्ञ | केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन | |
| १५ | सालु महर्जन | माटो विज्ञ | केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन | |
| १६ | महेश तिमिल्सिना | बाली संरक्षण अधिकृत | केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन | |
| १७ | रजनिश मिश्र | माटो विज्ञ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं | |
| १८ | मीना कंडेल | कृषि अर्थ विज्ञ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं | |
| १९ | झरना पन्थी | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेटौंडा | बागमती प्रदेश |
| २० | प्रबिन गिरी | बाली विकास अधिकृत | बाली विकास अधिकृत, कृषि विकास कार्यालय, नुवाकोट | बागमती प्रदेश |
| २१ | गीता पुन | कृषि प्रसार अधिकृत | कृषि विकास कार्यालय, रामेछाप | बागमती प्रदेश |

| क्र.सं. | नाम | पद | कार्यालय | प्रदेश |
|---|---|---|---|---|
| २२ | सम्झना लामिछाने भुसाल | बाली विकास अधिकृत | कृषि विभाग | |
| २३ | चण्डिका लामा | कृषि अर्थ विज्ञ | कृषि विभाग | |

## ५. तालिमको तालिका

तलको तालिका यस विभागको स्वीकृत समग्र कृषि प्रसार कार्यक्रम २०८१ तथा कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवनको स्वीकृत कृषि तथा पशुपन्छी तालिम पाठ्यक्रमको अनुसार तयार पारिएको हो।

तालिकामा १५ वटा कक्षा (१३ वटा सैद्धान्तिक कक्षा र २ वटा व्यवहारिक कक्षा) रहेको थियो। तलको टेबलमा विषय तथा प्रशिक्षकहरूको विवरण विस्तृत रूपमा रहेको छ।

| मिति | विषयवस्तु/समय | | | | |
|---|---|---|---|---|---|
| | ९:३०-१०:०० | १०:००-११:४५ | ११:४५-१:३० | १:३०-२:०० | २:००-४:०० |
| ०९/०८ | **रजिष्ट्रेशन, तालिम उद्घाटन सत्र, Pre-training assessment** | राष्ट्रिय मल नीति २०५८ नेपालमा मलको नीतिगत व्यवस्था, तालमेलको अवस्था र कार्यान्वयनको अवस्था, समस्या तथा चुनौतीहरू (रासायनिक मल उत्पादनका सम्भावना तथा रणनीति)- **डा. राम कृष्ण श्रेष्ठ** | नेपालको माटोको उर्वराशक्तिको वर्तमान अवस्था/ माटोको उर्वराशक्तिको परिचय, ह्रासका कारणहरू, कायम गर्ने उपायहरू - **डा. श्री प्रसाद विष्ट** | खाजा | रासायनिक मलका प्रकारहरू र यिनमा मिसावटका सम्भावित स्रोतहरू, रसायनिक मलमा हुने मिसावटको पहिचान विधिहरू - **श्री किरण मास्के** |
| ०९/०९ | पहिलो दिनको wrap up | प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि २०६८, प्राङ्गारिक तथा जैविक मल निर्देशिका २०७८- **श्री बलराम रिजाल** | नेपालमा प्रचलनमा रहेका विभिन्न प्रकारका रसायनिक मलहरूको स्पेसिफिकेशन – **श्री बलराम रिजाल** | खाजा | बाली बिरुवाका आवश्यक तत्त्वहरू, स्रोत, खाद्यतत्त्व कमीका प्रमुख लक्षणहरू, एकीकृत खाद्यतत्त्व व्यस्थापन - **डा. सविना देवकोटा** |
| ०९/१० | दोस्रो दिनको wrap up | रासायनिक मल नियन्त्रण आदेश २०५५, र मल निरीक्षकको काम, कर्तव्य र अधिकार - **श्री अनुमा भट्टराई** | रासायनिक तथा प्राङ्गारिक मलको दर्ता प्रक्रिया - **श्री अनुमा भट्टराई** | खाजा | रासायनिक मल निरीक्षकले मल निरीक्षण, तहकिकात तथा मुद्धा अभियोजन गर्दा अपनाउनु पर्ने कानूनी प्रक्रिया - **श्री रघु गौतम** |

| मिति | विषयवस्तु/समय | | | | |
|---|---|---|---|---|---|
| | ९:३०-१०:०० | १०:००-११:४५ | ११:४५-१:३० | १:३०-२:०० | २:००-४:०० |
| ०९/११ | तेस्रो दिनको wrap up | मलको नमूना लिने तरिका र विश्लेषणको लागि पठाउँदा अपनाउनु पर्ने सावधानीहरू<br>- **श्री किरण मास्के** | रासायनिक मलको नमूना सङ्कलन गर्ने बारे व्यवहारिक कक्षा<br>- **श्री किरण मास्के** | खाजा | रसायनिक तथा प्राङ्गारिक मलको भण्डारण अवलोकन |
| ०९/१२ | चौथो दिनको wrap up | प्राङ्गारिक प्रवर्द्धनमा भएका प्रयासहरू तथा प्राङ्गारिक मल उत्पादन, आयात र वितरणको अवस्था<br>- **श्री याम कु. श्रेष्ठ** | अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७<br>- **श्री मुकुन्द भुसाल** | खाजा | रासायनिक मलको आयाम, अनुदान तथा मूल्य निर्धारण सम्बन्धी व्यवस्था, आपूर्ति, वितरण व्यवस्था तथा वितरण सम्बन्धी प्रमुख समस्याहरू<br>- **श्री कृषि सामग्री कम्पनी**<br>**Post Training assessment**<br>**तालिम समापन** |

## ६. प्रशिक्षकहरूको विवरण

| क्र. सं. | नाम | पद | कार्यालय | कक्षा सङ्ख्या |
|---|---|---|---|---|
| १ | डा. रामकृष्ण श्रेष्ठ | सह-सचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार | १ |
| २ | डा. श्री प्रसाद विष्ट | प्रमुख | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | १ |
| ३ | श्री किरण हरि मास्के | Retired Senior Soil Scientist (Fertilizer Analyst) | केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन | २ |
| ४ | श्री बलराम रिजाल | वरिष्ठ माटो विज्ञ | बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल | २ |
| ५ | डा. सविना देवकोटा | वैज्ञानिक | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | १ |
| ६ | श्री अनुमा भट्टराई | कृषि प्रसार अधिकृत | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार | २ |
| ७ | श्री रञ्जु गौतम | उप-सचिव | कानून शाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार | १ |
| ८ | श्री याम कुमारी श्रेष्ठ | वरिष्ठ बागवानी विकास अधिकृत | माटो व्यवस्थापन शाखा, कृषि विभाग | १ |
| ९ | श्री मुकुन्द भुसाल | उप-सचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार | १ |
| १० | श्री विष्णु प्रसाद पोखेल | Managing Director | कृषि सामग्री कम्पनी लिमिटेड | १ |

| क्र. सं. | नाम | पद | कार्यालय | कक्षा सङ्ख्या |
|---|---|---|---|---|
| ११ | श्री किरण हरि मास्के<br>श्री पुण्य प्रसाद घिमिरे<br>श्री रिकिसी कम्पोष्ट प्रा लि | Retired Senior Soil Scientist<br>शाखा अधिकृत<br>प्राङगारिक मल उत्पादन | केन्द्रीय कृषि प्रयोगशाला<br>कृषि सामग्री कम्पनी लिमिटेड | व्यवहारिक कक्षा (२) |

## ७. कार्यपत्रहरू

क. विषयः राष्ट्रिय मल नीति २०५८, नेपालमा मलको नीतिगत व्यवस्था, तालमेलको अवस्था र कार्यान्वयनको अवस्था, समस्या तथा चुनौतीहरू (रासायनिक मल उत्पादनका सम्भावना तथा रणनीति) - **डा. राम कृष्ण श्रेष्ठ, प्रमुख, कृषि विकास महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार।**

ख. विषयः नेपालको माटोको उर्वराशक्तिको वर्तमान अवस्था/माटोको उर्वराशक्तिको परिचय, ह्रासका कारणहरू, कायम गर्ने उपायहरू - **डा. श्री प्रसाद विष्ट**

ग. विषयः रासायनिक मलका प्रकारहरू र यिनमा मिसावटका सम्भावित स्रोतहरू, रसायनिक मलमा हुने मिसावटको पहिचान विधिहरू - **श्री किरण मास्के**

घ. विषयः प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि २०६८, प्राङ्गारिक तथा जैविक मल निर्देशिका २०७८ **श्री बलराम रिजाल**

ङ. विषयः नेपालमा प्रचलनमा रहेका विभिन्न प्रकारका रसायनिक मलहरूको स्पेसिफिकेशन – **श्री बलराम रिजाल**

च. विषयः बाली बिरुवाका आवश्यक तत्त्वहरू, स्रोत, खाद्यतत्त्व कमीका प्रमुख लक्षणहरू, एकीकृत खाद्यतत्त्व व्यस्थापन - **डा. सविना देवकोटा**

छ. विषयः रासायनिक मल नियन्त्रण आदेश २०५५, र मल निरीक्षकको काम, कर्तव्य र अधिकार - **श्री अनुमा भट्टराई**

ज. विषयः रासायनिक तथा प्राङ्गारिक मलको दर्ता प्रक्रिया - **श्री अनुमा भट्टराई**

झ. विषयः रासायनिक मल निरीक्षकले मल निरीक्षण, तहकिकात तथा मुद्धा अभियोजन गर्दा अपनाउनु पर्ने कानूनी प्रक्रिया - **श्री रञ्जु गौतम**

य. विषयः मलको नमूना लिने तरिका र विश्लेषणको लागि पठाउँदा अपनाउनु पर्ने सावधानीहरू - **श्री किरण मास्के**

ट. विषयः अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ - **श्री मुकुन्द भुसाल**

ठ. विषयः रासायनिक मलको आयाम, अनुदान तथा मूल्य निर्धारण सम्बन्धी व्यवस्था, आपूर्ति, वितरण व्यवस्था तथा वितरण सम्बन्धी प्रमुख समस्याहरू - **श्री विष्णु प्रसाद पोखेल**

ड. विषयः प्राङ्गारिक प्रवर्द्धनमा भएका प्रयासहरू तथा प्राङ्गारिक मल उत्पादन, आयात र वितरणको अवस्था - **श्री याम कु. श्रेष्ठ**

## ८. व्यवहारिक कक्षाहरू

- **रासायनिक मलको नमूना लिने तरिका**
  श्री किरण हरि मास्के सरले कृषि सामग्री कम्पनी लिमिटेडको भण्डारण कोठामा रासायनिक मलको नमूना लिने तरिका सम्बन्धी जानकारी दिनुभयो।
- **रासायनिक तथा प्राङ्गारिक मलको भण्डारणको अवलोकन**का लागि कृषि सामग्री कम्पनी लिमिटेड, कुलेश्वर र रिकिशी कम्पोष्ट प्रा.लि., ठिमी गएका थियौं।

## ९. Pre-Training and Post-Training questionnaire र मूल्याङ्कन

### Fertilizer Inspector Basic Training

**2081/09/08-12**

**Participants Evaluation Questionnaire**

**सही उत्तरमा ठिक (✓) चिन्ह लगाउनुहोस्।**

**१. मल भन्नाले के बुझ्नुपर्छ ?**

क) रासायनिक ख) प्राङ्गारिक ग) जैविक घ) **माथिका सबै**

२. प्राङ्गारिक तथा जैविक मल निर्देशिकाले प्राङ्गारिक मल उत्पादक दर्ता गर्ने अधिकार कुन तहको सरकारलाई दिएको छ ?

क) सङ्घीय ख) प्रादेशिक ग) स्थानीय घ) **प्रादेशिक र स्थानीय**

३. राष्ट्रिय मल नीति २०५८ को उद्देश्य के रहेको छ ?

क) मलको उपयोग वृद्धि गर्ने

ख) मलको कुशल एवंम सन्तुलित प्रयोग गर्ने

ग) **मलको उपयोग वृद्धि गर्ने नीतिगत सुधार तथा पूर्वाधार व्यवस्थित गर्ने**

घ) माथिका सबै

४. हाल नेपालमा कति हेक्टर जमिनमा खेती गरिएको छ ?

क) ३० लाख ख) **३१ लाख** ग) ४० लाख घ) ४१ लाख

५. नेपालमा प्राङ्गारिक तथा जैविक मल निर्देशिका कहिले बाट लागू भएको हो ?

क) **२०७८** ख) २०७७ ग) २०७९ घ) २०८०

६. नेपालको परिप्रेक्ष्यमा माटोको दीगो उर्बराशक्ति व्यवस्थापनको प्रमुख आधार के हो ?

क) **माटोको प्राङ्गारिक तत्त्व** ख) रासायनिक मल

ग) माटोको पि. एच घ) जैविक मल

७. दीगो माटो व्यवस्थापन भन्नाले के बुझ्नु हुन्छ ?

क) विना मलखाद बालीनालीको उत्पादन लिइरहने

ख) अधिकतम् मलजल गरी उत्पादन बढाउने

ग) न्युनतम् रासायनिक मल प्रयोग गर्ने

घ) **माटोको उर्वराशक्ति नबिगारी उत्पादन लिइरहने**

८. रासायनिक मल नियन्त्रण आदेश २०५५ मा रासायनिक मलको स्पेसिफिकेसन तोकिने व्यवस्था रहेको छ। यसमा उल्लेख भए बमोजिम एमोनियम सल्फेट मलमा कति प्रतिशत सल्फर हुन जरुरी छ ?

क) १८ ख) २१ ग) **२४** घ) ४६

९. रासायनिक मलको कुनै लटबाट नमूना सङ्कलनको लागि बोराको सङ्ख्या छानु पर्दा लटको आकारको आधारमा बोराको सङ्ख्या निर्धारण गर्नु पर्ने व्यवस्था छ। २०० बोरा मल राखिएको गोदामबाट नमूना सङ्कलन गर्नु पर्ला ?

क) **३** ख) ५ ग) ८ घ) १०

१०. अनुदानको मल वितरण व्यवस्थापन, २०७७ अनुसार मल आपूर्ति व्यवस्थापन सिमितिको संयोजक को हुने गर्दछ ?

क) **कृषि सचिव** ख) सह सचिव

ग) प्रबन्धक, कृषि सामग्री कं.लि. घ) सदस्य सचिव

१२. कस्तो अवस्थामा मल बिक्री प्रमाणपत्र खारेजी गर्न सकिन्छ ?

क) लुकाई छिपाई वा पक्षपात पूर्ण तरिकाले मलको बिक्री वितरण गरेमा

ख) बिल बिजक जारी नगरी मलको बिक्री वितरण नगरेमा

ग) आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गई मलको बिक्री वितरण गरेमा

घ) **माथिका सबै**

१३. आदेश विपरित उत्पादन वा पैठारी भएको रासायनिक मल वा आदेश बमोजिम नमूना लिइएको रासायनिक मलको विश्लेषण गरिंदा गुणस्तररहित वा कम गरणस्तरको ठहरिएमा कसले प्रचलित कानून बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ?

क) **मल निरीक्षक** ख) आधिकारिक विश्लेषक ग) स्थानीय प्रशासन घ) कृषि मन्त्रालय

१३. आदेश विपरित उत्पादन वा पैठारी भएको रासायनिक मल वा आदेश बमोजिम नमूना लिइएको रासायनिक मलको विश्लेषण गरिंदा गुणस्तररहित वा कम गरणस्तरको ठहरिएमा मल निरीक्षकले प्रचलित कानून बमोजिम कुन कार्यालयमा मुद्दा दायर गर्नेछ ?

क) **सरकारी वकील, जिल्ला अदालत** ख) सचिव, प्रदेशको कृषि मन्त्रालय

ग) स्थानीय प्रशासन घ) सचिव, कृषि मन्त्रालय

१४. आ.व. २०७९/८० अनुसार तल मध्ये सबैभन्दा धेरै बिक्री भएको मल कुन हो र कति बिक्री भएको छ ?

क) युरिया, ३३०००० मे. टन ख) डि ए पी , ११०००० मे. टन

ग) **युरिया, ३००००० मे. टन** घ) डि ए पी , ३००००० मे. टन

१५. प्राङ्गारिक मलको आयातका लागि कुन कार्यालयमा निवेदन दिनु पर्दछ ?

क) **कृषि विभाग** ख) प्रादेशिक कृषि मन्त्रालय

ग) कृषि तथा पशुपन्छी विकास मन्त्रालय घ) स्थानीय तह

## १०. मूल्याङ्कन

तालिम पूर्व र तालिम पश्चात् वस्तुगत परिक्षा लिइएको थियो।२३ जना प्रशिक्षार्थीको तालिम पूर्व उत्तरपुस्तिकाको मूल्याङ्कन गर्दा १५ वटा प्रश्न मध्ये धेरैमा १२ अङ्क र थोरैमा ५ अङ्क ल्याएका थिए भने तालिम पश्चात् धेरैमा १४ अङ्क र थोरैमा ७ अङ्क ल्याउन सफल भएका थिए। तालिम पूर्व र तालिम पश्चातको औसत अङ्क हेर्ने हो भने तालिम पूर्व ८ थियो भने तालिम पश्चात् ११ रहेको छ। यसमा कूल २७ प्रतिशतले सुधार देखिएको छ।

## ११. तालिम समापन

मिति २०८१ साल पौष १२ गते शुक्रबारका दिन श्री कृषि विभाग, हरिहरभवन, ललितपुरमा कृषि विभागका उप-महानिर्देशक ई. जगन्नाथ तिवारीको अध्यक्षता तथा उप-महानिर्देशक श्री राजेन्द्र कोइरालाको आतिथ्यतामामा पाँच दिने "मल निरीक्षक तालिम" तपसिलको समापन गरियो। समापन गर्नु पूर्व यस तालिममा सफलता पूर्वक सहभागी हुनु भएका प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र वितरण गरिएको थियो।

# ४. मल निरीक्षक तालिमको प्रतिवेदन




**कृषि विभाग**
**मितिः २०८१/१२/३१**

## १. तालिमको उद्देश्य

सहभागी कृषि अधिकृतहरूलाई मल निरीक्षक सम्बन्धी ज्ञान प्रदान गरी मल निरीक्षक रूपमा तयार गरी मल सम्बन्धी अनुगमन, निरीक्षण तथा मलको गुणस्तर यकिन सम्बन्धी कार्य गर्न अधिकार दिने। मल नियन्त्रण आदेश, २०५५ को अधिनमा रही कानूनी प्रक्रियामा पनि कदम चाल्न सक्ने।

## २. कार्यक्रम गरिएको स्थान र मिति

कृषि विभागको सभाहल, हरिहरभवन, ललितपुर, बागमती प्रदेश, २०८१/१२/२५ देखि २०८१/१२/२९ सम्म।

## ३. कार्यक्रममा उपस्थित पदाधिकारीहरू

मिति २०८१ साल चैत्र २५ गते सोमबारका दिन श्री कृषि विभाग, हरिहरभवन, ललितपुरमा कृषि विभागका महानिर्देशक श्री प्रकाश कुमार सन्जेलको अध्यक्षतामा पाँच दिने **'मल निरीक्षक तालिम'** उपस्थितिमा उद्घाटन सम्पन्न भयो।

## ४. तालिममा सहभागी भएका प्रशिक्षार्थीहरूको विवरण

| क्र. सं. | नाम | पद | कार्यालय | प्रदेश |
|---|---|---|---|---|
| १ | मिरा तिम्सिना | सहायक बाली संरक्षण अधिकृत | कृषि ज्ञान केन्द्र, सुनसरी | कोशी प्रदेश |
| २ | रबिन बस्नेत | बाली विकास अधिकृत | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जनकपुरधाम | मधेश प्रदेश |
| ३ | उमेश थापा | बाली संरक्षण अधिकृत | कृषि ज्ञान केन्द्र, पर्सा | मधेश प्रदेश |
| ४ | अमृता पौडेल | कृषि प्रसार अधिकृत | कृषि विकास कार्यालय, काभ्रे | बागमती प्रदेश |
| ५ | निशेष घिमिरे | बाली विकास अधिकृत | कृषि विकास कार्यालय, सल्यान | कर्णाली प्रदेश |
| ६ | दिनेश पौडेल | कृषि प्रसार अधिकृत | कृषि विकास कार्यालय, कालिकोट | कर्णाली प्रदेश |
| ७ | विकाश वि.क. | बागवानी विकास अधिकृत | कृषि ज्ञान केन्द्र, स्याङ्जा | गण्डकी प्रदेश |
| ८ | सरोज थापा | कृषि प्रसार अधिकृत | कृषि ज्ञान केन्द्र, लमजुङ | गण्डकी प्रदेश |
| ९ | प्रतिभा बुढाथोकी क्षेत्री | कृषि अधिकृत | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, स्याङ्जा | |
| १० | ज्ञान कुमार यादव | कृषि अधिकृत | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, तेह्रथुम | |
| ११ | दीपक गिरी | कृषि अधिकृत | ललितपुर महानगरपालिका, पुल्चोक | |
| १२ | अन्सु अधिकारी | बाली विकास अधिकृत | केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन, ललितपुर | |
| १३ | जीवन सुवेदी | माटो विज्ञ | समशीतोष्ण बागवानी केन्द्र, कीर्तिपुर | |
| १४ | तारा शर्मा | बागवानी विकास अधिकृत | समशीतोष्ण बागवानी केन्द्र, कीर्तिपुर | |
| १५ | दया मुनी बज्राचार्य | कृषि अर्थ विज्ञ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, काठमाडौं | |

## ५. तालिमको तालिका

तलको तालिका यस विभागको स्वीकृत समग्र कृषि प्रसार कार्यक्रम, २०८१ तथा कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवनको स्वीकृत कृषि तथा पशुपन्छी तालिम पाठ्यक्रमको अनुसार तयार पारिएको हो।

तालिकामा १५ वटा कक्षा (१३ वटा सैद्धान्तिक कक्षा र २ वटा व्यवहारिक कक्षा) रहेको थियो। तलको टेबलमा विषय तथा प्रशिक्षकहरूको विवरण विस्तृत रूपमा रहेको छ।

**तालिमको नामः मल निरीक्षक तालिम**

| मिति | विषयवस्तु | | | | |
|---|---|---|---|---|---|
| | **१०:००-१०:१५** | **१०:१५-१२:००** | **१२:००-१:४५** | **१:४५-२:३०** | **२:३०-४:१५** |
| १२/२५ | रजिष्ट्रेशन, तालिम उद्घाटन सत्र, **Pre-training assessment** | राष्ट्रिय मल नीति २०५८<br>नेपालमा मलको नीतिगत व्यवस्था, तालमेलको अवस्था र कार्यान्वयनको अवस्था, समस्या तथा चुनौतीहरू<br>(रासायनिक मल उत्पादनका सम्भावना तथा रणनीति) **-डा. राम कृष्ण श्रेष्ठ** | रासायनिक मलको आयात, अनुदान तथा मूल्य निर्धारण सम्बन्धी व्यवस्था, आपूर्ति, वितरण व्यवस्था तथा वितरण सम्बन्धी प्रमुख समस्याहरू - **श्री विष्णु प्रसाद पोख्रेल** | खाजा | नेपालको माटोको उर्वराशक्तिको वर्तमान अवस्था/माटोको उर्वराशक्तिको परिचय, ह्रासका कारणहरू, कायम गर्ने उपायहरू - **डा. श्री प्रसाद विष्ट** |
| १२/२६ | पहिलो दिनको wrap up | प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि २०६८, प्राङ्गारिक तथा जैविक मल निर्देशिका २०७८ - **श्री नेत्र प्रसाद भट्ट** | नेपालमा प्रचलनमा रहेका विभिन्न प्रकारका रासायनिक मलहरूको स्पेसिफिकेशन — **श्री नेत्र प्रसाद भट्ट** | खाजा | बाली बिरुवाका आवश्यक तत्त्वहरू, स्रोत, खाद्यतत्त्व कमीका प्रमुख लक्षणहरू, एकीकृत खाद्यतत्त्व व्यस्थापन - **डा. सविना देवकोटा** |
| १२/२७ | दोस्रो दिनको wrap up | रासायनिक मल नियन्त्रण आदेश २०५५, र मल निरीक्षकको काम, कर्तव्य र अधिकार - श्री अनुमा भट्टराई | रासायनिक तथा प्राङ्गारिक मलको दर्ता प्रक्रिया - **श्री अनुमा भट्टराई** | खाजा | रासायनिक मल निरीक्षकले मल निरीक्षण, तहकिकात तथा मुद्धा अभियोजन गर्दा अपनाउनु पर्ने कानूनी प्रक्रिया -**श्री वसन्त अर्याल**, सहायक न्यायधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय |
| १२/२८ | तेस्रो दिनको wrap up | मलको नमूना लिने तरिका र विश्लेषणको लागि पठाउँदा अपनाउनु पर्ने सावधानीहरू - **श्री किरण मास्के** | रासायनिक मलको नमूना सङ्कलन गर्ने बारे व्यवहारिक कक्षा - **श्री किरण मास्के** | खाजा | रासायनिक तथा प्राङ्गारिक मलको भण्डारण अवलोकन **AICL र प्रारम्भ biotech company** |
| १२/२९ | चौथो दिनको wrap up | रासायनिक मलका प्रकारहरू र यिनमा मिसावटका सम्भावित स्रोतहरू, रसायनिक मलमा हुने मिसावटको पहिचान विधिहरू - **श्री किरण मास्के** | अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ - **श्री मुकुन्द भुसाल** | खाजा | प्राङ्गारिक प्रवर्द्धनमा भएका प्रयासहरू तथा प्राङ्गारिक मल उत्पादन, आयात र वितरणको अवस्था - **श्री याम कु. श्रेष्ठ Post Training assessment तालिम समापन** |

## ६. प्रशिक्षकहरूको विवरण

| क्र. सं. | नाम | पद | कार्यालय | कक्षा सङ्ख्या |
|---|---|---|---|---|
| १ | डा. रामकृष्ण श्रेष्ठ | सह-सचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार | १ |
| २ | डा. श्री प्रसाद विष्ट | प्रमुख | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | १ |
| ३ | श्री किरण हरि मास्के | Retired Senior Soil Scientist (Fertilizer Analyst) | केन्द्रीय कृषि प्रयोगशाला, हरिहरभवन | २ |
| ४ | श्री नेत्र प्रसाद भट्ट | वरिष्ठ माटो विज्ञ | मल तथा माटो शाखा प्रमुख, केन्द्रीय कृषि प्रयोगशाला | २ |
| ५ | डा. सविना देवकोटा | वैज्ञानिक | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | १ |
| ६ | श्री अनुमा भट्टराई | कृषि प्रसार अधिकृत | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार | २ |
| ७ | श्री बसन्त अर्याल | सकायक जिल्ला न्यायधिवक्ता | जिल्ला सरकारी वकील कार्यालय, ललितपुर | १ |
| ८ | श्री याम कुमारी श्रेष्ठ | वरिष्ठ बागवानी विकास अधिकृत | माटो व्यवस्थापन शाखा, कृषि विभाग | १ |
| ९ | श्री मुकुन्द भुषाल | उप-सचिव | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार | १ |
| १० | श्री विष्णु प्रसाद पोखेल | Managing Director | कृषि सामग्री कम्पनी लिमिटेड | १ |
| ११ | श्री किरणहरि मास्के<br>श्री बविता उपाद्याय<br>श्री मनिष प्रताप | Retired Senior Soil Scientist<br>शाखा अधिकृत<br>प्राङगारिक मल उत्पादन | केन्द्रीय कृषि प्रयोगशाला<br>कृषि सामग्री कम्पनी लिमिटेड<br>प्रारम्भ वायोटेक | व्यवहारिक कक्षा (२) |

## ७. सैद्धान्तिक कक्षाहरू

### क. डा. राम कृष्ण श्रेष्ठ, प्रमुख, कृषि विकास महाशाखा, कृ.प.वि.म.

विषयः राष्ट्रिय मल नीति २०५८, नेपालमा मलको नीतिगत व्यवस्था, तालमेलको अवस्था र कार्यान्वयनको अवस्था, समस्या तथा चुनौतीहरू (रासायनिक मल उत्पादनका सम्भावना तथा रणनीति)

- मलको बारेमा केही आधारभूत कुराहरू
- रासायनिक मल सम्बन्धी नीति निर्माण र कार्यान्वयनको अवस्था
- मल र माटोको स्वास्थको सम्बन्ध
- नेपालमा मल कारखाना स्थपनाका लागि प्रयासहरू

**ख. डा. श्री प्रसाद विष्ट**

विषयः नेपालको माटोको उर्वराशक्तिको वर्तमान अवस्था/माटोको उर्वराशक्तिको परिचय, ह्रासका कारणहरू, कायम गर्ने उपायहरू

- स्वस्थ माटोको महत्त्व (Food security, water security, climate change, biodiversity protection, ecosystem service delivery and energy sustainability – soil security)
- Soil fertility, its situation and reasons for declining soil fertility in Nepal
- Status of different parameters of soil (pH, OM, Acidity, chemical compounds etc)
- Management options for soil fertility
- Some insights related to DSM

**ग. श्री नेत्र प्रसाद भट्ट**

विषयः प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि २०६८, प्राङ्गारिक तथा जैविक मल निर्देशिका २०७८

- प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि २०६८ लाई खारेज गरी प्राङ्गारिक मल लगायत जैविक मल उत्पादन र आयातलाई सहजीकरण गर्न २०७८ बाट प्राङ्गारिक तथा जैविक मल निर्देशिका कार्यान्वयन

विषयः नेपालमा प्रचलनमा रहेका विभिन्न प्रकारका रसायनिक मलहरूको स्पेसिफिकेशन

- रासायनिक मल नियन्त्रण आदेश, २०५५ को अनुसूची-१ मा रासायनिक मलको स्पेसिफिकेसन तोकिएको अनुसार ५२ रासायनिक मलहरूको बारेका जानकारी
- आदेशमा परिमार्जन गरी २०७८ मा Nano Urea (Liquid) Fertilizer र २०८१ मा Chemical mixed fertilizer-Liquid and Solid सुक्ष्म तत्त्वहरू समावेश गरेको

**घ. डा. सविना देवकोटा**

विषयः बाली बिरुवाका आवश्यक तत्त्वहरू, स्रोत, खाद्यतत्त्व कमीका प्रमुख लक्षणहरू, एकीकृत खाद्यतत्त्व व्यस्थापन

- हाम्रो खानाको ९५% प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हाम्रो माटोमा उत्पादन
- विश्वको करिब ३३ प्रतिशत माटो बिग्रिसकेको छ र सन् २०५० सम्ममा विश्वको ९० प्रतिशत खेतीयोग्य जमिन खण्डीकृत हुने
- बिरुवालाई आवश्यक पर्ने खाद्यतत्त्वको भूमिका अनि कमीका प्रमुख लक्क्षणहरू (प्राथमिक, माध्यमिक र शूक्ष्म खाद्यतत्त्व)
- एकीकृत खाद्यतत्त्व व्यस्थापन सम्बन्धी जानकारी (रासायनि र प्राङ्गारिक मलको प्रयोगमा तालमेल)

**ङ. श्री अनुमा भट्टराई**

विषयः रासायनिक मल नियन्त्रण आदेश २०५५, र मल निरीक्षकको काम, कर्तव्य र अधिकार –

- नियन्त्रण आदेशको संरचना, संसोधन र आदेशमा भएका व्यवस्थाहरू
- कार्यान्वयनका क्रममा देखा परेका विषयहरू (आदेशको अनुसूची १ मा रहेका मलहरूभन्दा बाहेकका मल पनि बजारमा बिक्री वितरण, मलहरूको परीक्षण सम्बन्धी समस्या
- मल निरीक्षक हुने प्रक्रिया, जिम्मेवारी र परिचय पत्र पाउने पक्रिया सम्बन्धी जानकारी

विषयः रासायनिक तथा प्राङ्गारिक मलको दर्ता प्रक्रिया

- रासायनिक मल निर्देशिका २०५७ अनुसार रासायनिक मल दर्ता प्रक्रियाको बारेमा जानकारी
- प्राङ्गारिक तथा जीवाणु मल निदेशिका, २०७८ बमोजिम प्राङ्गारिक मलको दर्ता प्रक्रिया

**च. श्री वसन्त अर्याल**

विषयः रासायनिक मल निरीक्षकले मल निरीक्षण, तहकिकात तथा मुद्धा अभियोजन गर्दा अपनाउनु पर्ने कानूनी प्रक्रिया

- नेपालमा रासायनिक मल सम्बन्धमा रहेका कानूनहरू
- आवश्यक पदार्थ नियन्त्रण ऐन,२०१७
- रासायनिक मल नियन्त्रण आदेश २०५५ मा भएका मुख्य व्यवस्थाहरू
- फौजदारी मुद्धाको अवधारणा
- मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को अनुसूची १ र अनुसूची २ मा पर्ने मुद्धाहरू
- अनुसन्धानमा समेटिने बिषय
- अनुसन्धान अधिकारीले ध्यान दिनुपर्ने विषयहरू
- दसी प्रमाणको व्यवस्थापन
- अभियोगपत्रका विभिन्न खण्डहरू र खुलाउनपर्ने कुराहरू
- आंशिक अभियोजन, पुरक अभियोजन र अभियोगपत्रको संशोधन
- अनुसन्धान र अभियोजनमा रहेका समस्या

**छ. श्री किरण मास्के**

विषयः मलको नमूना लिने तरिका र विश्लेषणको लागि पठाउँदा अपनाउनु पर्ने सावधानीहरू

- रासायनिक मल परीक्षण गर्न निरीक्षकले नमूना लिँदा गर्नुपर्ने सामान्य कार्यविधि
- परीक्षणका लागि पठाउने नमूनासँग संलग्न रहने विवरणको ढाँचा अनुसूची (१०)
- नमूनाको लागि बोरा छनौट गर्ने विधि
- नमूना लिने विधि र मिश्रित नमूना तयार गर्ने विधि

विषयः रासायनिक मलका प्रकारहरू र यिनमा मिसावटका सम्भावित स्रोतहरू, रसायनिक मलमा हुने मिसावटको पहिचान विधिहरू

- मल उत्पादनको स्रोतको आधारमा मलको प्रकार (प्राङ्गारिक, रासायनिक र जैविक)
- मलको बाहिरि वनावटको आधारमा मलको प्रकार (दानादार, धुलो र झोल)
- मलमा भएको तत्त्वहरूको एकाग्रता (Concentration) को आधारमा मलको प्रकार (Nitrogenous, Phosphate, Potassic, Micronutients)
- पोषक तत्त्वको आपूर्तिको आधारमा (complete, incomplete, single nutrient, multinutrient)
- मिसावटका सम्भावित स्रोतहरू, रसायनिक मलमा हुने मिसावटको पहिचान विधिहरू

**ज. श्री मुकुन्द भुसाल**

विषयः अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७

- निर्देशिकाको संक्षिप्त परिचय
- अनुदानित रासायनिक मलको स्थिति
- वितरण प्रणाली – प्रदेश कोटा सङ्घीय सरकारले र स्थानीय तह कोटा प्रादेशिक सरकारले निर्धारण गर्ने, वितरकको छनौट स्थानीय तहले गर्ने
- सफ्ट्वेयर प्रणाली लागू गरिएको
- अनुदानको मल वितरण सम्बन्धी समस्याहरू

**झ. श्री विष्णु प्रसाद पोखेल**

विषयः रासायनिक मलको आयाम, अनुदान तथा मूल्य निर्धारण सम्बन्धी व्यवस्था, आपूर्ति, वितरण व्यवस्था तथा वितरण सम्बन्धी प्रमुख समस्याहरू

- कृषि योग्य जमिन र आवश्यक मलखाद परिमाण
- नेपालमा रासायनिक मलः प्रयोग र अनुदान नीति
- रासायनिक मलको आयात, मल आपुर्ती गर्न लाग्ने समय
- गुणस्तर परीक्षण तथा भुक्तानीको प्रक्रिया
- मल भण्डारण, परिचालन र बिक्री वितरण सम्बन्धी व्यवस्था र यसमा आएका समस्याबारे छलफल

**ञ. श्री याम कु. श्रेष्ठ**

विषयः प्राङ्गारिक प्रवर्द्धनमा भएका प्रयासहरू तथा प्राङ्गारिक मल उत्पादन, आयात र वितरणको अवस्था

- प्राङ्गारिक कृषिको परिचय र यसका चार सिद्धान्तहरू (Principle of Health, Ecology, Care and Fairness)
- प्राङ्गारिक कृषिको मार्गदर्शक सिद्धान्तहरू र पक्षहरू (Environmentally sustainable, Economically viable and Socially acceptable)
- Organic certification process
- प्राङ्गारिक प्रवर्द्धनमा भएका प्रयासहरू - कार्यविधि मापदण्ड तयारी र परिमार्जन
- १२ वटा प्राङ्गारिक मल उत्पादन कम्पनीहरूको १७ वटा मलहरू सूचीकृत

## ८. व्यवहारिक कक्षाहरू

- **रासायनिक मलको नमूना लिने तरिका** श्री किरण हरि मास्के सरले कृषि सामग्री कम्पनी लिमिटेडको भण्डारण कोठामा रासायनिक मलको नमूना लिने तरिका सम्बन्धी जानकारी दिनुभयो।
- **रासायनिक तथा प्राङ्गारिक मलको भण्डारणको अवलोकन** का लागि कृषि सामग्री कम्पनी लिमिटेड, कुलेश्वर गएका थियौं।

## ९. मूल्याङ्कन

तालिमपूर्व र तालिमपश्चात् वस्तुगत परिक्षा लिइएको थियो। १५ जना प्रशिक्षार्थीको तालिम पूर्व उत्तरपुस्तिकाको मूल्याङ्कन गर्दा १५ वटा प्रश्न मध्ये धेरैमा १३ अङ्क र थोरैमा ७ अङ्क ल्याएका थिए भने तालिम पश्चात् धेरैमा १५ अङ्क र थोरैमा १२ अङ्क ल्याउन सफल भएका थिए। तालिमपूर्व र तालिम पश्चातको औसत अङ्क हेर्ने हो भने तालिमपूर्व ८.७ थियो भने तालिम पश्चात् १४ रहेको छ। यसमा कूल ६१ प्रतिशतले सुधार देखिएको छ।

## १०. तालिमको उपलधी

- उपस्थित पशिक्षार्थीहरूमा वैज्ञानिक ज्ञान र प्राविधिक अनुभव (scientific knowledge and technical expertise)
- मल निरीक्षक भएपछि थप हुने जिम्मेवारी र कर्तव्यबारे जानकारी
- अनुसन्धान सम्पादनको प्रक्रिया र अनुसन्धान सम्पादन गर्दा गर्दै आउने जोखिमको बारे जानकारी

## ११. तालिम सञ्चालन गर्दा आएका समस्याहरू र Way forward

- Last minute training cancellation by trainees – 2nd trimester is appropriate time for training which includes majority of participants from outside of valley
- स्वीकृत मल निरीक्षक तालिमको तालिकामा खारेज भएका विषयहरू रहेको त्यसैले तालिमको तालिकामा रहेका विषयहरू संशोधनमा गई up-to-date गर्नपर्ने
- साथै कक्षाहरू प्रति दिन ३ वटा मात्र रहेको मल निरीक्षक तालिमको तालिका परिमार्जन गर्नुपर्ने
- मौसमले उत्पन्न गरेको कठिनाइले गर्दा प्राङगारिक मलको भण्डारण अवलोकन गर्न नसकिएको
- For better effectiveness training should be conducted near the checkpoints or entry points of the fertilizers as it will provide a real time visualization of the import of fertilizers and problems related to its distribution in the border areas
- Exam before training (just like seed inspector)
- Leaving a single class should also make the participant ineligible – policy level work

## १२. तालिम समापन

मिति २०८१ साल चैत्र २९ गते शुक्रबारका दिन कृषि विभाग, हरिहरभवन, ललितपुरमा कृषि विभागका महानिर्देशक प्रकाश कुमार सन्जेलको अध्यक्षतामा पाँच दिने **'मल निरीक्षक तालिम'** तपसिलको समापन गरियो। समापन गर्नु पूर्व यस तालिममा सफलता पूर्वक सहभागी हुनुभएका प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र वितरण गरिएको थियो।

# ५. बागवानी क्षेत्रमा Emerging crops र समस्याका बारेमा अन्तरक्रिया गोष्ठीको प्रतिवेदन




**मितिः२०८१/१०/२३**
**स्थानः कृषि विभागको सभाहल**

## १. पृष्ठभूमि

नेपालमा विगत केही वर्ष देखि बागवानी क्षेत्रमा विभिन्न किसिमका नयाँ नयाँ बालीहरू विदेशबाट आयात गरी खेती गर्ने प्रचलन बढेको देखिन्छ। कृषकहरूमा बागवानीजन्य नयाँ बालीहरू जस्तैः ड्रागन फ्रुट, किवी, एभोकाडो, स्ट्रबेरी आदि प्रति आकर्षण बढेको पाइन्छ। बागवानी बालीका बिरुवाको माग अत्यधिक बढिरहेको र आयात पनि भएको तर अध्ययन परीक्षण बिना कृषकहरूको बगैंचामा लगाइएकोले हुँदा ती बालीहरूको बारेमा जानकारी एवम् समस्याहरू पहिचान गरी सामाधानका उपायहरू पहिल्याउन सम्बन्धित सरोकारवालाको सहभागितामा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको छ।

## २. गोष्ठी/तालिम सञ्चालनको उद्देश्यहरू

- बागवानी क्षेत्रमा emerging crops को अवस्था र अवसरहरू पत्ता लगाउने।
- बागवानी क्षेत्रमा emerging crops को विद्यमान समस्याहरू पहिचान गर्ने।

# ३. कार्यपत्रहरू र प्रस्तुतिका मुख्य मुख्य बुँदाहरू

**कार्यपत्रहरू**

i. Issues, Problems and Way Forward of Emerging Crops (Strawberry and other different berries) of Nepal
ii. Issues, Problems and Way Forward of Emerging Crops (Kiwi, Avocado and Dragon Fruit) of Nepal
iii. Issues, Problems and Way Forward of Major Fruits (Mango, Banana, Orange, Acid Lime, Sweet Orange, Apple and Walnut) of Nepal.
iv. Issues, Problems and Way Forward of Vegetables and Spice Crops of Nepal
v. Issues, Problems and Way Forward of Floriculture Sector in Nepal

## ३.१ पहिलो प्रस्तुती

**डा. राजेन्द्र गौतमले Issues, Problems and Way Forward of Emerging Crops (Strawberry and other different berries) of Nepal** विषयमा प्रस्तुत गर्नु भएको थियो। नेपालमा ४ वटा बेरी क्रपहरूमा अनुसन्धान भइरहेको (strawberry, blueberry, blackberry and raspberry) बसेरीहरू सुपरफुडको रूपमा परिचितका साथै antioxidant युक्त बालीमा पर्ने। यो कमलो तथा छिटो नाश हुने बालीहरू भएको।

ब्यवसायिक खेतीमा १०० देखि ३०० वर्ष मात्र भएको, नेपालमा स्ट्रवेरी ३१ वर्ष अगाडि जाइटी नेपाल संस्थाले ककनीमा भित्राएर खेती गरेको भने अन्य वेरीहरू २-३ वर्षबाट अनुसन्धानको क्रममा रहेको छ।

**स्ट्रवेरी**

विश्वमा चीन स्ट्रवेरी उत्पादनमा एक नम्बर र नेपालको ककनी क्षेत्रमा ५५ हेक्टरमा करिब ४९५ टन उत्पादन भई वार्षिक ५० करोडको कारोबार। हाल आएर South America, Australia र यूरोपबाट समेत जात आएर खेती र नेपालमा मुख्यतया जापनिज र अन्य देशका गरी २ बर्गका जातहरू। जापनिज जातहरूभन्दा अन्य जातको उत्पादन क्षमता राम्रो भए तापनि soil borne disease मुख्य समस्या। जापनिज जात स्थानीय र भारतसम्मको बजार र अन्य जात विदेश निर्यातको सम्भावना।

भविश्यको अनुसन्धान : विभिन्न जातहरूको प्रयोगबाट वर्षैंभरि खेती (हाल साउनसम्म मात्र) र माटोबाट सर्ने रोगबाट बचाउन मिडियामा आधारित retractable greenhouse र cold chain management सहितको खेतीमा ध्यान दिन जरुरी।

**ब्लुवेरी**

अमेरिकाबाट ६ वटा जात ल्याएर अनुसन्धान चलिरहेको र अध्ययनका थप क्षेत्रहरूमा जात, मिडियामा आधारित खेती, खाद्यतत्त्व तथा रोग व्यवस्थापन रहेको।

**एसेलु Raspberry**

हालसम्म राम्रो उत्पादन रहेको तर गुणस्तरीय उत्पादनको लागि नयाँ जातको आवश्यकता रहेको।

**Blackberry**

गुणस्तरीय उत्पादनको लागि नयाँ जातको आवश्यकता रहेको।

**बेरी उत्पादनका चूनौतीहरू**

- जात
- प्राविधिक तथा प्रविधि
- जातिय आयातमा झन्झट
- मल बिषादी आदिको समयमानै गुणस्तरीय आपूर्ति
- नीतिगत समस्या

**आगामी कार्यदिशा**

- उच्च उत्पादन क्षमताका नयाँ जातको आयात
- अनुसन्धान तथा प्रसार
- उत्पादन सामग्रीको सहज आपूर्ति
- अन्तर्राष्ट्रिय बजार
- नीतिगत सबलीकरण

## ३.२ दोस्रो प्रस्तुति

श्री चन्द्रमान श्रेष्ठले Issues, Problems and Way Forward of Emerging Crops (Kiwi, Avocado and Dragon Fruit) of Nepal विषयमा गर्नु भएको थियो। उक्त प्रस्तुतीकरणमा नेपालमा उत्पादन हुने किवीको हालको क्षेत्रफल, उत्पादन, उत्पादकत्व र निर्यातको अविस्था बारे चर्चा गर्नु भयो। किवी, एभोकाडो र ड्रागन फ्रुट खेतीमा राम्रो जातको अभाव चुनौतीहरू फलफूलको माग आपूर्ति, आयात, निर्यात र पोष्ट हार्भेष्टको अवस्थाबारे जानकारी गराउनु भयो। ती फलफूल बालीहरूमा उत्पादनको क्रममा देखिएका समस्याहरू जस्तैः फलफूल बिरुवाको नर्सरी स्थापना तथा व्यवस्थापन, गुणस्तरीय तथा पर्याप्त बेर्ना उत्पादन हुन नसक्नु, विदेशी जात वा आयातित जातमा मात्र भर पर्नु, जातको प्रमाणीकरण र दर्ता नहुनु, धेरै निजी नर्सरीहरूको संलग्नता देखिनु जातहरूको निरन्तर अनुगमन बिना दर्ता हुनु, बीउबिजन ऐन तथा नियमावलीको कमजोर कार्यान्वयन र नर्सरी ऐनको अभाव रहेको बताउनु भयो।

किवी, एभोकाडो र ड्रागन फ्रुट खेतीका चुनौतीहरूमा राम्रो जात उपलब्ध नहुनु, कम उत्पादकत्व, कोल्ड स्टोरेजको अभाव, रोग कीराको समस्या, कलमी गर्दा success rate कम भएको, फल झर्ने, जरा कुहिने, सुकेर जाने रहेका छन।

आगामी कार्यदिशामा सायनको जात पहिचान गरी रोगी तथा पुराना किवी रूखहरूमा टप वर्किक कार्य गर्ने, उत्पादित वस्तुहरूको प्रशोधन गर्ने, पेय पदार्थ उत्पादन र भारतमा निर्यात गर्नका लागि एचएस कोड दिने।

## ३.३ तेस्रो प्रस्तुती

Issues, Problems and Way Forward of Major Fruits (Mango, Banana, Orange, Acid Lime, Sweet Orange, Apple and Walnut) of Nepal विषयमा नेपाल हर्टिकल्चर सोसाइटीका निवर्तमान अध्यक्ष श्री गोपाल प्रसाद श्रेष्ठले गर्नु भएको थियो। उक्त प्रस्तुतीकरणमा नेपालमा उत्पादन हुने मुख्य मुख्य फलफूल आँप, केरा, सुन्तला, कागती, जुनार, स्याउ र ओखरको हालको क्षेत्रफल, उत्पादन, उत्पादकत्व र कृषिमा कूल ग्राहस्थ उत्पादनको अवस्थाबारे चर्चा गर्नु भयो। फलफूलको माग आपूर्ति, आयात, निर्यात र पोष्ट हार्भेष्टको अवस्थाबारे जानकारी गराउनु भयो। ती फलफूल बालीहरूमा उत्पादनको क्रममा देखिएका समस्याहरू जस्तैः फलफूल बिरुवाको नर्सरी स्थापना तथा व्यवस्थापन, गुणस्तरीय तथा पर्याप्त बेर्ना उत्पादन हुन नसक्नु, विदेशी जात वा आयातित जातमा मात्र भर पर्नु, जातको प्रमाणीकरण र दर्ता नहुनु, धेरै निजी नर्सरीहरूको संलग्नता देखिनु जातहरूको निरन्तर अनुगमन बिना दर्ता हुनु, बीउबिजन ऐन तथा नियमावलीको कमजोर कार्यान्वयन र नर्सरी ऐनको अभाव रहेको बताउनु भयो।

## ३.४ चौथौं प्रस्तुति

Issues, Problems and Way Forward of Vegetables and Spice Crops of Nepal विषयमा राष्ट्रिय आलु, तरकारी तथा मसला बाली मा प्रमुख तरकारी तथा मसलाबालीको हालको उत्पादन स्थिति, समस्याहरू र आगामी कार्यदिशाको बारेमा प्रस्तुत गर्नु भएको थियो। तरकारी बालीको महत्त्व, तरकारी बालीको विविधिता, सरकारी निकायबाट भएका प्रयासहरू, चुनौतीहरू भावी योजनाका बारेमा आफ्नो कुरा राख्नु भएको थियो। तरकारी बाली उच्च मूल्य बालीमा पर्ने र यसका प्रमुख समस्याहरू तपसिल अनुसार रहेको

- Distorted variety maintenance program resulting break up of seed cycle chain
- Distorted vegetable seed production chain resulting farmers are not getting quality seeds and saplings
- Unwillingness of farmers to maintain cold chain
- Insect pest disease problems
- Lack of technical skill dissemination
- Having poor package of practices from production to harvesting especially in spices crop
- Lack of high yielding varieties
- Lack of post-harvest knowledge
- Not prioritized by policy and programs

## ३.५ पाँचौ प्रस्तुति

Floriculture Association Nepal (FAN) का उपाध्यक्ष श्री सुमन महर्जनले गर्नु भएको थियो। उक्त प्रस्तुतिमाः

- FAN को स्थापना उद्देश्य कार्यक्षेत्रबारे जानकारी
- २०८०/८१ को तथ्याङ्क अनुसार ६९२ जना पुष्प व्यवसायी/कृषकहरू यसमा आवद्ध रहेको
- २६० हे. भन्दा बढी क्षेत्रफलमा पुष्प खेती भइरहेको

**मुख्य समस्याहरूमा**

पूर्वाधारको अभाव, अनुसन्धान नभएको, लगानी उच्च रहेको र आर्थिक सहयोगको अभाव रहेको, बजारमा पहँचको कमी, हावापानीको कारणले उत्पादनमा उतार चढाव, नयाँ प्रविधि पहुँचको कमी रोग कीराको समस्या बाली उत्पादनोपरान्त पछिको क्षतिको समस्या, कम उत्पादकत्व दक्ष जनशक्तिको कमी सरकारको अपर्याप्त सहयोग आयातमा समस्याः

- बीउबिजन नियमावलीले गर्दा नयाँ जातहरू ल्याउन समस्या भएको
- नियमावलीमा PRA गर्नुपर्ने प्रावधानबारे व्यवसायीहरूलाई प्रष्ट पार्नुपर्ने
- भावी कार्य दिशा
- Floriculture tourism लाई प्रवर्द्धन गरिनुपर्ने
- सरकारले पुष्प व्यवसायलाई प्राभमिकता दिएर बजेट बिनियोजन गर्नुपर्ने
- पुष्प व्यवसायको लागि चाहिने पूर्वाधारको विकास
- विकास र अनुसन्धानमा जोड
- सीप विकास तथा क्षमता अभिवृद्धि
- आर्थिक सहयोग
- स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने
- नीतिगत सहजीकरण

## ४. छलफलमा उठेका विषय र सुझावहरू

स्ट्रबेरी उत्पादन गर्दा प्रति किलो कति लागत पर्छ भन्ने प्रश्नमा सो सम्बन्धमा हालसम्म हिसाब गर्ने नगरेको भन्ने पाइयो।

नेपालमा पाइने ऐसेलु, किम्बु, वन काफल आदि उत्पादनमा जोड दिन पर्ने भन्ने जिज्ञासामा ती बालीमा जोड दिनुपर्ने आवश्यकता महसुस भएको जानकारी प्राप्त भयो। स्थानीय स्ट्रबेरीको सट्टामा जापनिज स्ट्रबेरी नामाकरण गर्दा उपयुक्त हुने सहमति भएको थियो।

अन्तर्राष्ट्रिय बजारमा निर्यातका लागि विमानस्थलमा कोल्ड स्टोरेजको सुविधा नभएको भन्ने प्रस्तुतकर्ताको प्रश्नमा सो सुविधा उपलब्ध भएको जानकारी गराइयो।

- हामीसग भएका बेरी (एसेलु, किम्बु, चुत्रो लगायत) लाई कसरी लैजाने अध्ययन अनुसन्धान जरुरी
- बेरी (strawberry) को प्रतिकेजी उत्पादन लागत कति तथा shelf life अबधि तथा वढाउने उपाय
- Local strawberry भनिएकोमा सो जापनिज भएकोले सोहीभन्दा राम्रो
- जातहरू formal वा informal कुन तरिकाबाट नेपालमा आइरहेको
- तराइमा strawberry कति सफल
- Coldchain management मा costing कति आउने

- भाटभटेनी लगायतका बजारमा प्रशोधित बेरी बिक्री वितरण हुने सन्दर्भमा प्रशोधित उत्पादनमा समेत ध्यान दिनुपर्ने
- नुवाकोटको ककनीमा विभिन्न जापनिज जातहरू आएका जस्तै निहो जात २५ वर्षबाट खेती जुन पुषदेखि फाल्गुणसम्म उत्पादन हुने साथै गुलियो र अहिलेको सन्दर्भमा बिषादीरहित उत्पादनमा ध्यान दिन आवश्यक (whitefly र aphid) समस्या
- व्यावसायीकरणमा perishable nature भएकोले गर्दा साथै plant import problems ले समस्या

## ४-१ दोस्रो प्रस्तुति

- राम्रा गुणस्तरीय फल फल्ने जातहरू ल्याउनुपर्ने
- कृषकहरूलाई गुणस्तरीय बिरुवा उपलब्ध हुनुपर्ने
- Fruit fly problem in golden and red kiwi might become problematic so we need to consider it on time
- The government should facilitate the export of kiwi fruits to India as it has good demand
- Insect problem in Avocado
- Need of Avocado research center

## ४.२ तेस्रो प्रस्तुति

- The incorporation of the special program on mandarin as a National Fruit, facilitation of the import of the elite germplasm/varieties of selected crops from aboard, assurance of the quality saplings and certification of the nurseries be expedited. In the present context of the fallowing of the agriculture lands in the hilly areas, commercialization of fruit crops has a great potential.

## ४.३ चौथौं प्रस्तुति

- Vegetable and spices should be maintained in cold chain and cold storage
- Variety registration is easy compared to fruit
- Need subsidies loan for long term to farmers instead of giving subsidy
- Seed certification and seed cycle maintenance-vegetable seed registration is now directly processed on the basis of new seed regulation
- Local landraces should be conserved
- Need to collaborate with private sectors, G to G model from Federal Provincial to Local Level
- Federal conditional program should be continued

## ४.४ पाँचौं प्रस्तुति

- सङ्घीय संरचनामा पुष्पको फार्म हुनुपर्ने
- प्रादेशिक फार्महरूमा सङ्घीय सशर्तमा पुष्प खेती सम्बन्धी कार्यक्रमको बजेट विनियोजन गर्नुपर्ने

- नेपालको रैथाने सयपत्रीको फूलबाट छनौट गरेर आफ्नै उत्कृष्ट नयाँ जातको विकासको लागि नार्कले अनुसन्धान गर्नुपर्ने
- फूलको बीउ/बेर्ना अनौपचारिक रूपमा आयात भइरहेकोलाई नियमन गर्ने कदम चाल्नुपर्ने
- सयपत्रीलाई प्रस्तुतिमा नसमेटिएको
- पुष्प प्रवर्द्धन नीतिलाई समयसापेक्ष रूपमा सङ्घीय ताको सन्दर्भमा पुनलेखन गर्न आवश्यक

## ५. समग्र कार्यक्रमको सारांश

अन्तरक्रियाको विषयवस्तु ज्यादै नै सान्दर्भिक रह्यो। विशेष गरी बेरी वर्ग तथा सोही प्रकृतिका स्थानीयस्तरमा उत्पादन गर्न सकिने र अन्तर्राष्ट्रिय बजारमा विशेष महत्त्व राख्ने बालीवस्तुहरूको बारेमा व्यापक रूपमा नीतिगत व्यवस्था गरेर उत्पादन, प्रशोधन, ब्रान्डिङ जस्ता मूल्यशृङ्खला वृद्धि जस्ता कार्यक्रमलाई जोड दिई कृषकस्तरमा पुर्‍याउनु पर्ने देखिन्छ। नेपालमा व्यावसायीकरण गर्न सक्ने तथा अन्तर्राष्ट्रिय बजारलाई समेत ध्यान दिई जातीय आयात तथा प्रविधि विकास र सहयोगमा काम गर्नका साथै हाम्रा स्थानीय बेरी प्रजातिको समेत प्रजनन् तथा सुधार कार्यमा ध्यान दिन जरुरी देखिन्छ। बिरुवा तथा प्रविधि आयातमा सहजीकरण जरुरी देखिएको Cold chain based intervention मा सहयोग तथा सहजीकरणको आवश्यक देखिएको ।Low chilling cultivar समेतको अध्ययन अनुसन्धानमार्फत तराई तथा पहाडी क्षेत्रका mid chilling cultivar मा समेत थप अध्ययन अनुसन्धान जरुरी। अन्तर्राष्ट्रिय बजार पहिचान तथा आवश्यक सहजीकरण जरुरी। variety registration/import process simplify गर्न जरुरी। नयाँ र गुणस्तरीय जातहरूको introduction गरी अनुसन्धान गर्नुपर्ने। नयाँ बालीहरूको देशमा भएका knowledge documentation गर्नुपर्ने Emerging crops PRA गर्नुपर्ने विकसित भएका प्रविधिहरूलाई complete package transfer गर्ने।

- Vegetables and spices crops are high value crops
- Federal and provincial farms should lead as center of excellence
- Seed cycle maintenance and seed certification is necessary
- Subsidized load instead of subsidy should be focused
- Trade promotion
- Provision of quality seed and saplings
- Improve post-harvest handling
- Follow SPS
- Crop insurance facility promotion
- The overall paper presentation gives a complete information on vegetables and spices in a short time
- Major issues, challenges and problems are covered but not disintegrated with responsible organization/institutions

- Tried to cover most of the problems but lacks to prioritize the major ones
- Provide the clear way forward in both crops for further research and development
- उपयुक्त pollinizer (male)
- Varieties of kiwi need to be developed or introduced for better fruit quality
- Include disease and pests of Avocado and kiwi
- Need to develop year-round calendar of orchard and nursery management for each of these emerging crops for good quality sapling and fruit production
- Suitable variety development and post-harvest management for year-round availability

The problems and issues raised by the presenter towards fruit nursery are mainly the inadequate quality of saplings, dependence on the imported high density apple grafts, lack of certification, lack of quality control on private nurseries, no implementation of the bud wood certification program, weak enforcement of the seed act and regulation along with the lack of nursery act among others. Regarding the fruit orchard management, the major problems and issues are related to overall orchard management, nutrient management, training and pruning, trellising facilities, irrigation and fruit thinning.

Towards the insect pest and disease management, there are some serious insect pests and diseases which are causing the loss and decline of the orchards. Post-harvest handling is another important issue which entails a remarkable loss of the fruits both in terms of the quality and quantity and marketing issues are also prominent.

Other Highlighted issues include the availability of the skilled human resources and technical services, issues in coordination among the different tiers of the government, weak research and development work and insufficient extension services. The available data on fruits also to be questionable which the basis of planning.

Some other issues include the informal trade, weak enforcement of the plant quarantine, including plant quarantine, lack of coordination among the border agencies.

The recommended way forward for a vibrant fruit sector include action research on different aspects of the fruit farming, expedite registration of fruit verities, and nursery certification availing the quality of mother plants, human resource capacity enhancement, implement special program on mandarin as the national fruit crop.

# अनुसूची १

**लक्षित सहभागीहरू**

- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट -३ जना
- कृषि विभाग अन्तरगतका केन्द्रीय निकायहरूबाट -१० जना
- प्रदेश कृषि मन्त्रालय/निर्देशनालयबाट -७ जना
- प्रदेश फार्म केन्द्रहरूबाट -१० जना
- PQPMC, AITC, SQCC -५ जना
- FANSEP, REED, ASDP -५ जना
- PMAMP -१० जना
- NARC -४ जना
- पुष्प विकास केन्द्र, गोदावरी -१ जना
- शीतोष्ण फलफूल रुटस्टक विकास केन्द्र, दोलखा -१ जना
- बागवानी विकास स्रोत केन्द्र, कास्की -१ जना
- कृषि ज्ञान केन्द्र, ललितपुर -१ जना
- बागवानी क्षेत्रमा काम गर्ने व्यावसायिक कृषक, कृषि उद्यमी -१०जना
- बागवानी विज्ञहरू-७ जनाका साथै विभागबाट २० जना गरी जम्मा ८०-९० जना

# ६. ४४औँ विश्व खाद्य दिवस कार्यक्रमको प्रतिवेदन

मितिः २०८१/०६/२१

कार्यक्रमको नामः ४४ औं विश्व खाद्य दिवस मनाउने कार्यक्रम

स्थानः कृषि विभाग, हरिहरभवन, ललितपुर

## १. परिचय पृष्ठभूमिः

सन् १९८१ देखि खाद्य तथा कृषि सङ्गठन स्थापना भएको दिन प्रत्येक वर्षको १६ अक्टोवरमा संसार भरका लगभग १८० भन्दा बढी सदस्य राष्ट्रहरूमा विश्व खाद्य दिवस मनाइन्छ। यसै अनुरूप नेपालमा पनि सन् १९८१ अर्थात वि.सं. २०३८ सालमा प्रथम विश्व खाद्य दिवस मनाइएको थियो। कृषि उत्पादन तथा खाद्य सुरक्षा सम्बन्धी जनस्तरमा चेतना जगाउने र यस क्षेत्रमा लागिरहेका सङ्घ संस्थाहरूलाई प्रोत्साहित गर्न वार्षिक रूपमा खाद्य तथा कृषि सङ्गठनसँग समन्वय गरी यो दिवस केन्द्रीय र जिल्लास्तरमा मनाउँदै आइएकोमा देशमा सङ्घीयता लागू भए पश्चात् सङ्घ, प्रदेश तथा स्थानीय तहमा विभिन्न कार्यक्रम गरी मनाउँदै आइएको छ।

## २. कार्यक्रमको उद्देश्यः

- खाद्य वस्तुमा सबैको पहुँज वृद्धि गर्दै भोकमरी र कुपोषणको अन्त्य गर्नका लागि जनचेतना अभिवृद्धि गर्ने। साथै रैथाने बालीहरूको खाद्य सुरक्षामा भूमिकाका बारेमा प्रचार प्रसार गर्ने।
- कृषि तथा खाद्य उत्पादन वृद्धि गर्ने प्रयासमा अविरल रूपमा लाग्न र खाद्य वस्तु पाउनु प्रत्येक नागरिकको नैसर्गिक हक हो भन्ने बिषयमा जनचेतना वहस पैरवी लगायतबाट सुसूचित गराउने।
- केन्द्रस्तर प्रदेशस्तर र स्थानीय तहस्तरमा जनचेतनामूलक कार्यक्रम आयोजना गरी विभिन्न विधामा पुरस्कार प्रदान गर्ने ।

## ३. क्रियाकलापहरू

सन् २०२४ मा विश्व खाद्य दिवस (World Food Day) मनाउन खाद्य तथा कृषि सङ्गठन (FAO) बाट प्राप्त **Theme "Right to foods for a better life and a better future"** लाई नेपालीमा रूपान्तरित नारा **"सुखी जीवन र समुन्नत भविष्यको लागि खाद्य अधिकार"** अनुसार नेपालमा ४४औं विश्व खाद्य दिवस राष्ट्रिय, प्रदेश र स्थानीय तहस्तरमा विभिन्न कार्यक्रम सञ्चालन गरी देशव्यापी भव्य रूपमा सम्पन्न गर्नको लागि विश्व खाद्य दिवस समिति नेपालको २०८१/०६/०४ को निर्णय बमोजिम ४४औं विश्व खाद्य दिवस मनाउन सञ्चालन गरिने विभिन्न क्रियाकलापहरू सुक्ष्म तयारी एवम् समन्वयका लागि तपसिल अनुसारको उपसमिति गठन गरी कार्य जिम्मेवारी तोकी सोहीअनुसार काम सम्पन्न गरियो।

**तपसिल**

**क) समन्वय तथा मूल समारोह व्यवस्थापन उप-समिति**

संयोजकः श्री राजेन्द्र कोईराला, उप-महानिर्देशक, कृषि विभाग

सदस्यः श्री रिती सिंह, वरिष्ठ बागवानी विकास अधिकृत, कृषि विभाग

सदस्यः मणिरत्न अर्याल, वरिष्ठ कृषि अर्थ विज्ञ, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र

सदस्यः श्री पदम प्रसाद अधिकारी, वरिष्ठ बागवानी विकास अधिकृत, समशीतोष्ण बागबानी केन्द्र

सदस्यः श्री किरणहरि मास्के, वरिष्ठ माटो विज्ञ, केन्द्रीय कृषि प्रयोगशाला

सदस्यः डा. प्रकाश आचार्य , वरिष्ठ बाली विकास अधिकृत, बीउविजन गुणस्तर नियन्त्रण केन्द्र

सदस्यः डा. सनम महर्जन, पशु चिकित्सक, पशु सेवा विभाग

सदस्य सचिवः श्री पुष्पा ज्ञवाली, कृषि प्रसार अधिकृत, कृषि विभाग

**कार्य जिम्मेवारी**

- सम्बन्धित निकायहरूलाई पत्राचार गर्ने,
- भिडियो कविता मूल्याङ्कन गर्ने,
- निमन्त्रणा गर्ने,
- प्रभातफेरि तथा मूल समारोह व्यवस्थापन गर्ने,
- प्रस्तुतीकरण व्यवस्थापन गर्ने,
- अतिथिहरूको स्वागत गर्ने,
- स्टेशनरी व्यवस्थापन गर्ने,
- अन्य सङ्घ संस्थाहरूसँग समन्वय गर्ने,
- मूल समारोह समितिले तोकेका अन्य आवश्यक कार्यहरू गर्ने।

**ख) प्रचार प्रसार तथा सन्देश व्यवस्थापन उप-समिति**

- संयोजकः डा. अरुण काफ्ले, उप-महानिर्देशक, कृषि विभाग
- सदस्यः डा. महादेव प्रसाद पौडेल, कार्यकारी निर्देशक, कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति
- सदस्यः डा. प्रकाशराज विष्ट, वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि सूचना तथा प्रशिक्षण केन्द्र
- सदस्यः डा. फणिन्द्र राज देवकोटा, वरिष्ठ बाली संरक्षण अधिकृत, प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र
- सदस्यः श्री अनुशा कार्की, कृषि अर्थ विज्ञ, कृषि विभाग
- सदस्यः श्री भवानी खतिवडा, कृषि प्रसार अधिकृत, कृषि विभाग
- सदस्यः श्री तोयानाथ जोशी, बाली संरक्षण अधिकृत, राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास केन्द्र
- सदस्यः श्री सुजन पोखरेल, बाली संरक्षण अधिकृत, व्यावसायिक कीट विकास केन्द्र
- सदस्यः श्री उद्धव अधिकारी, संयोजक खाद्यका लागि कृषि अभियान

- सदस्यः श्री सुमन गिरी, Media and Communication Specialist, FAO, Nepal
- सदस्य सचिवः कलशराम चौधरी, वरिष्ठ कृषि अर्थ विज्ञ, कृषि विभाग

**कार्य जिम्मेवारी**

  - पोष्टर, फ्लेक्स, निमन्त्रणा कार्ड र ब्यानरको डिजाइन तथा तयारी गर्ने,
  - सम्माननीय प्रधानमन्त्रीको ४४औं विश्व खाद्य दिवसको उपलक्ष्यमा प्रकाशन हुने शुभकामना सन्देश तयार गर्ने,
  - माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीको ४४औं विश्व खाद्य दिवसको उपलक्ष्यमा प्रसारण गरिने रेडियो सन्देश तयार गर्ने,
  - कृषि सूचना तथा प्रशिक्षण केन्द्रसँग समन्वय गरी TV talk show का विज्ञहरू छनौट गरी रेकर्डिङ र प्रसारण गर्ने,
  - मूल समारोह समितिले तोकेका अन्य आवश्यक कार्यहरू गर्ने।

यस वर्षको विश्व खाद्य दिवस निम्न बमोजिमका गतिविधिहरू/कार्यक्रम सञ्चालन गरी भव्यरूपमा मनाइयो।

- विश्वखाद्य दिवस सम्बन्धी संक्षिप्त जानकारी सहितको फ्लेक्स पोष्टर र स्ट्यान्डी तयारी तथा छपाइ गरियो।
- सम्पूर्ण प्रदेश कार्यालय तथा ज्ञान केन्द्र, मन्त्रालय तथा विभाग अन्तर्गतका निकायहरूमा पोस्टर तथा प्रचार प्रसार सामग्री वितरण
- सम्पूर्ण प्रदेश मन्त्रालयमा ४४औं विश्व खाद्य दिवस विभिन्न कार्यक्रम सञ्चालन गरी मनाउने सम्बन्धी अनुरोध पत्र पठाइएको
- भिडियो कविता वाचन प्रतियोगिता आयोजना
- ११ वटा विधामा उत्कृष्ट कृषक तथा उद्यमी छनौट
- कृषि तथा खाद्य सुरक्षा सम्बन्धी (रेडियो/टेलिभिजन सम्वाद तथा Panel discussion)
- सम्माननीय प्रधानमन्त्रीको शुभकामना सन्देश राष्ट्रिय दैनिकमा प्रकाशन
- माननीय मन्त्रीको रेडियो सन्देश प्रसारण
- प्रभातफेरी कार्यक्रम
- विश्वखाद्य दिवस मूल समारोह सञ्चालन तथा समापन

## ४. ४४औँ विश्व खाद्य दिवसको उपलक्ष्यमा विभिन्न ११ वटा विधामा उत्कृष्ट ठहरिई पुरस्कारको लागि छनौट भएका कृषकहरूको नामावली

| सि.नं. | नाम, थर | विधाको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री हेमराज देवकोटा | मौरीपालन व्यवसाय | इश्वरपुर न.पा. -४ सर्लाही |
| २ | श्री कृष्ण प्रसाद घिमिरे | च्याउ उत्पादन व्यवसाय | गोदावरी न.पा. -११, ललितपुर |

| सि.नं. | नाम, थर | विधाको नाम | ठेगाना |
|---|---|---|---|
| ३ | श्री निर्मल अधिकारी | तरकारी उत्पादन व्यवसाय | अर्जुनधारा न.पा. - ८ झापा |
| ४ | श्री नरिलाल कामी | मसलाबाली उत्पादन | मंगला गा.पा.-३ म्याग्दी |
| ५ | श्री मनकुमारी रोका मगर | प्राङ्गारिक उत्पादक | पुथाउत्तरगंगा गा.पा.-१० रुकुम पूर्व |
| ६ | श्री देबीमाया रेग्मी | फलफूल बगैंचा (सुन्तलाजात) | गैडकोट न.पा. -१८, नवलपुर पूर्व |
| ७ | श्री खड्ग राजवंशी | खाद्यान्न बाली (धान) उत्पादन | शिकचनकवल गा.पा.-६, झापा |
| ८ | श्री बसन्त बहादुर खड्का | रैथाने कृषि उपज | मष्टा १, बझाङ |
| ९ | श्री खगेन्द्र सुवेदी | मत्स्यपालन | भरतपुर म.न.पा. -१० चितवन |
| १० | श्री दिपक राना | पशुपालन (बङ्गुर) | शुक्लागण्डकी न.पा. -२ तनहुँ |
| ११ | श्री जुबकला पाण्डे | प्राथमिक खाद्य प्रशोधनकर्ता | चन्द्रागिरी-८ काठमाडौं |

### ५. ४४औँ विश्व खाद्य दिवसको उपलक्ष्यमा आयोजित भिडियो कविता वाचन प्रतियोगितामा उत्कृष्ट स्थान हासिल गर्न सफल विद्यार्थीहरू

| क्र.सं. | नाम | ठेगाना | हासिल स्थान |
|---|---|---|---|
| १ | कन्चन अधिकारी | पोखरा | प्रथम |
| २ | आनन्द पौडेल | पर्वत | द्वितीय |
| ३ | शेर साउद | डोटी | तृतीय |

### ६. ४४ औ विश्व खाद्य दिवस प्रभातफेरी कार्यक्रमबारे विवरण

बिहान ७:३० बजे कृषि विभागको परिसरमा विभागका सम्पूर्ण कर्मचारीहरू तथा आमन्त्रित महानुभावहरू जम्मा भई ब्यानर र प्लेकार्ड लिई शान्तिपूर्वक कृषि विभागदेखि पुल्चोक परिक्रमा गरी कृषि विभागमा नै फर्कियो। उक्त प्रभातफेरी कार्यक्रममा २०० जनाको उपस्थिति रहेको थियो।

### ७. ४४औँ विश्व खाद्य दिवस मूल समारोह कार्यक्रमबारे विवरण

संयुक्त राष्ट्र सङ्घको विशिष्टिकृत निकाय खाद्य तथा कृषि सङ्गठन (FAO) को स्थापना भएको दिन पारेर प्रत्येक वर्ष अक्टोबर १६ मा विश्व खाद्य दिवस मनाइने भएकोले सोही अनुसार नेपालमा पनि विश्व खाद्य दिवस October महिनाभरि उपयुक्त मितिमा मनाउने प्रचलन अनुसार यस वर्ष राष्ट्रियस्तरमा 7 October, 2024 (वि.सं २०८१/६/२१ गते सोमबार) को दिन ४४औँ विश्व खाद्य दिवसको मूल समारोह, प्रभातफेरी, विशिष्ट व्यक्तित्वको मन्तब्य, प्रस्तुतीकरण र विभिन्न विधाका उत्कृष्ट कृषकहरूलाई सम्मान एवम् पुरस्कृत गर्ने लगायतका कार्यक्रम सञ्चालन गरी भव्य रूपमा मनाइयो।

विश्व खाद्य दिवस समिति नेपालका अध्यक्ष तथा कृषि विभागका महानिर्देशक डा. नरहरि प्रसाद घिमिरेले अध्यक्षता गर्नुभएको कार्यक्रमको प्रमुख अतिथि कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री रामनाथ अधिकारीले गर्नुभएको थियो। सो समारोहमा विशिष्ट अतिथिको रूपमा प्रतिनिधि सभा सदस्य तथा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका माननीय सदस्य सूर्यकुमारी श्रेष्ठ, राष्ट्रिय योजना आयोगका

माननीय सदस्य डा. जय बहादुर टण्डन, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका (कृषि विकास तर्फका) सचिव डा. गोविन्द प्रसाद शर्मा, नेपाल कृषि अनुसन्धान परिषदका कार्यकारी निर्देशक डा. दोजराज खनाल, एफ.ए.ओ. र भुटान र नेपालका आवासीय प्रतिनिधि Mr. Ken Shimizu को उपस्थिति रहेको थियो। साथै अतिथिहरू कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिवहरू, राष्ट्रिय योजना आयोगको सहसचिव, राष्ट्रिय किसान आयोगको सदस्य सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तरगतका केन्द्र प्रमुखहरू, पशु सेवा विभागका महानिर्देशक, सिँचाइ विभागका महानिर्देशक, खाद्य प्रविधि तथा गुणनियन्त्रण विभागका महानिर्देशक, कृषि विभागका उपमहानिर्देशकहरू, पशुसेवा विभागका उपमहानिर्देशकहरू, खाद्य प्रविधि तथा गुणनियन्त्रण विभागका उपमहानिर्देशक, कृषि विभाग अन्तर्गतका केन्द्र प्रमुखहरू, आयोजना प्रमुखहरू, कृषि विकास बैकका महाप्रवन्धक, कृषि सामग्री कम्पनी लि. का प्रबन्ध सञ्चालक, दुग्ध विकास संस्थानका महाप्रवन्धक, ४३औं विश्व खाद्य दिवस समिति, नेपालका सदस्य सचिव, खाद्यका लागि कृषि अभियान संयोजक तथा प्रतिनिधि, पत्रकारहरू तथा सञ्चारकर्मी मित्रहरू, आमन्त्रित कृषि कर्मीहरू तथा पुरस्कृत कृषकहरू रहनुभएको थियो।

राष्ट्रिय गान बजाएर सुरु गरिएको समारोहको समुद्घाटन प्रमुख अतिथि माननीय मन्त्रीले पानसमा दीप प्रज्वलन गरेर गर्नुभएको थियो। कृषि विभागका उपमहानिर्देशक डा. अरुण काफ्लेले स्वागत मन्तव्यमार्फत उपस्थित सम्पूर्णलाई कार्यक्रममा स्वागत गर्दै ४३औं विश्व खाद्य दिवसमाथि प्रकाश पार्नुभयो। उक्त कार्यक्रममा विश्व खाद्य सङ्गठनको तर्फबाट भिडियो सन्देशमार्फत Message from Director General of FAO and UN officials प्रस्तुत गरिएको थियो। सुखी जीवन र समृद्ध भविष्यको लागि खाद्य अधिकार भन्ने वियषमा आफ्नो कार्यपत्र प्रस्तुत गर्दै कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठले नेपालमा खाद्य सुरक्षाको अवस्था र यसमा जलवायु परिवर्तनको चुनौतीबारे प्रष्ट पार्नुभएको थियो।

उत्कृष्ट कृषकको रूपमा छनौट भएका १० जना कृषकहरू र १ जना प्राथमिक खाद्य प्रशोधनकर्ताको साथै ४४औं विश्व खाद्य दिवसको अवसरमा आयोजित भिडियो कविता वाचन प्रतियोगिताका विजेता ३ जनालाई कार्यक्रमका अध्यक्ष, प्रमुख अतिथि, तथा विशिष्ट अतिथिहरूले नगद पुरस्कार र प्रमाणपत्रका साथै माला र खादाले सम्मान गर्नुभएको थियो। पुरस्कृत कृषकहरूको प्रतिनिधित्व गर्दै सर्लाहीका मौरीपालक किसान हेमराज देवकोटाले कृषकलाई सम्मान गर्नु भएकोमा आयोजकलाई धन्यवाद दिँदै किसानका समस्या सम्बन्धमा ध्यानआकर्षण गराउनुभयो। समारोहमा खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारी, एफ।ए।ओ। नेपालका आवासीय प्रतिनिधि Mr. Ken Shimizu, विशिष्ट अतिथि कृषि तथा पशुपन्छी विकास मन्त्रालयका (कृषि विकास तर्फका) सचिव डा.गोविन्द प्रसाद शर्मा, राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जय बहादुर टण्डन र प्रतिनिधि सभा सदस्य तथा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका माननीय सदस्य सूर्यकुमारी श्रेष्ठले आफ्ना भनाई प्रस्तुत गर्नुभएको थियो। प्रमुख अतिथि माननीय मन्त्री मन्त्री रामनाथ अधिकारीले सम्मानित उत्कृष्ट कृषकहरूलाई बधाई दिँदै खाद्य सुरक्षामा नेपालले गर्नुपर्ने पहलबारे चर्चा गर्नु भयो। कार्यक्रममा कृषि विभागका उप-महानिर्देशक श्री राजेन्द्र कोईरालाले कार्यक्रममा सहयोग गर्नुहुने तथा उपस्थित हुनुहुने सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो भने उक्त समारोहका अध्यक्ष एवम् विश्व खाद्य दिवस समिति नेपालका अध्यक्ष तथा कृषि विभागका महानिर्देशक डा. नरहरि प्रसाद घिमिरेले मन्तव्य सहित कार्यक्रम समापन गर्नुभएको थियो।



Government of Nepal
Ministry of Agriculture and Livestock Development
Department of Agriculture

SUSTAINABLE DEVELOPMENT GOALS

FAO

World Food Day 2024

Right to Foods for a Better Life and a Better Future
LEAVE NO ONE BEHIND

" सुखी जीवन र समुन्नत भविष्यको लागि खाद्य अधिकार "

हार्दिक निमन्त्रणा

४४ औं विश्व खाद्य दिवसको उपलक्ष्यमा माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीज्यूको समुपस्थितिमा राष्ट्रिय स्तरमा विश्व खाद्य दिवस समारोह विभिन्न कार्यक्रम सहित आयोजना गरिएको हुँदा उक्त अवसरमा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछु ।

**प्रभात फेरी कार्यक्रम**
मिति : २०८१ असोज २१ गते सोमबार (7 October 2024)
समय : ७:३० बजेदेखि ९:०० बजे सम्म
स्थान : हरिहरभवन - जावलाखेल - हरिहरभवन


**मूल समारोह कार्यक्रम**
मिति : २०८१ असोज २१ गते सोमबार (7 October 2024)
समय : १०:०० बजेदेखि १:०० बजे सम्म
स्थान : कृषि विभागको सभाहल, हरिहरभवन, ललितपुर

**डा. नरहरि प्रसाद घिमिरे**
अध्यक्ष, विश्व खाद्य दिवस समिति, नेपाल
एवम्
महानिर्देशक, कृषि विभाग

World Food Day
16 October 2024

४४ औं विश्व खाद्य दिवस समिति, नेपाल
२०८१ असोज २१ गते

निमन्त्रणा पत्र




**स्ट्यान्डी पोष्टर**

**निष्कर्ष**

सन् २०२४ मा विश्व खाद्य दिवस (World Food Day) मनाउन खाद्य तथा कृषि सङ्गठन (FAO) बाट प्राप्त Theme **"Right to foods for a better life and a better future"** लाई नेपालीमा रूपान्तरित नारा **"सुखी जीवन र समुन्नत भविष्यको लागि खाद्य अधिकार"** अनुसार नेपालमा ४४औं विश्व खाद्य दिवस राष्ट्रिय, प्रदेशस्तरमा पोष्टर तथा ब्रोसर वितरण, रेडियो तथा राष्ट्रिय पत्रिकामा प्रधानमन्त्री तथा कृषि तथा पशुपन्छी विकास मन्त्रीको शुभकामना सन्देश, भिडियो कविता वाचन प्रतियोगिता, र विभिन्न विधाका उत्कृष्ट कृषकहरूलाई सम्मान एवम् पुरस्कृत गर्ने, प्रभातफेरी, Panel Discussion आदि जस्ता विभिन्न कार्यक्रम सञ्चालन गरी देशव्यापी भव्य रूपमा सम्पन्न गरियो।

# ७. कार्य विस्तृतीकरण र सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा कृषि विभागद्वारा सातै प्रदेशमा प्रस्तुत गरिएका कार्यपत्रहरू

## क. पृष्ठभूमि र उद्देश्य

नेपाल सङ्घीय संरचनामा प्रवेश गरेसँगै कृषि विकासका कार्यक्रमहरू तीनै तहका सरकारहरूको कार्यक्षेत्रभित्र रही सोही अनुसार सञ्चालन हुँदै आइरहेका छन्। नेपालको संविधानले कृषि क्षेत्रको समग्र विकास प्रक्रियामा तीनै तहका सरकारहरूको भूमिका र अधिकारलाई निर्देशित गरेको छ। संविधानको प्रावधान अनुसारको सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रलाई कार्यविस्तृतीकरण गरी थप स्पष्ट गरिएको छ। जस अनुसार नीतिगत व्यवस्था, नियमन, प्लान्ट क्वारेन्टिन तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरण जस्ता विषयहरू सङ्घीय सरकारको अधिकारक्षेत्र भित्र रहेको छ भने कृषिमा आधारित उद्यमशीलता विकास र स्थानीय तहमा कार्यरत प्राविधिकहरूको क्षमता विकास प्रदेश सरकारको कार्यक्षेत्र भित्र परेको छ। त्यसैगरी कृषि प्रसार कार्यक्रमको सञ्चालन र व्यवस्थापन स्थानीय सरकारको कार्यक्षेत्र भित्र परेको छ। सङ्घीय सरकारले राष्ट्रिय महत्त्वका कार्यक्रमहरू सञ्चालनको लागि प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरणमार्फत ती निकायहरूमार्फत सशर्त अनुदान प्रवाह गरी कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यसै सन्दर्भमा कृषि विभागको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरणमार्फत सञ्चालित कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका समस्याहरू पहिचान गरी आगामी दिनमा यस्ता किसिमका कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धिमा टेवा पुर्‍याउने उद्देश्यले सातै प्रदेशमा समन्वयात्मक गोष्ठी सञ्चालन गर्ने कार्यक्रम रहेको छ। जस अनुसार मिति २०८१ माघ २५ गते शुक्रवार कृषि उपज थोक बजार धरान, सुनसरीमा कोशी प्रदेशस्तरीय गोष्ठी सञ्चालन गरिएको थियो।

## ख. प्रस्तुत भएका कार्यपत्रहरू र उठान गरिएका मुख्य विषयवस्तुहरू

उक्त गोष्ठीमा देहाय बमोजिमका ३ वटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो।

**कार्यपत्र १: प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रम सम्बन्धी परिचयात्मक छलफल**

### १.१ कृषि तथा पशुपन्छी विकास कार्यमा सङ्घ, प्रदेश तथा स्थानीय तहको कार्य जिम्मेवारी

**क. सङ्घबाट सञ्चालन हुने कृषि तथा पशुपन्छी विकासका कार्यहरू**

१. कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान, प्रयोगशाला तथा क्वारेण्टाइन

२. बजार शृङ्खला विकास र राष्ट्रियस्तरको कृषि सूचना तथा सञ्चार एवम् बजार प्रवर्द्धन

३. रासायनिक मल खरिद, आयात तथा अनुदान

४. गरिबी निवारण सम्बन्धी राष्ट्रियस्तरका कार्यक्रम

५. उन्नत बीउबिजन खरिद, विकास, प्रवर्द्धन र सन्तुलित वितरण

६. कृषिक्षेत्रको औद्योगिकीकरण सम्बन्धी कार्यक्रम

७. पशुस्वास्थ्य, पशु रोग नियन्त्रण, महामारी नितन्त्रण, उपचार र औषधि वितरण

८. पशु नश्ल सुधार सम्बन्धी व्यवस्थापन
९. राष्ट्रियस्तरका खोप उत्पादन तथा व्यवस्थापन

**ख. प्रदेशबाट सञ्चालन हुने कृषि तथा पशुपन्छी विकासका कार्यहरू**

१. उत्पादन केन्द्रीत कृषि तथा पशुपन्छी फार्म केन्द्रहरू
२. उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरू
३. कृषिक्षेत्रको व्यावसायीकरण र बजारीकरण सम्बन्धी कार्यक्रम
४. बीउ/नश्ल आपूर्ति र नियमन

**ग. स्थानीय तहबाट सञ्चालन हुने कृषि तथा पशुपन्छी विकासका कार्यहरू**

१. कृषि तथा पशु उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यहरू
२. कृषि तथा पशु प्रसार सम्बन्धी कार्यहरू
३. कृषि क्षेत्रको व्यावसायीकरण, बजारीकरण र औद्योगिकीकरणका लागि उत्पादन वृद्धि कार्यक्रम

## १.२ कृषि क्षेत्रमा बजेट विनियोजनको अवस्था र सञ्चालन हुने प्रमुख कार्यक्रमहरू

### १.२.१ गत आ.व. र चालु आ.व. मा विभिन्न तहमा बजेट विनियोजनको अवस्था

| तह | कृषि विभाग बजेट | |
|---|---|---|
| | आ.व. २०८०/८१ (रू. लाखमा) | आ.व. २०८१/८२ (रू. लाखमा) |
| कृषि विभाग | ३ अर्ब ९२ करोड | ६ अर्ब ९१ करोड |
| कृषि विभागको बजेट उपशीर्षकबाट प्रदेश मन्त्रालय (सशर्त अनुदान) | ३,१७ | ७,९३.५० |
| कृषि विभागको बजेट उपशीर्षकबाट स्थानीय तह (सशर्त अनुदान) | ३१,७७ | २५,३०.४३ |

## १.३. स्थानीय तहमा सशर्त अनुदानका रूपमा हस्तान्तरण गरिएका कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमहरू | बजेट रू. हजारमा |
|---|---|---|
| १ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | ५००००० |
| २ | PMAMP | ५९५२०० |
| ३ | कृषि विभाग | १३०८४१२ |
| ४ | पशु सेवा विगाग | ५६९२४१ |
| ५ | USAID Agriculture Direct financing Project | २५००७४ |

## १.४ कृषि विभाग अन्तर्गत स्थानीय तहमा हस्तान्तरित कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमहरू |
|---|---|
| १ | कृषि स्नातक करार ४६७ |
| २ | हरित विधालय कार्यक्रम ४७ |
| ३ | कृषि बजार पूर्वाधार निर्माण तथा निरन्तरता ४० |
| ४ | भण्डारण पूर्वाधार निर्माण तथा निरन्तरता सहयोग ४१ |

| क्र.सं. | कार्यक्रमहरू |
|---|---|
| ५ | नमूना सुन्तला वगैचा स्थापना सहित गुरु किसान परिचालन र क्षेत्रफल विस्तार<br>गुरु किसान छनौट तथा नमूना फार्म स्थापना सहयोग कार्यक्रम ३१ |
| ६ | साना सिँचाइ पूर्वाधार निर्माण सहयोग ४० |
| ७ | विभिन्न १८२ स्थानीय तहमा खाद्यान्नबालीको उन्नत बीउ उपयोगमा अनुदान (धान, गहुँ, मकै) तथा उन्नत बीउ वितरकलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने |
| ८ | हिंउदे मकै प्रवर्द्धन कार्यक्रम २५ |
| ९ | मकै प्रवर्द्धन कार्यक्रम ४३ |
| १० | चैते धान प्रवर्द्धन कार्यक्रम मसिना तथा बास्नादार धान प्रवर्द्धन कार्यक्रम मार्सी धान प्रवर्द्धन कार्यक्रम ७२ |
| ११ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम ७१ |
| १२ | कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रम ३७ |
| १३ | कृषि एम्बुलेन्स खरिद सहयोग ५० प्रतिशत लागत साझेदारीमा ६ |
| १४ | फलफूल प्रवर्द्धन कार्यक्रम ४ |
| १५ | तरकारी खेती प्रवर्द्धन कार्यक्रम १४ |
| १६ | व्यावसायिक मौरी प्रवर्द्धन कार्यक्रम ६ |
| १७ | परिवारिक खेती प्रवर्द्धन कार्यक्रम १५ |

## १.५ प्रदेश मन्त्रालयमार्फत सञ्चालनमा रहेका कार्यक्रमहरू

| कार्यक्रम आयोजना | कूल बजेट (रू. लाखमा) | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | |
| कृषि विभाग | १३५०० | २३१५० | ३५१५० | १४१७० | ३०१५० | १९०२० | १७६५० | १५२७९० |
| पहाडी काष्ठफल तथा फलफूल विकास आयोजना | १९३०७२ | | ११२७७४ | २१७०४७ | | १३३१४७ | १४१९०७ | ७९७९४७ |
| PMAMP | १७६७० | १०४९० | १६६९० | १३४३० | १५७१० | १२४५० | ११४७० | ९७९१० |
| बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ४६०० | | | | | | | |
| यू.एस.एड. एग्रिकल्चरल डाइरेक्ट फाइनेन्सिङ प्रोजेक्ट | | | | | २८३८० | | ४५०९६ | |
| जम्मा | २२८८४२ | ३३६४० | १६४६१४ | २४४६४७ | ७४२४० | १६४६१७ | २१६१२३ | १०४८६४७ |

## १.६ कृषि विभागबाट प्रदेशस्तरमा हस्तान्तरण गरिएका कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमहरू | बजेट रू. हजारमा |
|---|---|---|
| १ | बीउ उत्पादन, आपूर्ति तथा गुणस्तर सुदृढीकरण परियोजना | १७०० |
| २ | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम | २९८० |
| ३ | स्रोत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | २३०० |
| ४ | उन्नत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | २००० |
| ५ | DESES कार्यान्वयन (उन्नत बीउको खेत निरीक्षण, बीउ विश्लेषण तथा लट प्रमाणीकरणका) लागि बीउबिजन प्रयोगशालामा प्राविधिक (JT/JTA-२) करार सहयोग (बीउबिजन प्रयोगशाला) | ९०० |
| ६ | कृषि विभाग/बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रसँगको समन्वयमा बीउ अनुदानमा सङ्घीय सशर्त कार्यक्रम रहेका स्थानीय तहहरूलाई बीउबिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ तथा विद्युतीय बीउबिजन प्रणाली (DESES) सम्बन्धी अभिमुखीकरण कार्यक्रम (कृषि विकास निर्देशनालय/बीउबिजन प्रयोगशाला ) | ४०० |
| ७ | कृषि विभाग/बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रसँगको समन्वयमा जिल्लास्थित कृषि हेर्ने कार्यालय तथा प्रादेशिक बीउबिजन प्रयोगशालाहरूलाई बीउबिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ तथा विद्युतीय बीउबिजन प्रणाली (DESES) सम्बन्धी अभिमूखीकरण कार्यक्रम (कृषि विकास निर्देशनालय/बीउबिजन प्रयोगशाला | ५०० |
| ८ | बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रको समन्वयमा उन्नत बीउ उत्पादकहरूलाई DESES तथा गुणस्तर नियमन सम्बन्धी तालिम (प्रादेशिक बीउबिजन प्रयोगशाला) | ५०० |
| ९ | DESES कार्यान्वयनका लागि प्रादेशिक बीउबिजन प्रयोगशालालाई सहजीकरण सहयोग (बीउबिजन प्रयोगशाला) | ३०० |
| १० | DSM update को लागि माटो नमूना सङ्कलन/परीक्षण तथा GPS प्रयोग सम्बन्धी प्राविधिक तालिम (माटो तथा मल परीक्षण प्रयोगशाला झुम्का, सुनसरी र सुरुङ्गा, झापा) | ४०० |
| ११ | Soil Health Card छपाइ तथा वितरण (माटो तथा मल परीक्षण प्रयोगशाला झुम्का, सुनसरी र सुरुङ्गा, झापा) | ३०० |
| १२ | प्रयोगशालाको लागि ग्लास वेयर रसायन र सुरक्षा सामग्री खरिद (माटो तथा मल परीक्षण प्रयोगशाला झुम्का, सुनसरी र सुरुङ्गा, झापा) | ८०० |
| १३ | DSM कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन (माटो तथा मल परीक्षण प्रयोगशाला झुम्का, सुनसरी र सुरुङ्गा, झापा) | २०० |
| १४ | जनशक्ति करार प्रा.स. १ जना (माटो तथा मल परीक्षण प्रयोगशाला झुम्का, सुनसरी र सुरुङ्गा, झापा) | ९२० |
| १५ | माटो नमूना सङ्कलन परीक्षण (माटो तथा मल परीक्षण प्रयोगशाला झुम्का, सुनसरी र सुरुङ्गा, झापा) | ८०० |
| १६ | प्रयोगशाला मसलन्द विविध (माटो तथा मल परीक्षण प्रयोगशाला झुम्का, सुनसरी र सुरुङ्गा, झापा) | २०० |

## १.३ कृषि तथ्याङ्कमा प्रदेश र स्थानीय तह

### २.१ प्रदेश अनुसार स्थानीय तहको विवरण

| प्रदेश | स्थानीय तहको सङ्ख्या | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महानगरपालिका | वडा | उप महानगरपालिका | वडा | नगरपालिका | वडा | गाउँपालिका | वडा | स्थानीय तह | वडा |
| कोशी | १ | १९ | २ | ४० | ४६ | ४९७ | ८८ | ६०१ | १३७ | ११५७ |
| मधेस | १ | ३२ | ३ | ७६ | ७३ | ८०४ | ५९ | ३५९ | १३६ | १२७१ |
| बागमती | ३ | १०० | १ | १९ | ४१ | ४७० | ७४ | ५४२ | ११९ | ११२१ |
| गण्डकी | १ | २३ | ० | | २६ | ३१७ | ५८ | ४०९ | ८५ | ७५९ |
| लुम्बिनी | ० | | ४ | ८० | ३२ | ३७६ | ७३ | ५२७ | १०९ | ९८३ |
| कर्णाली | ० | | ० | | २५ | ३०३ | ५४ | ४१५ | ७९ | ७१८ |
| सुदूरपश्चिम | ० | | १ | १९ | ३३ | ३५२ | ५४ | ३६३ | ८८ | ७३४ |
| जम्मा | ६ | १७४ | ११ | २३४ | २७६ | ३११९ | ४६० | ३२१६ | ७५३ | ६७४३ |

### २.२ प्रदेश अनुसार कृषि कार्यमा उपयोग गरिएको जमिनको विवरण

| प्रदेश | खेती गरिएको जमिन | प्रतिशत | Rank |
|---|---|---|---|
| कोशी | ६०२४७२ | २३.८५ (I) | I |
| मधेस | ५४१२६८ | २१.४३(II) | II |
| बागमती प्रदेश | ३२८२९७ | १३.०० (IV) | IV |
| गण्डकी प्रदेश | २०९७९८ | ८.३१(VII) | VII |
| लुम्बनी प्रदेश | ४,८४,६७८ | १९.१९(III) | III |
| कर्णाली प्रदेश | १४१६९५ | ५.६१ | VII |
| सूदुर पश्चिम प्रदेश | २१७४३० | ८.६१(VI) | V |
| जम्मा | २५२५६३८ | १०० | |

श्रोतः राष्ट्रिय कृषि गणना २०७८

### २.३ कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान

| प्रदेश | खेती गरिएको जग्गा प्रतिशत | योगदान | Rank | वृद्धिदर | Rank |
|---|---|---|---|---|---|
| कोशी | २३.८५ | १४.६० | II | ६.६० | V |
| मधेश | २१.४३ | १२.८३ | IV | ६.७० | IV |

| प्रदेश | खेती गरिएको जग्गा प्रतिशत | योगदान | Rank | वृद्धिदर | Rank |
|---|---|---|---|---|---|
| बागमती प्रदेश | १३.०० | ४१.३६ | I | ७.४६ | I |
| गण्डकी प्रदेश | ८.३१ | ८.३२ | V | ७.१२ | III |
| लुम्बनी प्रदेश | १९.१९ | १३.०७ | III | ७.४५ | II |
| कर्णाली प्रदेश | ५.६१ | ३.४४ | VII | ५.७१ | VII |
| सूदुर पश्चिम प्रदेश | ८.६१ | ६.२५ | VI | ६.३२ | VI |
| जम्मा | १०० | १०० | | १०० | |

## ३. प्रदेश र स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरिक कृषि विकास कार्यक्रमका विशेषताहरू

१. प्रदेश मन्त्रालय र मातहतका निकाय तथा स्थानीय तहमार्फत राष्ट्रिय महत्त्व तथा स्थानीय सम्भाव्यताका कृषि विकास कार्यक्रम सञ्चालन।

२. प्रदेश मन्त्रालय र मातहतका निकाय तथा स्थानीय तह मुख्य कार्यान्वयन निकाय र नेतृत्वदायी भूमिका

- प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
- कृषि विकास निर्देशनालय
- कृषि ज्ञान केन्द्र
- कृषि शाखा स्थानीय तह

३. तीन तहको सरकारको एकीकृत र समन्वयात्मक भूमिका

४. बजेट तथा कार्यक्रम बाँडफाँड, स्वीकृति र प्रतिवेदन - प्रदेश सरकार र स्थानीय तहको ढाँचामा सम्प्रेषण

## ४. वित्तीय हस्तान्तरित कार्यक्रम कार्यान्वयनका समस्या तथा चुनौतीहरू

### ४.१ उद्देश्यमूलक कार्यक्रम छनौट

- योजना निर्माण प्रक्रिया र चरणहरू पार नहुनु।
- कार्यक्रम लागत लाभ विश्लेषण नहुनु
- सम्भाव्यता अध्ययनको कमी

### ४.२ साझेदार र सरोकारवाला बीच समन्वयको कमी

- समन्वय बैठक, अन्तरक्रिया तथा छलफल नियमित रूपमा नहुने
- वान्छित रूपमा सहभागितात्मक निर्णय प्रक्रिया अबलम्बन नहुने।
- कृषि विकाससँग सम्बन्धित संगठित संस्था (गठन तथा परिचालन) व्यवस्थित हुन नसक्नु।

### ४.३ साधन स्रोत सम्बन्धी समस्या

- न्यून बजेट र छर्ने प्रवृत्ति।
- विनियोजन भएको बजेट पनि खर्च नहुने

### ४.४ उपयुक्त कार्यविधि निर्देशिकाको अभाव

- संस्थागत विकास र जनचेतना
- प्राविधिक र सीप विकास तालिम
- संस्थागत समन्वय (प्राविधिक सेवा प्रदायक, वित्तीय सेवा प्रदायक, कृषि पूर्वाधार विकास निकाय)
- बजारीकरण र व्यवसाय प्रवर्द्धन

### ४.५ कार्यक्रम कार्यान्वयन प्राविधिक दक्ष जनशक्तिको कमी

### ४.६ उपयुक्त प्रविधि, बीउबिजन, मलखाद, सिँचाइ र कृषि औजार उपकरणको कमी

### ४.७ बैंक तथा वित्तीय संस्थाहरूबाट कृषि क्षेत्रमा समुचित लगानी वातावरणको कमी

### ४.८ कृषि क्षेत्रका प्रमुख जोखिमहरू उत्पादन जोखिम, मूल्य जोखिम र बजार जोखिम न्यूनीकरणका उपायहरू कृषि बीमा, न्यूनतम समर्थन मूल्य निर्धारण र कार्यान्वयन र करार खेतीको उपयुक्त प्रबन्ध हुन नसक्नु।

### ४. ९ कार्यक्रम कार्यान्वयन गर्ने जनशक्तिको क्षमता अभिवृद्धि, वृद्धि विकास, तालीम तथा Exposure Visit को कमी

### ४.१० तीन तहको सरकारका निकाय बीच कार्यक्षेत्र र जिम्मेवारीबारे अनौल्यता र कार्यमूलक समन्वयको अभाव

अनुगमन तथा मूल्याङ्कन र पृष्ठपोषणको कमी

- प्रगति प्रतिवेदन समयमा प्राप्त नहुने।
- अनुगमन प्रभावकारी रूपमा हुन नसक्नु।

### ४.११ कार्यक्रमको प्रभावकारिता र उपादेयता अध्ययनको अवश्यकता।

**कार्यपत्र २: प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रम सम्बन्धमा जानकारी**

### २.१ प्रदेश तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरू

१. विकेन्द्रीकृत एवम् बहुपक्षीय कृषि सेवा विकास कार्यक्रमको लागि सहयोग

२. प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम

३. उन्नत बीउ उत्पादनमा प्रोत्साहान अनुदान कार्यक्रम (धान, गहुँ र मकै)

४. बीजवृद्धि कार्यक्रमको लागि पूर्वाधार विकास सहयोग कार्यक्रम

५. बीउ प्याकेजिङ मेसिन सहयोग

६. आकस्मिक बाली संरक्षण कार्यक्रम

७. Fall Army Worm सचेतना कार्यक्रम

८. लेभलिङ तथा प्याकेजिङ सामग्री उपलब्ध गराउने

९. स्रोत बीउ उत्पादनको लागि कृषक/समूह/सहकारी/उद्यमीका लागि प्राविधिक सेवाका लागि बाली प्रजजक/बाली विज्ञको सेवा करार

१०. स्थानीय तह तथा जिल्लाहरूमा सञ्चालित कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरूको अनुगमन एवम् प्रतिवेदन

११. फार्म केन्द्रको स्तरोन्नति र स्रोत बीउ तथा वेर्ना उत्पादन कार्यक्रम

१२. प्रदेश मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सङ्घीय कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरूको अनुगमन तथा प्रतिवेदन

## २.२ स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरू

| |
|---|
| १. किसान सूचीकरण कार्यक्रम |
| २. धान, मकै, गहुँ उत्पादन प्रवर्द्धन कार्यक्रम (बाली विकास) |
| ३. रैथाने बाली प्रवर्द्धन कार्यक्रम (बाली विकास कार्यक्रम) |
| ४. खाद्यान्न बाली उन्नत बीउ उपयोगमा मूल्य अनुदान |
| ५. उन्नत बीउ वितरकलाई प्रोत्साहन अनुदान |
| ६. फलफूल दशक बिरुवा रोपण कार्यक्रम |
| ७. मध्यम प्रविधियुक्त बहुउद्देश्यीय फलफूल नर्सरी स्थापान कार्यक्रम |
| ८. पूरानो फलफूल नर्सरी सुदृढीकरण |
| ९. व्यावसायिक कागती, स्याउ, ओखर खेती विस्तार कार्यक्रम |
| १०. बीउ आलु उत्पादन कार्यक्रम |
| ११. प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम |
| १२. डिपिआर अनुसार कृषि बजार पूर्वाधार निर्माण तथा निरन्तरता |
| १३. कोल्डरुम/पोर्टेबल कोल्ड च्याम्बर निर्माण (लागत साझेदारी ५० प्रतिशत) |
| १४. मकै उत्पादन तथा प्रशोधन केन्द्र |
| १५. कृषि उपज बजार पूर्वाधार निर्माणका लागि सहयोग |
| १६. प्राङ्गारिक कृषिसँग सम्बन्धित निजी क्षेत्रको सहकार्यमा च्याउ खेती |
| १७. कृषि उपज सङ्कलन केन्द्र निर्माण |
| १८. साना सिँचाइ पूर्वाधार निर्माण |
| १९. कृषि मेसिन मर्मत केन्द्र स्थापना |
| २०. कृषि बजार स्तरोउन्ति |
| २१. जिल्ला सहकारी सङ्घको समन्वयमा सामुदायिक कृषि सेवा केन्द्र निर्माण |

| |
|---|
| २२. हाट बजार निर्माण सहयोग |
| २३. कृषि बजार निर्माणका लागि डिपिआर |
| २४. सोलारबाट लिफ्ट सिँचाइ आयोजना |

## ४. कार्यपत्र ३ : प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ का मुख्य प्रावधानहरू

**पृष्ठभूमि**

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट आ.व. २०८१/८२ मा कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमहरूको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले, नेपाल सरकार, विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

**क. मुख्य प्रावधानहरू**

संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अनुदान" भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यावसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक सुविधा, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलव्ध गराइने कृषि सामग्री, उपकरण तथा अन्य सहायता सम्झनुपर्छ।

(ख) अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका लाभग्राही कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति र कृषि व्यवसायीहरूलाई सम्झनु पर्छ।

(ग) "कृषि" शब्दले बाली, बागवानी, व्यावसायिक कीट आदिका उप-क्षेत्रसँग सम्बन्धित उत्पादन, प्रशोधन उद्योग एवम् व्यवसायलाई सम्झनुपर्छ।

(घ) "कृषि सामग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने प्राङ्गारिक मल, बिउ, बेर्ना, बिरुवा, विषादी, जैवीक पदार्थ तथा हार्मोन, कृषि चुन पोषक तथा शुक्ष्म तत्त्व, मौरी घार, मौरी गोला, कृषि औजार, उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामग्री/वस्तुलाई समेत सम्झनुपर्छ।

(ङ) "सार्वजनिक पूर्वाधार" भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने बजार पूर्वाधार, तटबन्ध तथा बाँध निर्माण, सिँचाइका पूर्वाधारहरू लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरूलाई सम्झनुपर्छ।

(च) "सामुदायिक पूर्वाधार" भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने सिँचाइ पूर्वाधार, उत्पादन तथा प्रशोधन पूर्वाधार, कृषि बजार पूर्वाधार लगायत अन्य सामुदायिक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरूलाई सम्झनुपर्छ।

(छ) "सशर्त कार्यक्रम" भन्नाले सङ्घीपय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरणमार्फत प्रदेश वा स्थानीय तहमा वा दुवैमा गएका कृषि सम्बन्धी कार्यक्रमहरूलाई सम्झनुपर्छ।

(ज) "निजी पूर्वाधार" भन्नाले कृषक वा फार्म वा कम्पनीबाट निर्माण हुने साना सिँचाइ, नर्सरी स्थापना, संरक्षित संरचना जस्ता उत्पादन, प्रशोधन तथा बजार सम्बन्धी विभिन्ननिजी प्रयोजनका पूर्वाधारहरूलाई सम्झनुपर्छ।

(झ) "निर्देशक समिति" भन्नाले अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि दफा ७ बमोजिमको समिति सम्झनु पर्छ।

(ञ) "समन्वय तथा अनुगमन समिति" भन्नाले अनुदान प्रवाहकार्यलाई अनुगमन र सञ्चालन प्रक्रियामा सहजीकरण गर्नका लागि दफा ७ बमोजिमको समिति सम्झनु पर्छ।

(ट) "बैंक" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कम्तीमा "घ" बर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि क्षेत्र हेर्ने सङ्घीनय मन्त्रालय सम्झनु पर्छ।

(ड) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश स्थित कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ढ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

(ण) "लक्षित वर्ग" भन्नाले कृषक, कृषि उद्यमी/उद्योगी, कृषक समूह, कृषि/कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिका सदस्यलाई सम्झनु पर्छ।

(त) "सम्बन्धित कार्यालय" भन्नाले प्रदेश मन्त्रालयको जिल्ला स्थित कृषि हेर्ने कार्यालय र स्थानीय तहलाई सम्झनु पर्छ।

(थ) "विद्यालय" भन्नाले नेपाल सरकारबाट स्थापित सार्वजनिक तथा सामुदायिक लगानीमा सञ्चालित वा स्थापित विद्यालय सम्झनु पर्छ।

उद्देश्यः यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरूको उद्देश्यहरू देहाय बमोजिम हुनेछन्-

(क) सशर्त कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरी एकरूपता कायम गर्ने।

(ख) सशर्त कार्यक्रमहरूको सम्बन्धमा सरोकारवालाहरूलाई सुसूचित गर्ने।

(ग) सशर्त कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन एवम् प्रगति प्रतिवेदन पद्धतिलाई प्रभावकारी बनाउने।

अनुदान उपलब्ध गराउन सक्नेः प्रदेश मन्त्रालय तथा स्थानीय तहले स्वीकृत सशर्त कार्यक्रम बमोजिम यस कार्यविधिको परिच्छेद-३ मा उल्लेखित कार्यक्रमहरूको उद्देश्य, प्रमुख क्रियाकलापहरू र न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय अनुसार प्रसार सेवा, क्षमता अभिवृद्धि, सिमान्त कृषक सम्बन्धी कार्यक्रम तथा आवश्यकता अनुसार व्यवसाय प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न र अनुदान उपलब्ध गराउन सक्नेछ।

अनुदान रकमको सीमा र प्रतिशतः प्रदेश मन्त्रालय तथा अन्तर्गतका निकाय र स्थानीय तहले सशर्त कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कृषि विकास कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निकायबाट निर्माण गरिने कृषि पूर्वाधार निर्माण (सार्वजनिक कृषि पूर्वाधार) को हकमा अधिकतम १००% हुनेछ।

(ख) कृषक समूह वा कृषि सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरू वा कृषि उद्यमी वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका कृषि पूर्वाधारहरू (सामुदायिक कृषि पूर्वाधार) को हकमा अधिकतम ८५% हुनेछ।

(ग) निजी एवम् व्यावसायिक प्रयोजनका कृषि पूर्वाधारहरू (निजी कृषि पूर्वाधार) को हकमा अधिकतम ५०% हुनेछ।

(घ) प्रविधि प्रसार, बाली संरक्षण, माटो सुधार तथा तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुनेछ।

(ङ) कृषि सामग्रीको हकमा अनुदानको सीमा ५० % हुनेछ।

निर्देशक समितिः (१) प्रदेश मन्त्रालय र स्थानीय तहमार्फत सशर्त कार्यक्रम सञ्चालन तथा अनुदान प्रवाहको प्रक्रियालाई सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | संयोजक |
| (ख) | सह-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| (ग) | सह-सचिव (कृषि क्षेत्र हेर्ने), राष्ट्रिय योजना आयोग | सदस्य |
| (घ) | सह-सचिव, योजना तथा वैदेशिक सहायता महाशाखा, मन्त्रालय | सदस्य |
| (ङ) | सह-सचिव, बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय | सदस्य |
| (च) | महानिर्देशक, कृषि विभाग | सदस्य-सचिव |

समन्वय तथा अनुगमन समितिः प्रदेशले सशर्त कार्यक्रम कार्यान्वयन प्रक्रियामा सहजीकरण, समन्वय र अनुगमनका लागि प्रदेशस्तरमा समन्वय तथा अनुगमन समिति गठन गर्न सक्नेछ। तर प्रदेश तहमा कृषि सम्बन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्य गर्नेछ।

माग सङ्कलनः (१) यस कार्यविधि बमोजिमका सशर्त कार्यक्रममा सहभागी हुन लक्षित बर्गबाट माग सङ्कलन गर्न सम्बन्धित प्रदेश तथा स्थानीय तहले नियमानुसार समयमै अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) कार्यविधिको परिच्छेद-३ अन्तर्गत विभिन्न कार्यक्रम शीर्षकमा तोकिएका मापदण्ड/आधारभूत/प्रासाङ्गिक पक्ष पूरा गर्ने गरी ईच्छुक निवेदकले अनुसूची-२ बमोजिम आवेदन पेश गर्नुपर्नेछ।

लाभग्राही छनौटः (१) सशर्त कार्यक्रमहरू अन्तर्गत अनुदान प्रदान गरिने क्रियाकलापहरूको लागि प्रस्ताव मूल्याङ्कन तथा छनौट कार्यको लागि प्रदेशको जिल्ला स्थित कृषि हेर्ने कार्यालय र स्थानीय तहले एक समिति गठन गर्नेछ। तर प्रदेश र स्थानीय तहमा कृषि सम्बन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्य गर्न सक्नेछ। तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रूपमा लाभग्राही

छनौट गर्नु नपर्ने कृषि प्रसारका नियमित क्रियाकलापहरू सम्बन्धित कार्यालयले यस कार्यविधिको अधिनमा रही आवश्यक विधि निर्धारण गरी सञ्चालन गर्न सक्नेछन्।

(२) समितिले आवश्यकता अनुरूप विषयसँग सम्बन्धित पदाधिकारी, विज्ञ, सङ्घ एवम् प्रदेश सरकारको जिल्लास्थित कार्यालय/फार्म केन्द्रका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) दफा ९(१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) यस कार्यविधि बमोजिम मूल्याङ्कन तथा छनौटको आधारहरू तयार गर्ने,
(ख) प्राप्त निवेदनहरूको मूल्याङ्कन र स्थलगत अनुगमन गरी अनुदानग्राही छनौट गर्ने,
(ग) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि सिफारिस गर्ने,
(घ) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यको अनुगमन तथा प्रमाणीकरण गर्ने,
(ङ) अनुदान रकमको किस्ता अनुदानग्राहीलाई भुक्तानी गर्न सिफारिस गर्ने,
(च) सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रद्द गर्न सिफारिस गर्ने,
(छ) कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण गर्ने।

(४) स्थानीय तहको हकमा समितिको सचिवालयको कार्य कृषि हेर्ने शाखाले गर्नेछ।

(५) यस कार्यविधि अनुरूप प्राप्त आवेदनहरूको मूल्याङ्कन, स्थलगत निरीक्षण, प्रमाणीकरण, सिफारिस, अनुगमन तथा भुक्तानी सिफारिस लगायतको कार्य गरी समितिको काममा सहयोग गर्न समितिले कार्य समूह बनाउन सक्नेछ।

अनुदान प्रवाहः (१) सशर्त कार्यक्रम अन्तर्गत क्रियाकलापहरू सञ्चालन गर्दा अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धी व्यवस्था दफा ५ अनुसार प्रदेश तथा स्थानीय तहले निर्णय गरे बमोजिम हुनेछ।

(२) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवम् अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवम् भूक्तानी विधि उल्लेख गरी सम्बन्धित कार्यालयले अनुसूची-३ अनुसार अनुदाग्राहीसँग सम्झौता गर्नेछ।

(३) दफा १०(२) अनुसार भएको सम्झौता बमोजिम कार्य सम्पादनको आधारमा सम्बन्धित कार्यालयले अनुदानग्राहीलाई अनुदान रकम भूक्तानी गर्नेछ।

(४) सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नु पर्ने/लगानी गर्नुपर्ने रकमको सुनिश्चितताको लागि आवश्यकता अनुसार सम्झौता गर्नु अघि सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद, धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिवद्धतापत्र वा बैंक ग्यारेन्टी वा जगेडा कोष वा पूँजी प्रमाणित हुने कागजपत्र) सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ।

(५) अनुदानलाई कृषक मैत्री बनाउन माग भएको सामग्री र उपकरणको आधार, गुणस्तर र प्रति एकाई मूल्यको सूचना माग गरी कम्तीमा ३ आपूर्तिकर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र

मूल्य अनुरूप सबैभन्दा कम दर रेटका आधारमा अनुदान रकम निर्धारण गर्न सक्नेछ। अनुदानग्राहीले सूची सार्वजनिक गरिएका आपूर्तिकर्तामध्ये आफूले चाहेको ब्राण्डको आपूर्तिकर्ताबाट तोकेको मूल्य तिरी सामग्री वा उपकरण खरिद गर्न सक्नेछ। यस क्रममा वस्तु सामग्री वा उपकरणको गुणस्तर र मापदण्ड स्वीकृत भएको हुनुपर्दछ। यसरी खरिद गरेको अवस्थामा पनि अनुदानको रकम भने सम्बन्धित कार्यालयले निर्धारण गरेको भन्दा बढी हुने छैन।

अनुदानको भुक्तानीः (१) नगद अनुदान दिइने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीको बैंक खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ। कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई अन्तिम भुक्तानी गरिनेछ।

कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः (१) विवरण प्रकाशन गर्नुपर्नेः कार्यक्रम सञ्चालनको लागि छनौट भएको क्षेत्र/क्लष्टर, छनौट भएको विषय, अनुदानग्राहीसँग भएको सम्झौताको विवरण सम्बन्धित कार्यालयले नियमित अध्यावधिक गरी प्रकाशन गर्नेछ।

(२) प्रगति प्रतिवेदन पठाउनु पर्नेः प्रगति तयारी तथा सम्प्रेषण सम्बन्धी व्यवस्था देहय बमोजिम हुनेछ-

(क) सम्बन्धित कार्यालयले त्रैमासिक एवम् वार्षिक प्रगति विवरण अनुसूची-५ बमोजिमको ढाँचामा सम्बन्धित केन्द्र र कृषि विभागमा पठाउनु पर्नेछ। यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(ख) कृषि विभागले सम्बन्धित तहहरूमा सञ्चालित कार्यक्रमहरूको प्रगति विवरण वा अन्य विवरण सङ्कलन गर्नका लागि अनलाइन प्रणाली व्यवस्थापन गर्न सक्नेछ र त्यस्तो प्रणालीको प्रयोग गर्नु पर्ने भएमा सो कार्य सम्पन्न गर्ने जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।

(ग) कार्यक्रमको नियमित प्रतिवेदन पेश नगर्ने तथा प्रभावकारी रूपमा कार्यक्रम कार्यान्वयन नगर्ने प्रदेश/स्थानीय तहलाई आगामी आ.व. मा कार्यक्रम सञ्चालनका लागि बजेट प्रस्ताव गरिने छैन।

(३) अनुगमन र मूल्याङ्कनः अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था देहय बमोजिम हुनेछ-

(क) कार्यक्रमको अनुगमन सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित कार्यालयहरूबाट संयुक्त वा छुट्टाछुट्टै पनि हुन सक्नेछ।

(ख) कृषि विभागले सरोकारवालाहरूको समेत सहभागितामा शसर्त कार्यक्रमहरूको संयुक्त फिल्ड अनुगमन गरी ६-६ महिनामा समितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ग) आवश्यकता अनुसार यस कार्यविधि बमोजिमको निर्देशक समिति, समन्वय तथा अनुगमन समितिबाट सशर्त कार्यक्रमको अनुगमन र मूल्याङ्कन हुनेछ।

(घ) अनुगमनको क्रममा दिईएका मौखिक वा लिखित निर्देशनहरूको पालना गर्नु सम्बन्धित कार्यालय र अनुदानग्राहीको कर्तव्य हुनेछ।

(ङ) प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तिय हस्तान्तरण भइ गएका कार्यक्रमहरूको मन्त्रालयले विभाग तथा प्रदेशसँगको समन्वयमा बार्षिक समीक्षा कार्य गर्नु वा गराउनुपर्नेछ।

(च) सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमको अनुगमन र मूल्याङ्कनको आधारमा निर्देशक समितिले सालबसाली रूपमा सशर्त कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी निर्देशन दिन सक्नेछ।

## ख. प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरित कार्यक्रमहरू

- प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम
- फलफूल बिरुवाको लागि सेड हाउस निर्माण।
- सुन्तलाजात फलफूल बिरुवा उत्पादन लागि जालीघर निर्माण
- फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम
- फलफूल दशक बिरुवा रोपण कार्यक्रम
- फलफूल खेती प्रवर्द्धन कार्यक्रम (स्याउ/ओखर/कागती/सुन्तला/किवी/मेवा/सिउँडी फल/अनार)
- गुरु किसान छनौट, नमूना बगैंचा स्थापना तथा क्षेत्रविस्तार
- चिया/कफी प्रवर्द्धन कार्यक्रम
- हरित विद्यालय कार्यक्रम
- रैथाने मौरी तथा कीट संरक्षण कार्यक्रम (स्थानीय तहमा हस्तान्तरित)
- च्याउ स्रोत केन्द्र स्थापना
- मौरी नश्ल सुधार कार्यक्रम सञ्चीलनका लागि कृषि तथा वन विज्ञान विश्वविद्यालयलाई सहयोग
- मौरी स्रोत केन्द्र स्थापना
- व्यावसायिक मौरी प्रवर्द्धन/मौरीपालन कार्यक्रम
- बीउ आलु उत्पादन कार्यक्रम
- खायन आलु प्रवर्द्धन/उत्पादन कार्यक्रम
- अदुवा बाली प्रवर्द्धन कार्यक्रम
- तरकारी बीउ उत्पादन कार्यक्रम/प्याज बीउ उत्पादन कार्यक्रम
- तरकारी खेती प्रवर्द्धन कार्यक्रम/व्यावसायिक तरकारी उत्पादन कार्यक्रम
- बगर खेती कार्यक्रम
- अलैंची प्रवर्द्धन कार्यक्रम
- कृषि बजार पूर्वाधार निर्माण तथा सहयोग
- कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्बर निर्माण

- कृषि मेसिनरी मर्मत केन्द्र स्थापना
- बीउ भण्डारण गृह निर्माण
- सिँचाइ संरचना निर्माण
- कृषि तथा पशुपन्छी बजारीकरणका लागि कृषि एम्बुलेन्स कार्यक्रम
- धानबाली प्रवर्द्धन कार्यक्रम/मकैबाली प्रवर्द्धन कार्यक्रम/गहुँबाली प्रवर्द्धन कार्यक्रम
- रैथाने बाली प्रवर्द्धन कार्यक्रम
- कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रम
- दलहन बाली प्रवर्द्धन कार्यक्रम
- तेलहन बाली प्रवर्द्धन कार्यक्रम
- मध्य पहाडमा मकै बीउ स्रोत केन्द्र स्थापना तथा सुदृढिकरण सहयोग कार्यक्रम
- निजी क्षेत्रसँगको सहकार्यमा धान मिल मोडल कार्यान्वयन

**ग. कार्यविधिमा रहेका अन्य व्यवस्थाहरू**

सार्वजनिक सुनुवाई र विवरण प्रकाशन गर्नुपर्नेः (१) कार्यक्रमको विषयमा पारदर्शिताको लागि सार्वजनिक सुनुवाई गर्नुपर्नेछ।

(२) अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालयले अनुदान सम्बन्धी विवरण वेबसाइटमा (वेबसाइट नभएको हकमा सूचनापाटी वा वुलेटिनमार्फत) नियमितरूपमा अद्यावधिक गर्नुपर्नेछ।

(३) सम्बन्धित कार्यालयले अनुदानको अभिलेख राखी सोको विवरण अद्यावधिक समेत गर्नुपर्नेछ।

(४) सञ्चालन भएको कार्यक्रमको बारेमा अनुदानग्राहीले अनुसूची ४ बमोजिमको जानकारीमूलक होर्डिङ्ग बोर्ड कार्यक्रम स्थालमा राख्नुपर्नेछ।

**बीमा गर्नु पर्नेः** (१) यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सम्भव भएसम्म कृषि बीमा गर्नु पर्नेछ।

(२) यो कार्यविधि अनुसार व्यावसायिक कार्यका लागि अनुदान प्राप्त गर्ने अनुदानग्राहीले फर्म/भौतिक पूर्वाधारको समेत बीमा गर्न सक्नेछ।

(३) अनुदानग्राहीले कृषि सम्बन्धी बीमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वयम् हुनु पर्नेछ।

पुरस्कार, असुल उपर र कारवाही (सजाय) र फुकुवाको व्यवस्थाः (१) तोकिएको समयभन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरीय कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई पुरस्कृत गर्न सकिनेछ।

(२) यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) सम्झौता बमोजिम सम्पन भएको कार्यहरू मध्ये कुनै सम्पन्न कार्यहरू विपद् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित (मुचुल्का, स्थानीय तहको सिफारिस/प्रहरी प्रतिवेदन कागजात/प्रमाण) विवरण सहित एक महिनाभित्र अनुदान प्राप्त गरेको निकायमा लिखित जानकारी गराउनु पर्नेछ। यस्तो अवस्थामा सम्बन्धित समितिको निर्णयानुसार हुनेछ।

अनुदानग्राहीलाई दिइने अनुदान उल्लेख गर्नु पर्नेः यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीहरूले सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तहरूमा नै उल्लेख गरी लागू गर्नु पर्नेछ।

दोहोरो सुविधा लिन नपाउनेः अनुदानग्राहीले एउटै कामको लागि सङ्घ, प्रदेश वा स्थानीय तह वा एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। तर अन्य साझेदार निकायसँग स्पष्टसँग सम्झौता भई लागत इष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन। अनुदान प्रवाह गर्दा विगतमा अनुदान प्राप्त नगरेकाहरूलाई प्राथमिकता दिनुपर्नेछ। तर बहुवर्षिय प्रकृतिका आयोजना तथा एकै कृषक/फर्म/समूह वा अन्य अनुदानग्राहीले सम्झौतामा स्पष्ट पारी फरक कार्य गर्ने गरी अनुदान प्राप्त गर्न बाधा पर्ने छैन।

कार्यक्रमको दोहोरोपनाः कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन सङ्घीहय सरकार, प्रदेश सरकार तथा स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वयन हुने आयोजनाहरूसँग दोहोरोपना नहुने गरी आवश्यक समन्वय गरेर कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

जिम्मेवार हुनेः (१) ससर्त अनुदान उपयोग गर्दा वित्तिय अनुशासन कायम गर्नुपर्ने एवम् वित्तिय उत्तरदायित्व वहन गर्नु पर्नेछ।

(२) अनुदान लगायतका सहायता वितरण कार्यको गुणस्तर र सो सम्बन्धी वित्तीय जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(३) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरूप तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

सम्झौता बमोजिम हुनेः (१) यस कार्यविधि अनुरूप सञ्चालन हुने क्रियाकलाप र विकास गरिएका पूर्वाधार तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम सञ्चालन गर्ने निकायको पूर्व स्वीकृति बेगर तोकिएको अवधि भित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरूप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाईने छैन।

(२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तीमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रूपमा सञ्चालन गर्नुपर्नेछ।

गुनासो व्यवस्थापनः (१) अनुदानग्राहीको अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा सो सम्बन्धमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालयमा निवेदन दिन सक्नेछ।

(२)  उपदफा (१) बमोजिम स्थानीय तहसँगको गुनासो भएमा स्थानीय तह र जिल्ला स्थित कार्यालयसँगको गुनासो भएमा तत् तत् निकाय र प्रदेश मन्त्रालयबाट गुनासो व्यवस्थापन गर्नुपर्नेछ।

अन्य: (१) अनुदान कार्यक्रमका अतिरिक्त कृषि प्रसार सेवा, विशेष कृषि कार्यक्रम एवम् कृषकलाई प्रोत्साहन सम्बन्धी कार्यक्रमहरूको खर्चको सीमा स्थानीय तहले तोके बमोजिम हुनेछ।

(२) स्वीकृत अनुदान रकममा कार्यक्रम सञ्चालन गर्दा कर सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(३) हरेक आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने सशर्त कार्यक्रम प्रदेश मन्त्रालय र स्थानीय तहले बजेट अनुमान गरी फाल्गुन मसान्तभित्र सङ्घीय मन्त्रालयमा पठाउन सक्नेछ।

(४) यस कार्यविधिमा उल्लेख नभएका तर प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरूका सम्बन्धमा जुन तहमा हस्तान्तरण भएको हो सोही तहले त्यस्ता कार्यक्रम कार्यान्वयनको लागि आवश्यक कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्न बाधा पर्ने छैन।

व्याख्या र बाधा अडकाउ फुकाउ: (१) यस कार्यविधिको आवश्यक व्याख्या मन्त्रालयले गर्न सक्नेछ।

(२) यस कार्यविधिको कार्यान्वयनमा बाधा अडकाउ परेमा कार्यविधिको उद्देश्य विपरित नहुने गरी निर्देशक समितिको सिफारिसमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भए पनि आर्थिक पक्षमा प्रभाव पर्ने विषयमा अर्थ मन्त्रालयको सहमति बमोजिम मन्त्रालयले कार्यविधिमा संशोधन गर्न सक्नेछ।

# ८. कार्य विस्तृतीकरण तथा सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम (कोशी प्रदेश)

**मितिः २०८१/१०/२५**

**स्थानः कृषि उपज थोक बजारस्थल, धरान**

## क. गोष्ठीमा उपस्थित सहभागीहरू

कृषि विभागमा महानिर्देशक श्री प्रकाशकुमार सन्जेलको अध्यक्षतामा सञ्चालित गोष्ठीमा देहाय बमोजिमको सहभागिता रहेको थियो।


| क्रं. सं. | सहभागीको नाम | पद | कार्यालय/ठेगाना |
|---|---|---|---|
| १ | श्री प्रकाश कुमार सन्जेल | महानिर्देशक | कृषि विभाग, हरिहरभवन |
| २ | श्री राजेन्द्र कोइराला | उपमहानिर्देशक | कृषि विभाग, हरिहरभवन |
| ३ | श्री प्रकाश कुमार डाँगी | निर्देशक | कृषि विकास निर्देशनालय विराटनगर |
| ४ | श्री तिलकराज चौलागाइ | वरिष्ठ कृषि अर्थविज्ञ | कृषि विभाग, हरिहरभवन |
| ५ | श्री चैत्य नारायण डङ्गोल | वरिष्ठ कृषि इन्जिनियर | कृ.पू.वि.कृ.ब.प्र.के., हरिहरभवन |
| ६ | श्री नीलकमल सिंह | प्रमुख | कृषि ज्ञानकेन्द्र, सुनसरी |
| ७ | श्री काजी गिरी | अध्यक्ष | कृषि उपज थोक बजार व्यवस्थापन समिति धरान |
| ८ | श्री लक्ष्मण भट्टराई | व्यवस्थापक | कृषि उपज थोक बजार व्यवस्थापन समिति धरान |
| ९ | श्री कञ्चन ढकाल | लेखापाल | कृषि उपज थोक बजार व्यवस्थापन समिति धरान |
| १० | श्री दिगम्बर यादव | कार्यालय प्रमुख | माटो तथा मल प.प्र. झुम्का सुनसरी |
| ११ | श्री राजन गिरी | कृषि प्रसार अधिकृत | कृषि विभाग, हरिहरभवन |
| १२ | श्री भवानी खतिवडा | कृषि प्रसार अधिकृत | कृषि विभाग, हरिहरभवन |
| १३ | श्री अस्मिता दाहाल | कृषि स्नातक | सिद्धिचरण न.पा. ओखलढुङ्गा |
| १४ | श्री फूलकुमारी राई | अधिकृत छैठौं | रामधुनी न.पा. सुनसरी |
| १५ | श्री माधव राउन | अधिकृत छैठौं | त्रियुगा न.पा. उदयपुर |
| १६ | श्री रक्षा रोक्का | अधिकृत छैठौं | षडानन्द न.पा. भोजपुर |
| १७ | श्री सुज्वल कार्की | कृषि स्नातक | चैनपुर न.पा. सङ्खुवासभा |
| १८ | श्री मीना कुमारी राउत | ना.प्रा.स. | कटारी न.पा. उदयपुर |
| १९ | आस्ठा तामाङ | प्रा.स. | बाली संरक्षण प्रयोगशाला कोशी प्रदेश |
| २० | श्री सन्तोष थापा | कृषि स्नातक | मानेभन्ज्याङ गा.पा. ओखलढुङ्गा |
| २१ | श्री रामचन्द्र कट्टेल | अधिकृत छैठौं | देउमाइ न.पा. इलाम |

| क्रं. सं. | सहभागीको नाम | पद | कार्यालय/ठेगाना |
|---|---|---|---|
| २२ | श्री निशा मेहता | कृषि स्नातक | देवानगञ्ज गा.पा. सुनसरी |
| २३ | श्री शिवशङ्कर लोनिया | कृषि स्नातक | मेरिङदेन गा.पा. ताप्लेजुङ |
| २४ | श्री वीरेन्द्र कुमार मण्डल | प्रास | रङ्गेली न.पा. मोरङ |
| २५ | श्री सङ्गीता कार्की | कृषि स्नातक | थुलुङ दूधकोशी गा.पा. सोलुखुम्बु |
| २६ | श्री सन्तोष कट्टेल | सहायक माटो विज्ञ | माटो तथा मल प.प्र. झुम्का सुनसरी |
| २७ | श्री साबेन खतिवडा | कृषि प्रसार अधिकृत | कुन्मायक गा.पा. |
| २८ | श्री महेन्द्र बोहरा | कृषि अधिकृत | कमल गा.पा. झापा |
| २९ | श्री वसन्तराज श्रेष्ठ | कृषि स्नातक | महालक्ष्मी न.पा. धनकुटा |
| ३० | श्री आर्यान लिम्बु | कृषि स्नातक | लालिगुराँस न.पा. |
| ३१ | श्री याम बहादुर सङ्ग्रौला | अधिकृत छैठौं | फिदिम न.पा. पाँचथर |
| ३२ | श्री सुदीप भण्डारी | अधिकृत छैठौं | सुन्दरहरैंचा न.पा. मोरङ |
| ३३ | श्री नगेन्द्र तामाङ | कृषि अधिकृत | धरान न.पा. सुनसरी |
| ३४ | श्री राजीव कुमार पाखिन | कृषि अधिकृत | साँगुरीगढी गा.पा. धनकुटा |
| ३५ | श्री गोविन्दप्रसाद आचार्य | कार्यालय प्रमुख | बीउबिजन प्रयोगशाला झुम्का |
| ३६ | श्री राजन परियार | माटो विज्ञ | अलैंची विकास केन्द्र इलाम |
| ३७ | श्री मिन बहादुर बुढाथोकी | प्रास | दिक्तेल न.पा. खोटाङ |
| ३८ | श्री रविन राउत | नाप्रास | हलेसी तुवाचुङ नपाखोटाङ |
| ३९ | श्री वीनादेवी राउत | अधिकृत छैठौं | धनकुटा न.पा. धनकुटा |
| ४० | श्री मञ्जु आचार्य | कृषि स्नातक | सिरिजङ्गा गापा |
| ४१ | श्री लेनिन शमसेर कुँवर | कृषि स्नातक | शिवसतासी न.पा. झापा |
| ४२ | श्री हिमाल गुरागाइ | कृषि इन्जिनियर | बेलका न.पा. उदयपुर |
| ४३ | श्री अर्जुन प्रकाश सुवेदी | बाली वि अ | कृषि विकास फार्म चन्द्रडाँगी |
| ४४ | श्री सन्ध्या बुढाथोकी | सहयोगी | धरान कृषि बजार |
| ४५ | श्री धिरज कुमार ठाकुर | कृषि अधिकृत | रामप्रसाद राई गा.पा. भोजपुर |
| ४६ | श्री मनोज कुमार राई | हसचा | माटो तथा मल प प्र झुम्का सुनसरी |
| ४७ | श्री राम कुमार लामा | हसचा | कृषि ज्ञानकेन्द्र सुनसरी |
| ४८ | श्री रमेश चौधरी | हसचा | कृषि विकास निर्देशनालय विराटनगर |
| ४९ | श्री अम्बिका प्रसाद लुइँटेल | अधिकृत छैठौं | उर्लाबारी न.पा. मोरङ |
| ५० | श्री कुमार थापा | हसचा | कृषि विभाग, हरिहरभवन |

| क्रं. सं. | सहभागीको नाम | पद | कार्यालय/ठेगाना |
|---|---|---|---|
| ५१ | श्री सरोज बस्नेत | सहयोगी | धरान कृषि बजार |
| ५२ | श्री गङ्गा मरिक | सहयोगी | धरान कृषि बजार |
| ५३ | श्री दिपेश्वर | सहयोगी | धरान कृषि बजार |
| ५४ | श्री माया तामाङ | सहयोगी | धरान कृषि बजार |
| ५५ | श्री हर्कवीर राई | सहयोगी | धरान कृषि बजार |
| ५६ | श्री हरिभक्त सिग्देल | नायव सुब्बा | कृषि विभाग, हरिहरभवन |
| ५७ | श्री दीपक शाह | व्यवसायी | धरान कृषि बजार |
| ५८ | श्री हरि रौनियार | व्यवसायी | धरान कृषि बजार |
| ५९ | श्री जयप्रसाद श्रेष्ठ | व्यवसायी | धरान कृषि बजार |
| ६० | श्री ज्ञान बहादुर बस्नेत | व्यवसायी | धरान कृषि बजार |

## क) कार्यपत्र ३ः सशर्त अनुदान सम्बन्धी कार्य सञ्चालन भएका पालिका/कृषि ज्ञान केन्द्र/फार्म केन्द्रबाट आएका पृष्ठपोषणहरू- श्री प्रकाशकुमार डाँगी, निर्देशक, कृषि विकास निर्देशनालय, कोशी प्रदेश

## १. कोशी प्रदेश अन्तर्गत कृषि विकाससँग सम्बन्धित निकायहरूको सङ्गठन संरचना



## २. कोशी प्रदेश कृषि विकास निर्देशनालय अन्तर्गत कार्यरत जनशक्तिको अवस्था

| | निर्देशनालय र मातहत कार्यालय | | | निर्देशनालय | | |
|---|---|---|---|---|---|---|
| | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त सङ्ख्या | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त सङ्ख्या |
| जम्मा | ३०६ | १७४ | १३२ | ३८ | १९ | १९ |
| प्रतिशत | १०० | ५६.८६ | ४३.१४ | १०० | ५०. | ५०. |
| प्राविधिक | १८२ | ७६ | १०६ | २७ | ९ | १८ |
| प्रतिशत | १०० | ४१.७६ | ५८.२४ | १०० | ३३.३३ | ६६.६७ |
| प्रशासनिक | १२४ | ९८ | २६ | ११ | १० | १ |
| प्रतिशत | १०० | ७९.०३ | २०.९७ | १०० | ९०.९० | ९.०९ |

## ३. सङ्घीय कार्यक्रमको अर्धवार्षिक भारित र वित्तीय प्रगति स्थिति

### १. कृषि विभाग अन्तर्गतका कार्यक्रमहरूको भारित र वित्तीय प्रगति स्थिति (बजेट रू. हजारमा)

| क्र.सं. | कार्यालय | वार्षिक विनियोजित बजेट | अर्धवार्षिक विनियोजित बजेट | भार लक्ष्य | भारित प्रगति | अर्धवार्षिक भारित प्रगति प्रतिशत | अर्धवार्षिक बजेट खर्च | अर्धवार्षिक वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि विकास निर्देशनालय | ९००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २ | कृषि ज्ञान केन्द्र, झापा | ३२३०.०० | १५०६.०० | ४६.६३ | १०.२९ | २२.०७ | २५६.१९ | १७.०१ |
| ३ | कृषि ज्ञान केन्द्र, सुनसरी | ५४२०.०० | ४६४०.०० | ८५.६१ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ४ | कृषि ज्ञान केन्द्र, मोरङ | १०६०.०० | १५९.०० | १५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५ | कृषि ज्ञान केन्द्र, उदयपुर | २८०.०० | १८०.०० | ६४.२९ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | माटो तथा मल परीक्षण प्रयोगशाला, झुम्का | २६१०.०० | १७९१.०० | ६८.६४ | २८.३३ | ४१.२७ | ६६७.७८ | ३७.२९ |
| ७ | बीउबिजन प्रयोगशाला, झुम्का | १७००.०० | १२४०.०० | ७२.९३ | ३१.७६ | ४३.५५ | ४७६.७५ | ३८.४५ |
| | कुल जम्मा | १३४००.०० | ९५१६ | ७१.०१ | १४.१५ | १९.९३ | १४००.७१ | १४.७२ |

## ४. प्रगति नपुगका कारणहरू

- दरबन्दी अनुसार पदपूर्ति नहुनु
- अविरल वर्षाको कारण कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको
- DESES सम्बन्धी कार्यविधि संशोधनको क्रममा रहेकोले सम्बन्धित कार्यक्रम सञ्चालन गर्न नसकिएको
- स्वीकृत कार्यक्रममा क्रियाकलापहरूको त्रैमासिक विभाजन नमिलेको

## ५. स्थानीय तहमा सङ्घीय सशर्त अनुदान कार्यक्रम कार्यान्वयनका सन्दर्भमा आएका पृष्ठपोषणहरू

- माग गरेको भन्दा फरक कार्यक्रमहरू आउने गरेको।
- एउटै कार्यक्रम/क्रियाकलाप दोहोरिएर आउने गरेको।
- कार्यक्रम बजेट फर्मेटमा त्रैमासिक विभाजन (बजेट र परीमाण) नमिलेको।
- अनुदान रकम ५०% कम भएको।
- किसान सूचीकरणमा समस्या आइरहने (Software Hang हुने, upload गरेको data/information हराउने। सोध्दा बन्दैछ चिन्ता नगर्नुस न भन्ने जवाफ आउने गरेको।
- कतिपय कार्यक्रमका लागि निर्दिष्ट structure, estimate नहुँदा म.ले.प. ले बेरुजु लेख्ने गरेको (जस्तैः गोठ सुधारको कार्यक्रम)
- सम्बन्धित कार्यक्रम/क्रियाकलापका बारेमा केही सोध्नुपर्ने भएमा विभागमा सम्बन्धित व्यक्ति (फोकल पर्सन) भेट्टाउन नसकिने।
- समय समयमा आएका ऐन, नियमावली, कार्यविधि, निर्देशिका र त्यसमा भएका संशोधन लगायत अन्य सूचनाहरू वेबसाईटमा मात्र नभएर प्रदेश र स्थानीय तहसम्म तुरुन्तै पत्राचारमार्फत पनि जानकारी प्रदान होस्।

## ६ प्रदेशका तर्फबाट सङ्घलाई प्रदान गरिएका सुझावहरू

- वैदेशिक तालिम, अवलोकन भ्रमण आदिमा स्थानीय तहका प्राविधिकहरूलाई पनि कोटा छुट्याई अवसर दिनुपर्ने।
- उच्च शिक्षा अध्ययनका कार्यक्रमहरू (स्वदेश/विदेश) प्रायः ठप्प भएकाले त्यसतर्फ पनि अवसरका कार्यक्रमहरू राखुपर्ने।
- सङ्घीय संरचनामा आउनु अघि तत्कालीन जि.कृ.वि.का. मार्फत साना सिँचाइ कार्यक्रम सञ्चालन गर्दा रू. १५०००० ।— सम्म लागत लाग्ने सम्भावना भएका स्किमको हकमा इरिगेशन इन्जिनियरिङ विषयमा तालिम प्राप्त जि.कृ.वि.का.हरूमा कार्यरत प्रा.स./ना.प्रा.स.हरूले स्थलगत सर्भेक्षण गरी लागत इष्टिमेट तयार गर्ने र स्वीकृतिको लागि जि.कृ.वि.का.हरूमा पेश गरी कार्यक्रम सञ्चालन हुँदै आएको थियो। यो व्यवस्थालाई पुनः कार्यान्वयनमा ल्याउन सङ्घीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ कृषि विभागले पहल गरिदिए स्थानीय तह/प्रदेशमा सम्बन्धित कार्यक्रम सञ्चालनमा सहज हुने र कृषि प्राविधिकको समेत क्षमता अभिवृद्धि हुने थियो। (२०८०/०४/०१ मा कृषि विभागमा अनुरोध पत्र पठाएको)
- पोष्ट हार्भेष्ट प्रविधिमा दक्ष जनशक्ति तयार गर्नुपर्ने।
- सङ्घीय निकायबाट समेत कार्यक्रम अनुगमन र पृष्ठपोषण हुनुपर्ने।
- स्थानीय तहका आम प्राविधिकहरूको गुनासोः **"हामीलाई प्रदेश र सङ्घीय सरकारबाट अभिभावकत्व ग्रहण राम्रोसँग हुन सकेन"** भन्नेछ।

## ७. किसान सूचीकरण व्यवस्थापन प्रणाली सम्बन्धमा सुझावहरू

- Website based system लाई Offline पनि विवरण प्रविष्टि गर्न सकिने Software based system प्रयोगमा ल्याउनु पर्ने। (Offline entry गर्न मिल्ने र पछि internet को पहुँचमा पुगेपछि System मा sync. हुने किसिमको software हुँदा ग्रामीण र पहाडी / हिमाली भेगका कृषकलाई समेट्न सकिने)
- User Interface प्रयोगकर्ता मैत्री बनाउनु पर्ने
- सूचीकरण प्रणालीमा प्रविष्ट भएको कृषकको विवरणहरूको प्रमाणीकरण गर्ने कार्य सहज बनाउनु पर्ने।
- सूचीकरण प्रणालीमा दर्ता गरिएको विवरण Excel sheet मा export / download गर्न सकिने बनाउनु पर्ने
- २०७७ मा lunch भएको यो Software ले हालसम्म पनि यसको लक्षित उद्देश्य हासिल गर्न नसकेकोमा प्रारम्भमा यसले प्राविधिकहरूमा ल्याएको जोश जाँगर समेत हराएको हुँदा यसका कमी कमजोरीलाई समाधान गर्दै चाँडै नै यसलाई क्रियाशील बनाउनु पर्छ।

## ख) कोशी प्रदेशको अन्तरक्रियामा छलफलको क्रममा उठान भएका विषयवस्तुहरू

## १. प्रदेशको तर्फबाट प्रदेश कृषि विकास निर्देशनालयका निर्देशक श्री प्रकाश कुमार डाँगी

- क्रियाकलाप LMBIS मा विग्रेर आउने गरेको- परिमाण चौमासिक नमिलेको
- DESES को कार्यक्रम सम्बन्धमा लिखित जानकारी नआएको।
- माग नगरेको कार्यक्रम नआएको
- कार्यक्रम दोहोरिएर आएको मागमा आधारित नभएको
- अनुदान रकम ५० प्रतिशत कम भएको
- किसान सुचिकरणको सफ्टवेयरमा समस्या आउने गरेको- Software hang हुने गरेको, data/information हराउने गरेको
- कुनै कार्यक्रमका लागि को को फोकल पर्सन हो लिखित रूपमा जानकारी पठाइदिनुपर्ने
- कतिपय कार्यक्रमका लागि Structure/Estimate नहुँदा बेरुजु लेख्ने गरेको जस्तैः गोठ सुधारको कार्यक्रम
- ऐन नियमावली कार्यविधि निर्देशिका र सो मा भएका संशोधन लगायतका अन्य सूचनाहरू वेवसाइटमा मात्र नराखेर प्रदेश र स्थानीय तहमा पठाईदिनुपर्ने
- वैदेशिक तालिम भ्रमणमा प्रदेश र स्थानीय तहका प्राविधिकहरूलाई पनि कोटा छुट्ट्याउनुपर्ने।
- उच्च शिक्षा अध्ययनबाट प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिकहरू वञ्चित हुने गरेको
- साना सिंचाइ कार्यक्रमको इष्टिमेट तयारी १५० हजारसम्मको लागि तालिम प्राप्त प्राविधिकहरूलाई मिल्ने गरी आवश्यक नीतिगत व्यवस्था हुनुपर्ने

- पोष्ट हार्भेष्ट प्रविधिमा दक्ष जनशक्तिको अभाव रहेको – निर्माण भएका संरचनाहरूको उचित मर्मत सम्भार नहुँदा प्रयोग विहिन अवस्थामा रहेको
- सङ्घीय निकायबाट समेत कार्यक्रम अनुगमन र पृष्टपोषण हुनुपर्ने
- प्रदेश र सङ्घीय सरकारबाट स्थानीय तहका प्राविधिकहरूलाई अभिभावकत्व ग्रहण हुन सकेन
- किसान सूचिकरण सम्बन्धमा सुझावहरू
    - यसलाई Offline Entry गर्न मिल्ने बनाउनुपर्ने
    - User Friendly
    - Excel sheet मा Download गर्न मिल्ने हुनुपर्‍यो

## २. माटो परीक्षण प्रयोगशाला झुम्का

- रसायनिक मलमा अनुदान युरिया डिएपी र पोटासमा मात्र अनुदान छ। जिङ्क र बोरोनमा माग धेरै रहेकोले यी मलहरूमा पनि अनुदान दिनुपर्ने
- बीउबिजनमा हाइब्रीड बीउको प्रयोग बढेकोले यसलाई पनि अनुदान दिनुपर्ने
- मेसिनरीमा अनुदान दिँदा प्रतिस्पर्धात्मक भन्दा पनि मापदण्ड बनाएर सबैलाई पाउने गरी दिनुपर्ने
- DSM Update सम्बन्धी सशर्त अनुदानको कार्यक्रम छ जुन Lab को Regular कार्यक्रम भन्दा दोव्वर सङ्ख्यामा छ। तर अनुगमन र इन्धनमा बजेट विनियोजन नभएकोले समस्या छ। माटो जाँचका लागि जोखिम भत्ता नभएकोले उत्प्रेरणा नभएको।
- बजारमा नयाँ नयाँ Lab equipment आएको छ। तर हामीले प्रयोग गरेको मेसिनरीहरू पुराना प्रकृतिका भएकोले नयाँ मेसिनरीहरूको व्यवस्था गर्नुपर्ने
- कुनै वैदेशिक तालिम र अध्ययनको सुविधा नभएको
- मर्मत सम्भारमा विनियोजित बजेट पर्याप्त नरहेको
- मेसिनरीहरू किन्न प्रदेशको बजेटले अपुग हुने भएकोले सङ्घले बजेट व्यवस्था गर्नुपर्ने

## ३. बीउबिजन प्रयोगशाला झुम्का

- प्रयोगशाला हल सानो भएकोले काम गर्न असजिलो छ। भवनको लागि सङ्घीय बजेट व्यवस्था हुनुपर्ने
- डेसिस कार्यक्रम कार्यान्वयन नहुँदा समस्या भएको
- कार्यक्रम आउने तर कसरी सञ्चालन हुने भन्ने स्पष्ट नहुने

## ४. त्रियुगा नगरपालिका

- जनशक्तिको कमी
- विशेषज्ञ जनशक्ति नभएको
- प्रयोगशाला सेवा सञ्चालन गर्न विशिष्टिकृत जनशक्तिको अभावको कारणले नसकिएको
- दर्ता चलानी स्टोर जस्ता काममा लगाइने गरेको

- कृषि ऋणको लागि आवश्यक पर्ने व्यावसायिक योजना बनाउन सक्ने जनशक्तिको अभाव
- सङ्घ र प्रदेशबाट बनेका नर्मस निर्देशिका मापदण्ड परिपालना गर्न जनप्रतिनिधिको दबाबले समस्या रहेको
- सशर्त कार्यक्रम टिप्पणी स्वीकृति गरी अन्यत्र खर्च गर्ने गरेकोले बेरुजु समेत आउने गरेको
- डेसिसले तोकेको बीउको स्रोत टाढा भएकोले समस्या रहेको
- वैदेशिक तालिम भ्रमणमा अवसरमा समानता नभएको

## ५. सुन्दर हरैंचा नगरपालिका

- रबर सम्बन्धी कार्यविधि खारेज भएकोले कृषकहरूमा नराम्रो Impression परेको
- किसान सूचीकरणको विस्तृत विवरण हेर्न नपाइएको
- कृषि स्नातकको बजेट कटौती भएकोले प्राविधिकको सङ्ख्या अझै घटेको
- सबै क्षेत्रका विज्ञ जनशक्तिको अभाव रहेको
- तालिम तथा क्षमता अभिवृद्धिको अवसर न्यून रहेको
- कुनै स्थानीय तहमा कार्यरत प्राविधिकको वृत्ति विकासको वाटो स्पष्ट नभएको
- कार्यक्रमको निरन्तरता हुनुपर्ने। रबर जस्तो हुन नहुने।
- स्थानीयले माग गरेको कार्यक्रम नआउने अन्य कार्यक्रम आउने गरेको
- डेसिसको स्रोत अन्य नजिक हुँदा हुँदै पनि टाढाको पर्ने गरेको

## ६. हलेसी तुवाजुङ नगरपालिका

- पाठ्यपुस्तकहरूमा किसानको फोटो राख्दा हीनतावोध हुने खालको रहने गरेकोले विद्यार्थिहरूमा कृषि पेशा प्रति नकारात्मक छाप पर्ने गरेको
- राष्ट्रिय गीत जस्तै राष्ट्रिय कृषि गित हुनुपर्ने
- क्षमता विकास तालिमको व्यवस्था हुनुपर्ने
- जनप्रतिनिधिको दवावमा कार्यविधि भन्दा बाहिर गएर काम गर्नुपर्ने अवस्था रहेको। कार्यविधिका सम्बन्धमा सुसूचित गर्नुपर्ने।
- किसान सूचीकरणको लागि तालिम लिएका जनशक्ति सरुवा भएकोले हाल जनशक्ति अभाव रहेको। समय समयमा तालिमको व्यवस्था गर्नुपर्ने
- औजार यान्त्रीकरणको मर्मत सम्भारको लागि समेत कार्यक्रमबाट सम्बोधन हुनुपर्ने- क्षमता विकास, मर्मत केन्द्र स्थापना लगायतमा
- नगरपालिकामा मात्र २ जना प्राविधिक कर्मचारी रहेको

## ७. देउमाई नगरपालिका इलाम

- वृत्ति विकास रोकिएको छ।
- प्रदेशबाट गएका कार्यक्रम जाँदा प्रशासनिक खर्च नभएकोले काम गर्न कठिनाइ भएको

## ८. केरावारी गाउँपालिका मोरङ

- किसान सूचीकरण सकिएको तर Excess छैन। सूचीकरणको output के भन्ने थाहा नभएको।
- स्थानीय सरकार सञ्चालन ऐन अन्तर्गत कार्यक्रम सञ्चालन गर्ने गरिएको तर कतिपय कार्यक्रमहरू यसमा नसमेटिएको।
- बीमा कार्यक्रमको प्रभावकारिता नभएको
- बजार व्यवस्थापनको मोडेल के भन्ने स्पष्ट नभएको। सञ्चालनको मोडालिटी के हुने भन्ने सम्बन्धमा सङ्घले हामीलाई Guide गर्नुपर्ने।
- Phytosanitary Certificate सबै बालीको हुनुपर्ने। निर्यातका समस्याहरू समाधानमा सङ्घ, स्थानीय तहका प्राविधिकको क्षमता विकासमा प्रदेश र उत्पादनमा स्थानीय तहले focus गरोस्।
- कृषि ऋणले जमिनको खण्डीकरण लाई प्रोत्साहन गर्‍यो।
- अनुसन्धान – ४५०० वर्ष अगाडि Invention गरिएको हलो अहिलेसम्म प्रयोग भई रहेको छ। आधुनिक मेसिनरी विकासमा अनुसन्धानको अवस्था कमजोर रहेको।
- जंगली जनावरको प्रकोप
- जैविक मलमा अनुसन्धान र प्रविधि विकासमा जोड दिनुपर्ने
- वृत्ती विकासको समस्या, सरुवाको टुङ्गो छैन। स्थीनीय तहमा सरुवा हुन पाउनुपर्ने व्यवस्था गर्नुपर्ने।

## ९. कमल गाउँपालिका झापा

- कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रमको कार्यक्रम आएको तर कार्यविधि नआएकोले कार्यक्रम सञ्चालन गर्न नसकिएको।
- जैविक तथा प्राङ्गारिक मललाई प्रवर्द्धन गर्ने भकारो सुधार लगायतका कार्यक्रमा जोड दिनुपर्ने
- कृषि बीमा गर्न बीमा कम्पनीले मान्दैन। बरु किसान सुरक्षण कोष भइदिए सहज हुन्थ्यो।

## १०. कटारी नगरपालिका

- सशर्त कार्यक्रम बाँडफाँड गरिने भएकोले बेरुजु आउने गरेको
- कोल्ड स्टोर सञ्चालनमा आउन नसकेको। प्राविधिक ज्ञानको कमी
- अकवरेको बजारीकरणमा समस्या रहेको – प्रशोधन उद्योगमा सहयोग भए हुन्थ्यो।
- प्रशोधन उद्योग, रैथाने, प्राङ्गारिक मल उत्पादन, कोशेली घर निर्माण जस्ता कार्यक्रममा सशर्त अनुदानका कार्यक्रम आवश्यक रहेको
- फौजी कीराले धान उत्पादनको ३० प्रतिशत जति नोक्सानी भयो।

- प्राविधिक जनशक्ति कमी। प्रशासनिक काम समेत गर्नुपर्ने।
- तालिमको अवसर पाय हुन्थ्यो।

## ११. षडानन्द नगरपालिका भोजपुर

- यान्त्रीकरणमा खरिद गरेपछि प्रमाणित गर्न आवश्यक पर्ने इञ्जिनियर आवश्यक पर्ने तर जनशक्ति अभाव रहेको
- कफी खेतीको कार्यविधिमा कम्तीमा २ रोपनीमा क्लस्टरमा गर्नुपर्ने भन्ने रहेको तर क्लस्टरमा गर्न समस्या रहेको
- पालिकामा Citrus Greening को समस्या रहेको। केन्द्रबाट अनुगमन गर्नुपर्ने। यसको लागि बजेट १ लाख ५० हजार विनियोजन रहेको तर उक्त बजेट अपुग रहेको।
- कृषि तथ्याङ्को प्रविष्टिको लागि तालिम नभएको र विनियोजित बजेट अपर्याप्त रहेको। काम गर्दै गर्नुपर्ने हो कि तालिम भएपछि गर्नुपर्ने हो स्पष्ट गर्नुपर्ने।

## १२. सिद्धिचरण नगरपालिका

- माग गरेको भन्दा फरक किसिमको कार्यक्रम सशर्तमा आउने गरेको। जस्तै रैथाने बाली प्रवर्द्धनको कार्यक्रम आवश्यक थियो। जस्तै वुङ्गको आलु सेतो सिमी लगायतका कार्यक्रम आवश्यक थियो। तर सो को लागि कार्यक्रम नआएको।
- जनप्रतिनिधिबाट मेसिनरी खरिदमा फोकस रहेको तर इञ्जिनियरको अभाव रहेको। स्पेशिफिकेसन राम्रो नहुँदा गलत मेसिन खरिद भएको।
- किसान सूचीकरणको लागि तालिम नपाएको। कसरी अनुगमन गर्ने भन्ने ज्ञान नभएको।
- OVOT को लागि कम बजेट विनियोजन रहेको। एक जनाको लागि १५-२० हजार वरावरको तलब उपलब्ध गराइएको छ। जुन श्रम शोषण हो।
- कृषि स्नातकको कार्यविधिमा कृषि स्नातकको TOR थप स्पष्ट गर्नुपर्ने।

## १३. दित्तेल रूपाकोट मझुवागढी नगरपालिका

- बजारीकरण प्रवर्द्धनमा सहयोग गर्नुपर्ने
- जङ्गली जनावरको समस्या समाधानमा सहयोग गर्नुपर्ने
- सहुलियत कर्जा सरल बनाउनुपर्ने
- उत्पादनमा आधारित अनुदानमा जोड दिनुपर्ने

## १४. धनकुटा नगरपालिका

- आलु प्रवर्द्धन कार्यक्रमको माग अत्याधिक रहेको
- खाद्यान्न बालीको कार्यक्रमको निरन्तरता
- सुन्तलाजात फलफूल विकास कार्यक्रम
- तरकारीको बीउको अत्याधिक माग रहेको

## १५. सागुरगढी गाउँपालिका

- ७० प्रतिशत किसानको सूचीकरण सम्पन्न भई सकेको। प्रमाणीकरण हुन बाँकी छ। प्रमाणपत्र दिन सकिएको छैन।
- गत वर्ष रैथानेबालीको लागि ५ लाख बजेट विनियोजन रहेको। यसपालि पनि ६ लाख आएको। तर कृषि शाखालाई जानकारी नदिई अन्यत्र सञ्चालन गरिएको छ। कृषि शाखाको राय सल्लाहलाई भन्दा पनि राजनीतिक स्वार्थ प्रेरित भएर कार्यक्रम सञ्चालन हुने गरेको। जसको कारणले कार्यक्रम प्रभावकारी नभएको।
- सशर्त कार्यक्रम पठाउँदा स्थानीय तहसँग समन्वय गरी फर्मेट विकास गरी यकिन गरेर ठाउँसमेत तोकेर मात्र कार्यक्रम पठाउँदा प्रभावकारी हुने थियो।

## १६. रामप्रसाद राई गाउँपालिका

- मकै रोप्ने वेला भइसकेको तर डेसिस खुल्ने नखुल्ने ठेगान नभएकोले समस्या भएको। नखुल्ने हो भने समयमा कसरी कार्यक्रम सञ्चालन गर्ने भन्ने सम्बन्धमा समयमै सूचना आउनुपर्ने।

## १७. वेलका नगरपालिका

- कार्यविधिको अनुसूचीमा मेसिनरी उपकरणको स्पेशिफिकेशन आउनुपर्ने।

## १८. निलकमल सिंह, कृषि ज्ञानकेन्द्र, सुनसरी

- कृषि हेर्ने जिल्लास्थित कार्यालयहरूको नामाकरणमा सबै प्रदेशमा एकरूपता हुनुपर्ने
- PLMBIS मा Entry गर्दा तलमाथी परेकोले कार्यक्रम सञ्चालन हुन नसकेको
- कार्यविधि सम्बन्धमा Orientation गर्नुपर्ने।
- कृषि यान्त्रीकरण प्रवर्द्धनमा अझै जोड दिनुपर्छ। भौगोलिक अवस्था अनुसार कस्तो खालको मेसिनरी आवश्यक छ? सो को लागि मापदण्ड बनाउनुपर्छ।
- कस्टम हायरिङ सेन्टर प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको।यसको लागि कार्यविधि तर्जुमा गरी व्यवस्थित गर्नुपर्ने।
- अन्तरप्रदेश सिकाइ आदानप्रदान गर्ने खालका कार्यक्रम सङ्घले सञ्चालन गर्नुपर्ने।
- कृषि ज्ञान केन्द्रमा समेत कृषि स्नातक उपलब्ध हुनुपर्ने।
- विगतमा स्थापना भएको कृषि उपज सङ्कलन केन्द्रलाई सञ्चालन गर्नुपर्ने।
- कृषकस्तरमा पोष्ट हार्भेष्ट टेक्नोलोजी सम्बन्धी तालिम तथा सहयोग उपलब्ध गराउनुपर्ने।
- चैतेधान प्रवर्द्धनको लागि समस्या पहिचान गरी समाधानका लागि कार्यक्रम सञ्चालन गर्नुपर्छ।
- यस्ता अन्तरक्रिया गोष्ठीमा पालिका प्रमुखको समेत सहभागिता हुँदा राम्रो हुने।
- किसान गणकको पारिश्रमिक वृद्धि गर्नुपर्ने।
- कृषिको Baseline Survey आवश्यक रहेको।

## ग) कार्यक्रमको समापन

कार्यक्रममा प्रस्तुतीकरण पश्चात् छलफल कार्यक्रम आयोजना गरिएको थियो। छलफलमा उठेका विषयवस्तुहरूका सम्बन्धमा यस प्रतिवेदनको खण्ड घ मा प्रस्तुत गरिएको छ। कार्यक्रमको अन्तमा कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुभएका कृषि विभाग महानिर्देशक श्री प्रकाशकुमार सन्जेलले छलफल तथा प्रस्तुतीकरणको क्रममा उठेका विषयवस्तुहरूको सम्बन्धमा आफ्नो धारणाहरू राख्नु भएको थियो। धारणा राख्ने क्रममा उहाँले सबै निकायबाट उठेका सुझाव तथा समस्याहरूका समाधानका लागि विभागले आगामी दिनमा आवश्यक नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरी समाधानको पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो। अध्यक्षले उपस्थित सहभागीहरूलाई धन्यवाद दिई कार्यक्रमको समापन गर्नुभएको थियो।

# ९. कार्य विस्तृतीकरण तथा सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम बागमती प्रदेश

**मितिः २०८२।०२।०७**

**स्थानः बनेपा नगरपालिकाको सभाकक्ष**

**कार्यपत्र : सङ्घीय सशर्त कार्यक्रम कार्यान्वयनका समस्या तथा चुनौतीहरू : नीति, समन्वय, कार्यान्वयन र सुधारका सम्भावना – राजन ढकाल, प्रमुख, प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र, बागमती प्रदेश, हेटौंडा**

## १. प्रमुख समस्या तथा चुनौतीहरू

### समस्या १: नीतिगत अस्पष्टता

- स्पष्ट निर्देशिका तथा कार्यविधिको अभाव
- कार्यविभाजन र जिम्मेवारीमा अन्यौल
- बजेटको शर्तहरू अस्पष्ट

### समस्या २: समन्वयको कमी

- सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय कमजोर
- सूचनाको आदानप्रदान अभाव
- दोहोरोपन तथा दोहोरिने कार्यक्रम

### समस्या ३: कार्यान्वयन क्षमताको अभाव

- जनशक्ति र प्राविधिक ज्ञानको कमी
- तालिम तथा दक्षता विकासको अभाव
- स्रोत व्यवस्थापनमा कमजोरी

### समस्या ४: बजेट निकासामा ढिलाइ

- समयमै बजेट नआउँदा योजना कार्यान्वयन ढिलो
- बजेट खर्च गर्ने समय पर्याप्त नहुनु
- कार्ययोजना ढिलो बन्नु

### समस्या ५: पारदर्शिता तथा उत्तरदायित्वको अभाव

- अनुगमन तथा मूल्याङ्कन कमजोर
- जनसहभागिता न्यून
- स्रोतको दुरूपयोगको सम्भावना

**समस्या ६: स्थानीय सन्दर्भको उपेक्षा**

- कार्यक्रम स्थानीय आवश्यकता अनुसार नहुनु
- केन्द्रबाट निर्देशित योजनाले स्थानीय समस्या सम्बोधन नगर्नु

**समस्या ७: अनुगमन तथा मूल्याङ्कनको कमजोरी**

- अनुगमन प्रणालीको अभाव
- नतिजा आधारित मूल्याङ्कन नहुनु
- सुधारका सुझाव लागू नहुनु

## २. समाधान तथा सुधारका लागि सुझावहरू

- स्पष्ट नीति र मापदण्ड विकास
- तीन तहबीच प्रभावकारी समन्वय
- स्थानीय तहको क्षमता अभिवृद्धि
- पारदर्शिता र अनुगमन प्रणाली सुदृढीकरण
- स्थानीय सन्दर्भ अनुकूल कार्यक्रम डिजाइन

## ३. निष्कर्ष

सशर्त कार्यक्रमहरू सङ्घीय शासन व्यवस्था कार्यान्वयनका मुख्य उपकरण रहेकोले समन्वयतात्मक रूपमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरूको सम्बोधन गर्न बहुपक्षीय सुधार आवश्यक रहेको छ। यसका साथै पारदर्शिता, प्रभावकारी समन्वय र स्थानीय तहको क्षमता अभिवृद्धि गर्न सके मात्र सशर्त अनुदानका कार्यक्रमको प्रभावकारी हुने देखिन्छ।

## ४. छलफलको क्रममा विभिन्न निकायका प्रतिनिधि सहभागीहरूबाट उठान गरिएका विषयवस्तुहरू एवम् सुझावहरू

- स्थानीय तहमा जाने सशर्त वित्तीय हस्तान्तरीत कार्यक्रमका सम्बन्धमा प्रदेशलाई जानकारी नहुने हुँदा अनुगमन एवम् समन्वय गर्न नसकिएकोले प्रदेश भित्रका स्थानीय तहहरूमा जाने यस किसिमका कार्यक्रमहरूको सम्बन्धमा समेत प्रदेशलाई जानकारी गराउनुपर्ने।
- सशर्त अनुदानमा स्थानीय तह तथा प्रदेशबाट सञ्चालन हुने कार्यक्रमको प्रगति स्थितिको Reporting समयमा नहुने समस्या सम्बोधनका लागि कृषि विभागले Online Based Software निर्माण गरी लागू गर्नुपर्ने।
- DSM कार्यान्वयनका लागि लागू गरिएको कार्यविधिमा सरकारी प्रयोगशालाको अलावा एउटा मात्र नीति स्तरको प्रयोगशाला रहेको हुँदा अन्य प्रयोगशालाहरूलाई समेत समावेश गरी DSM को लागि माटोको नमूना परीक्षण गर्न सबै प्रयोगशालाहरूलाई खुल्ला गरी माटो परीक्षण गरेको आधारमा प्रयोगशालाहरूलाई नै सिधै विभागमार्फत नै भुक्तानी हुने व्यवस्था गर्नु उपयुक्त हुने।

- माटो परीक्षण प्रयोगशालामा सशर्त अनुदान कार्यक्रम अन्तर्गत करार सेवामा प्राविधिक राख्न बजेट विनियोजन आवश्यक नपर्ने।
- प्रदेश स्तरका माटो परीक्षण प्रयोगशालाहरूको लागि कम्तीमा १५ वटा GPS खरिद गर्न पुग्ने गरी हरेक प्रयोगशालामा करिब ७ लाखका दरले बजेट विनियोजन हुनुपर्ने
- सशर्त अनुदानमा सञ्चालित कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत हुने कार्यविधि सम्बन्धमा कतिपय बुँदाहरूमा अस्पष्टता हुने भएकोले कार्यविधि स्वीकृत हुने वित्तिकै Online प्रणालीबाट सबै कार्यक्रम सञ्चालन हुने स्थानीय तह तथा प्रदेशसँगको सहभागिता हुने गरी विभागले अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- कार्यविधिमा **यस कार्यविधिमा उल्लेख नभएका तर प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरूका सम्बन्धमा जुन तहमा हस्तान्तरण भएको हो सोही तहले त्यस्ता कार्यक्रम कार्यान्वयनको लागि आवश्यक कार्यविधि स्वीकृत गरी कार्यान्वयन गर्न बाधा पर्ने छैन** भन्ने उल्लेख रहेको भएता पनि स्थानीय तहमा यस किसिमको प्रक्रियागत विधि निर्माण गर्ने क्षमताको कमि रहेको। साथै स्थानीय तहबाट विधि निर्माण गरी कार्यक्रम कार्यान्वयन गर्दा कतिपय अवस्थामा बेरुजु समेत टिप्ने गरेको।
- सङ्घ तथा प्रदेशबाट एउटा उद्देश्यको लागि कार्यक्रम पठाइएको हुन्छ तर स्थानीय जनप्रतिनिधिहरूबाट अन्य प्रयोजनमा उक्त बजेट खर्च गर्ने समेत गरेको हुँदा सशर्त अनुदान कार्यक्रम सम्बन्धमा विभाग तथा प्रदेशबाट समय-समयमा अनुगमन आवश्यक रहेको।
- सङ्घीय सशर्तमा उत्पादन प्रवर्द्धनका कार्यक्रम भन्दा बीउलाई फोकस गर्नु राम्रो हुने र प्रदेशबाट जाने सशर्त कार्यक्रममा उत्पादन प्रवर्द्धनमा जानु उपयुक्त हुने।
- सशर्त अनुदानका कार्यक्रम तर्जुमा गर्दा स्थानीय आवश्यकतामा आधारित हुने भन्दा माथिबाट राजनैतिक प्रभावका आधारमा अनुपयुक्त स्थानमा तोकेर जाने हुँदा कार्यक्रमको प्रभावकारितामा नकारात्मक प्रभाव पर्ने गरेको।
- सरकारी फार्म केन्द्रमा Tissue Culture Lab नभएको कारणले गर्दा आलु बीउले मान्यता नपाउने र नेपाल कृषि अनुसन्धान परिषद्ले पर्याप्त मात्रामा In-vitro बिरुवा उपलब्ध गराउन नसक्ने भएकोले कार्यविधिमा संशोधन गरी सरकारी फार्म केन्द्रलाई समेत मान्यता दिनुपर्ने।
- प्रदेशबाट माटो परीक्षण प्रयोगशाला स्थापनाको लागि स्थानीय तहमा बजेट विनियोजन गरेको तर प्राविधिक क्षमताका सम्बन्धमा विचार नगरेको हुँदा प्रयोगशाला स्थापना तथा सञ्चालन प्रभावकारी हुन नसकेकोले प्रयोगशाला स्थापना तथा सञ्चालन सम्बन्धी तालिम समेत प्रदान गर्नुपर्ने।
- पाँचखाल नगरपालिकामा उन्नत बीउको लागि सूचना प्रकाशन गर्दा समेत आवेदन नपरेकोले आगामी आ.व. देखि उन्नत बीउको कार्यक्रम आवश्यक नरहेको।
- गोकुलगंगा गाउँपालिका रामेछापमा लसुन र तितेफापर जस्ता रैथाने बालीको उच्च सम्भाव्यता रहेको हुँदा सोही बाली वस्तुलाई प्रोत्साहन गर्ने गरी सशर्त कार्यक्रम आउनुपर्ने।
- उत्पादनमा आधारित अनुदान प्रदान गर्दा प्रभाकारी हुने।

- सबै कृषकहरूको बैंक खाता नरहेको, अनुदान रकम असाध्यै न्यून रहेको र खाता खोल्ने खर्च समेत अनुदान रकम भन्दा कतिपय अवस्थामा बढी हुने भएकोले अनुदान प्रभावकारी हुन नसकेको।
- कार्यविधिमा व्यवस्था भए बमोजिमको कार्यक्रम कार्यान्वयन तथा अनुगमनको लागि गठन हुने समितिको खर्च सम्बन्धमा कार्यविधि र कार्यक्रममा समेत व्यवस्था नभएको र अन्य स्रोतबाट समितिको बैठक र अनुगमन खर्च व्यहोर्दा समेत बेरुजु आउने गरेकोले कार्यविधिमा बजेटको निश्चित प्रतिशत रकम अनुगमन तथा व्यवस्थापनको लागि खर्च गर्न सकिने भनी उल्लेख हुनुपर्ने।
- कतिपय अवस्थामा जनप्रतिनिधि एवम् राजनैतिक व्यक्तिहरूले मैले माथि लविङ्ग गरी ल्याएको कार्यक्रम विना प्रतिस्पर्धा मैले नै पाउनुपर्छ भनी माग गर्ने गरेको तर कार्यविधि र विद्यमान सार्वजनिक खरिद ऐन नियमावली बमोजिम सो गर्न नसकिने भएको हुँदा काम गर्न समस्या रहेको।
- किसान सूचीकरणको सम्बन्धमा नियमित र समयमै तालिमको व्यवस्था हुनुपर्ने साथै विनियोजित बजेटबाट दुर्गम स्थानहरूमा सूचीकरण गर्न अपुग हुने भएकोले बजेट वृद्धि गरिनुपर्ने। साथै गणकहरूलाई सूचीकरण फाराम पूर्ण रूपमा भरिसकेपछि मात्र पारिश्रमिक दिन मिल्ने व्यवस्था कार्यविधिमा रहेको तर System मा पूर्ण रूपमा Form भरे नभरेको सम्बन्धमा Access गर्न नसकिने भएकोले सो Access गर्न मिल्ने गरी System मा सुधार गर्नुपर्ने।
- स्थानीय तहमा कृषिमा प्राथमिकता पाउन नसकेको र सशर्त कार्यक्रमका सम्बन्धमा समयमा नै जानकारी पाउन नसकिने हुँदा कार्यक्रममा दोहोरोपना हुन सक्ने अवस्था रहेको। यसका लागि सङ्घीय सशर्त अनुदानका कार्यक्रम स्वीकृत हुने वित्तिकै सम्बन्धित स्थानीय तह तथा प्रदेशहरूलाई जानकारी गराउनुपर्ने।
- सङ्घ तथा प्रदेशले स्थानीय तहमा कार्यरत प्राविधिकहरूको क्षमता अभिवृद्धिका लागि प्राथमिकता दिनुपर्ने।
- DESES कार्यान्वयन गर्दा उपलब्ध हुन नसक्ने बीउ र जातहरूलाई समेत वासलातमा राखिने गरेको। बीउ तथा जातको निर्णय गर्नुभन्दा पहिले बाली तथा जातको उपलब्धताको आकलन तथा अध्ययन गरी सहज उपलब्ध हुने जातलाई मात्र वासलातमा समावेश गर्नुपर्ने।
- सिँचाइ पूर्वाधार निर्माणमा लागत अनुमान तयारी, अनुगमन र अन्तिम विल तयारी कार्यका लागि प्राविधिक परिचालन गर्दा लाग्ने खर्च व्यवस्थापनका लागि कन्टिन्जेन्सीको खर्चबाट व्यहोर्न सकिने कार्यविधिमा नै व्यवस्था गर्नुपर्ने।
- सामग्रीमा ५० प्रतिशत अनुदान भनिएको तर ढुवानी र अन्य खर्च समेत लाभग्राहीले व्यहोर्नु पर्दा अनुदान व्यवस्थाले कृषकहरूलाई राहत मिल्न नसकेको।
- कार्यक्रमसँगै कार्यविधि समेत आउनुपर्ने।
- बेला बेलामा सङ्घ र प्रदेशबाट समेत अनुगमन गर्नुपर्ने। यसो भएमा स्थानीय जनप्रतिनिधिलाई समेत जवाफदेही बनाउन सकिने।
- दरबन्दी अनुसार कर्मचारी भएका स्थानीय तहहरूमा कृषि स्नातक आवश्यक नरहेको।
- खाद्यान्न बालीको उत्पादन प्रवर्द्धनमा भन्दा किसान सूचीकरणमा बजेट वृद्धि गर्नुपर्ने।

- फलफूलको व्यावसायिक बगैंचा स्थापनाको लागि कार्यविधिमा व्यवस्था रहे बमोजिमको क्षेत्रफल पहाडी दुर्गम स्थानहरूमा उपलब्ध नहुने हुँदा कार्यक्रम सञ्चालन गर्न नसकिएको।
- DESES मार्फत प्राप्त हुने बीउको गुणस्तरमा प्रभावकारी अनुगमन हुनुपर्ने।
- स्थानीय तहमा कृषि इञ्जिनियरहरू नरहेकोले Specification बनाउन समस्या रहेको तर विभाग र प्रदेशमा समन्वय गर्दा सहयोग नभएको।
- सङ्घले उत्पादन प्रवर्द्धनका कार्यक्रम भन्दा कृषि उपजको बजारीकरण प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- कृषि स्नातकहरूलाई क्षमता विकास सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने।
- वैदेशिक तालिम भ्रमणमा प्रदेश र स्थानीय तहका प्राविधिकहरूलाई पनि कोटा छुट्ट्याउनुपर्ने।
- उच्च शिक्षा अध्ययनबाट प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिकहरू वञ्चित हुने गरेको

## ५. कार्यक्रमको समापन

कार्यक्रममा प्रस्तुतिपश्चात् छलफल कार्यक्रम आयोजना गरिएको थियो। छलफलमा उठेका विषयवस्तुहरूका सम्बन्धमा यस प्रतिवेदनको खण्ड घ मा प्रस्तुत गरिएको छ। छलफलका क्रममा उठेका विषयवस्तु र सवालहरूको सम्बन्धमा कृषि विभागका वरिष्ठ कृषि अर्थविज्ञ तिलकराज चौंलागाईले सम्बोधन गर्नुभएको थियो। कार्यक्रमको अन्तमा कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुभएका कृषि विभाग उप-महानिर्देशक श्री जगन्नाथ तिवारीले छलफल तथा प्रस्तुतीकरणको क्रममा उठेका विषयवस्तुहरूको सम्बन्धमा आफ्नो धारणाहरू राखु भएको थियो। धारणा राख्ने क्रममा उहाँले सबै निकायबाट उठेका सुझाव तथा समस्याहरूका समाधानका लागि विभागले आगामी दिनमा आवश्यक नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरी समाधानको पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो। अध्यक्षले उपस्थित सहभागीहरूलाई धन्यवाद दिई कार्यक्रमको समापन गर्नुभएको थियो।

# १०. कार्य विस्तृतीकरण तथा सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम

## गण्डकी प्रदेश

**स्थानः कृषि विकास निर्देशनालय मालेपाटन पोखरा गण्डकी प्रदेश**

**मितिः २०८१।१२।१५**




## १. पृष्ठभूमि

नेपालमा सङ्घीयता लागू भएसँगै कृषि विकासका कार्यक्रमहरू तीनै तहका सरकारहरूको कार्यक्षेत्रभित्र रही सोही अनुसार सञ्चालन हुँदै आइरहेका छन्। संविधानको प्रावधान अनुसारको सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रलाई कार्यविस्तृतीकरण गरी थप स्पष्ट गरिएको छ। सङ्घीय सरकारले राष्ट्रिय महत्त्वका कार्यक्रमहरू सञ्चालनको लागि प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरणमार्फत ती निकायहरूमार्फत सशर्त अनुदान प्रवाह गरी कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यसै सन्दर्भमा कृषि विभागको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरणमार्फत सञ्चालित कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका समस्याहरू पहिचान गरी आगामी दिनमा यस्ता किसिमका कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धिमा टेवा पुर्‍याउने उद्देश्यले सातै प्रदेशमा समन्वयात्मक गोष्ठी सञ्चालन गर्ने कार्यक्रम रहेको छ। जस अनुसार मिति २०८१ चैत्र १५ गते शुक्रबार कृषि विकास निर्देशनालय, मालेपाटन पोखरा गण्डकी प्रदेशस्तरीय गोष्ठी सञ्चालन गरिएको थियो।

## २. कार्यक्रमको उद्देश्य

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरणमार्फत सञ्चालित कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका समस्याहरू पहिचान गरी आगामी दिनमा यस्ता किसिमका कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धिमा टेवा पुर्‍याउने।

## ३ सहभागीहरू

कृषि विभागका उप महानिर्देशक श्री राजेन्द्र कोइरालाको अध्यक्षतामा सञ्चालित गोष्ठीमा सङ्घ, प्रदेश (गण्डकी प्रदेश) र स्थानीय तह (गण्डकी प्रदेशका) गरी तीनै तहका सहभागीहरूको उपस्थिति रहेको थियो।

### सङ्घ

कृषि विभागका महानिर्देशक, वरिष्ठ कृषि प्रसार अधिकृत लगायतको उपस्थिति रहेको थियो साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाई कास्कीका प्रमुखको समेत उपस्थिति रहेको थियो।

### प्रदेश

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव, कृषि विकास निर्देशनालयका निमित्त महानिर्देशक, प्रादेशिक प्रयोगशालाका प्रमुख तथा प्रतिनिधि, कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रका प्रमुख, कृषि ज्ञान केन्द्र कास्की, स्याङ्जा र पर्वतको प्रमुख लगायतको उपस्थिति रहेको थियो।

### स्थानीय तह

स्थानीय तहको कृषि शाखा हेर्ने प्राविधिक कर्मचारी लगायतको उपस्थिति रहेको थियो।

## ४. समग्र कार्यक्रम

गण्डकी प्रदेशस्तरीय सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमको अन्तरक्रिया गोष्ठी २०८१/१२/१५ गते कृषि विकास निर्देशनालय मालेपाटन पोखरा गण्डकी प्रदेशमा सम्पन्न भयो। कार्यक्रममा चार वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। तीन तहका सरोकारवालाहरूको सहभागितामा भएको गोष्ठीमा गण्डकी प्रदेश तथा गण्डकी प्रदेशको स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरू, सङ्घीय सशर्त कार्यक्रम सञ्चालन कार्यविधि गण्डकी प्रदेश सञ्चालित सङ्घीय सशर्त कृषि विकास कार्यक्रम र स्थानीय तहमा हस्तान्तरण भएका कृषि कार्यक्रम तीनको सञ्चालनको अवस्था तथा कार्यक्रम सञ्चालनमा आइपरेका समस्या तथा आगामी कार्यदिशा बारे छलफल भएको थियो।

## ५. कार्यपत्रहरू

कार्यपत्र १: प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका कार्यक्रम सम्बन्धी परिचयात्मक छलफल

कार्यपत्र २: गण्डकी प्रदेशमा सञ्चालित सङ्घीय सशर्त कृषि विकास कार्यक्रम (अवसर, चुनौती तथा आगामी कार्यदिशा)

कार्यपत्र ३ प्रदेश तथा स्थानीय तहमा सर्शत वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

कार्यपत्र ४ः प्रदेश मन्त्रालय तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरू

## ६. छलफलमा उठेका विषय र सुझावहरू

- सशर्त अनुदानका कार्यक्रमहरू माग गरेको भन्दा फरक किसिमका कार्यक्रमहरू आउने गरेकोले सशर्तको कार्यक्रम पठाउदा प्रदेश र स्थानीय तहको माग तथा आवश्यकता बमोजिमको कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने।
- सशर्तका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने।
- कार्यक्रममा दोहोरोपना हुने भएकोले कार्यक्रम तर्जुमा गर्दा सङ्घ प्रदेश तथा स्थानीय निकाय बीच समन्वय गर्नुपर्ने।
- स्थानीय तहमा कार्यरत प्राविधिकको क्षमता विकास तालिमको व्यवस्था हुनुपर्ने।
- कार्यविधि समयमा नआएकोले कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको। साथै कतिपय कार्यक्रमको कार्यविधि नभएकोले कार्यक्रम सञ्चालनमा अन्योलता रहेको।
- कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्नुपर्ने।
- नमूना एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यविधि नभएर काम गर्न गाह्रो भएको।
- किसान सूचीकरण कार्यक्रममा गणकको पारिश्रमिक न्यून रहेको।
- किसान सूचीकरण कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन गर्न सहजीकरण हुनुपर्ने।
- सशर्तको कार्यक्रम पठाउदा स्थानीय तहको माग बमोजिमको प्राथमिकता दिनुपर्ने।
- किसान सूचीकरण कार्यक्रमको लागि भौगोलिक विकटता अनुसार पारिश्रमिक तोक्नुपर्ने।
- कृषि विभागमा स्थानीय तह समन्वय शाखा बनाउनु पर्ने।
- अनुदान प्रतिशत बढाउनुपर्ने। उत्पादनमा आधारित अनुदान दिनुपर्ने।
- हाइब्रीड बीउको माग बढी रहेकोले।
- रैथाने बालीको कार्यक्रमको माग नआउने गरेकोले रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन हुन नसक्ने अवस्था आएको।
- कृषि तथ्याङ्क सङ्कलन तथा प्रविष्टि सम्बन्धी तालिमको व्यवस्था हुनुपर्ने।
- किसान सूचीकरणका लागि खटाइएका गणकहरूले काम बीचमा नै छोडने गरेको।
- कार्यक्रम तर्जुमा गर्दा सङ्घ प्रदेश तथा स्थानीय निकाय बीच समन्वय गर्नुपर्ने।
- स्थानीय कृषि तथ्याङ्क तथा प्रगति प्रतिवेदन समयमा प्राप्त नहुने।
- दक्ष प्राविधिकको अभाव।

## ७. गोष्ठीको सारांश

तीन तहका निकायका सहभागीहरू उपस्थित रहेको गोष्ठी उपलब्धिमूलक रह्यो। गोष्ठीमा प्रस्तुतीकरण गरिएका कार्यपत्रहरू निकै जानकारीमूलक र सिकाइमूलक थिए। गोष्ठीमा भएका महत्त्वपूर्ण छलफल, छलफमा उठेका विषयहरू र सहभागीहरूबाट आएका सुझावहरू महत्त्वपूर्ण रहेको र यसले सङ्घीय सशर्त कार्यक्रम सञ्चालनका क्रममा आइपरेका समस्याहरू पहिचान गर्न तथा आगामी दिनमा तिनको प्रभावकारिता बढाउन मद्दत गर्ने देखिन्छ।

# १०.१ गण्डकी प्रदेशमा सञ्चालित सङ्घीय सशर्त कृषि विकास कार्यक्रम (अवसर, चुनौती तथा आगामी कार्यदिशा

बालकृष्ण अधिकारी
वरिष्ठ कृषि विकास अधिकृत
कृषि विकास निर्देशनालय, गण्डकी प्रदेश, पोखरा


## १. पृष्ठभूमि

- गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना र रूपान्तरणकारी रणनीति
- चालु आ.व. मा गण्डकी प्रदेशमा सङ्घीय सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम, विनियोजित बजेट तथा खर्चको अवस्था
- सङ्घीय सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रमको अवसर तथा चुनौती
- संविधानको अनुसूचीमा कृषि सम्बन्धी अधिकारको व्यवस्था तथा कार्य विस्तृतीकरण
- कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी स्थानीय तहबाट प्राप्त केही मुख्य सुझावहरू
- आगामी कार्यदिशा
- सङ्घीय सशर्त कृषि विकास कार्यक्रम
- नेपाल सरकारको पहल, जसले कृषकको उत्पादन क्षमता वृद्धि र कृषि प्रणाली सुधारका लागि किसानलाई प्रोत्साहन र सहयोग गर्दै जीवनस्तर सुधारका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।
- सङ्घीय सरकारले प्रदेश तथा स्थानीय सरकारलाई कृषि विकासका लागि निश्चित शर्तहरू पूरा गर्ने गरी वित्तीय तथा प्राविधिक सहायता प्रदान गर्छ।
- सङ्घीय सरकारले तोकेको नीति, मापदण्ड र लक्ष्य अनुसार प्रदेश तथा स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गरिन्छ।



| क.सं. | जलवायु क्षेत्र | समुन्द्री सतहबाट उचाई (मिटर) | मुख्य कृषि बाली/वस्तु |
|---|---|---|---|
| १ | उष्ण हावापानी (तराई क्षेत्र) | ६०० मिटर सम्म | धान, मकै, गहुँमा आधारित खाद्यान्न, दलहन, तेलहन, तरकारी तथा उष्ण फलफूल र बँधुवा पशुपालन |
| २ | उपोष्ण हावापानी (नदी तट, बेसी र टारहरू) | ६००-१२०० | खाद्यान्नबाली तथा उपोष्ण फलफूल, तरकारी, अर्ध-बँधुवा पशुपालन |
| ३ | उपोष्ण देखि समशीतोष्ण हावापानी (मध्य पहाड देखि उच्च पहाडसम्म) | १२००-२००० | अमिलो जातका र समशीतोष्ण फलफूल, तरकारी, मकै, कोदो, अर्ध-बँधुवा पशुपालन |
| ४ | समशीतोष्ण देखि शीतोष्ण हावापानी (उच्च पहाड) | २०००-३३०० | शीतोष्ण फलफूल र आलु, उवा, फापर, घुम्तीगोठमा पशुपालन |
| ५ | लेकाली हावापानी (हिमाली क्षेत्र) | ३३०० - ४५०० | घुम्तीगोठमा पशुपालन र चरन क्षेत्र |
| ६ | टुण्ड्रा हावापानी | ४५०० भन्दा माथि | (हिउँले ढाकिने चट्टानी क्षेत्र) |

(स्रोतः वैज्ञानिक लेखहरूको पुनरावलोकनमा आधारित मौलिक चित्रण)




**१.६.५ प्रादेशिक विकास तथा रूपान्तरणका प्रमुख क्षेत्र**

१. सुदृढ प्रादेशिक अर्थतन्त्रको निर्माण;
२. प्रभावकारी आर्थिक नीति तथा स्रोत व्यवस्थापन;
३. व्यावसायिक कृषि तथा आत्मनिर्भरता;
४. दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण;
५. बजारमुखी उत्पादन र दिगो पर्यटन;
६. सर्वसुलभ स्वास्थ्य तथा जनसाङ्ख्यिक लाभ;
७. शिक्षित, सुसंस्कृत तथा सिपयुक्त मानव पुँजी निर्माण;
८. दिगो तथा उत्थानशील पूर्वाधार;
९. स्वच्छ ऊर्जा, जलस्रोत तथा खानेपानी;
१०. मर्यादित श्रम, उत्पादनशील रोजगारी तथा सामाजिक संरक्षण;
११. सशक्त महिला, सामाजिक समावेशीकरण तथा समानता;
१२. सन्तुलित वातावरण र जलवायु तथा विपद् उत्थानशीलता;
१३. सुदृढ शासन, सेवाप्रवाह र तहगत सम्बन्ध;
१४. सुसूचित नीति, योजना तथा विकास व्यवस्थापन।

## २. कृषि उपजको उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने

- कृषि भूमिको व्यवहारिक वर्गीकरण गरी कृषियोग्य जमिनको संरक्षण गरिने
- विशिष्टीकृत कृषि उत्पादन क्षेत्रको पहिचान गरी पूर्वाधार विकास, यान्त्रिकीकरण, विविधीकरण, व्यावसायीकरण अभिवृद्धि गरिने
- सङ्गठित बजार सञ्जालको विकास तथा विस्तार गरिने
- मध्यपहाडी क्षेत्र आसपासको क्षेत्रमा सम्भाव्यताको आधारमा कृषि गुल्जार क्षेत्रको रूपमा विकास गरिने

## ३. बाली सघनता वृद्धि गर्ने

- स्थान सुहाउँदो बालीचक्र तथा अन्तरबाली प्रणाली विकास गर्दै बाली सघनता वृद्धि गर्न उत्पादन आगत, प्रविधि र सिँचाइ सुविधा विकास तथा विस्तार गरिने
- स्थानीय सम्भाव्यताका आधारमा कृषि वन प्रणालीको विकास तथा विस्तार गरिने

## ४. रैथाने बाली तथा कृषि जैविक विविधताको संरक्षण गर्ने

- प्रचुर मात्रामा पौष्टिक तत्त्वयुक्त रैथाने बाली तथा कृषि जैविक विविधताको संरक्षण, सम्वर्द्धन र सदुपयोग गरिने

## ५. नवप्रवर्तनमा आधारित कृषि उद्यमशीलताको विकास गर्ने

- नवीनतम् प्रविधिको पहिचान गर्दै कृषि मूल्य शृङ्खलाका विभिन्न तहमा तिनको उपयोगमार्फत कृषकलाई उद्यमी बनाउन तथा युवा उद्यमशीलता प्रवर्द्धन गर्न नवप्रवर्तनमा आधारित कृषि उद्यमशीलता प्रवर्द्धन गरिने

## ६. जलवायु उत्थानशील कृषि प्रणालीको प्रवर्द्धन गर्ने

- जलावायुजन्य जोखिम तथा सङ्कटासन्नता नक्साङ्कन तथा विश्लेषणका आधारमा उत्थानशील कृषि प्रणालीको विकास गरिने
- निजी क्षेत्र तथा समुदायको सहकार्यमा रैथाने बाली लगायतका कृषि बाली वस्तुका बीउबिजनको संरक्षण, विकास र उत्पादन विस्तार गरिने

## ७. खाद्य सुरक्षातर्फ

- स्थानीय तहको समन्वयमा प्रदेशका खाद्य असुरक्षित क्षेत्र, समुदाय, घरपरिवार र व्यक्ति पहिचान गरी खाद्य सुरक्षा सञ्जालमार्फत खाद्य उपलब्धता सहज तुल्याइने
- स्थानीय उपजमा आधारित खाद्य सुरक्षा तथा खाद्य स्वच्छता प्रवर्द्धन गर्ने
- खाद्य वस्तु उत्पादक कृषकलाई असल अभ्यास प्रणाली सम्बन्धमा अभिमुखीकरण, प्रशिक्षण, प्रदर्शनी, अध्ययन, अवलोकनमार्फत क्षमता विकास गरिने
- खाद्य प्रयोगशालाको समन्वयमा खाद्य वस्तुको गुणस्तर परीक्षण, प्रमाणीकरण तथा नियमन प्रक्रियालाई प्रभावकारी बनाइने

- कृषि जैविक विविधता तथा रैथाने बालीवस्तुको संरक्षण, उत्पादन प्रवर्द्धन र उपभोगमा विविधिकरण गरी पोषणमा सुधार ल्याइने
- स्थानीय उपजमा आधारित परिकार विविधिकरण र सुदृढीकरणका लागि प्रविधि विकास र हस्तान्तरण एवम् प्रसार गरिने

## ८. आ.व. २०८१/०८२ मा सङ्घीय सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रमहरू

- प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम/प्राङ्गारिक तथा जीवाणु मल प्रवर्द्धन कार्यक्रम
- व्यावसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रम (स्याउ/ओखर/कागती/सुन्तला/किवी/मेवा/सिउँडी फल/अनार लगायत)
- गुरु किसान छनौट, नमूना बगैंचा स्थापना तथा क्षेत्र विस्तार कार्यक्रम
- रैथाने मौरी तथा कीट संरक्षण कार्यक्रम
- व्यावसायिक मौरी प्रवर्द्धन/मौरीपालन कार्यक्रम
- तरकारी खेती प्रवर्द्धन कार्यक्रम/व्यावसायिक तरकारी उत्पादन कार्यक्रम
- कृषि बजार पूर्वाधार निर्माण तथा सहयोग कार्यक्रम
- कोल्डरुम/कोल्ड च्याम्बर निर्माण कार्यक्रम
- सिँचाइ संरचना निर्माण कार्यक्रम
- कृषि तथा पशुपन्छी बजारीकरणका लागि कृषि एम्बुलेन्स कार्यक्रम
- धान/मकै/गहुँ बाली प्रवर्द्धन कार्यक्रम
- रैथाने बाली प्रवर्द्धन कार्यक्रम
- कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढीकरण कार्यक्रम
- पारिवारिक खेती प्रवर्द्धन कार्यक्रम

**कृषि विकास निर्देशनालय पोखरा र मातहतका निकायको हालसम्मको बजेट तथा खर्च (बजेट रू. हजारमा)**

| क्र.सं. | स्रोत | बिनियोजन रू. | खर्च रू. | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | कृषि विभाग | १२८७० | ५१०.३ | ४.० | |
| २. | PMAMP | ८७५० | ४३२.८ | ४.९ | |
| ३. | NAFHA | २२६३७४ | ४३३१३ | १९.१ | |
| | **जम्मा** | २४७९९४ | ४४२५६ | १७.८ | |

| क्र.सं. | कार्यालय | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | वार्षिक विनियोजित बजेट | खर्च (हालसम्मको) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषि विकास निर्देशनालय | उन्नत/स्रोत बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | २२५२२ | ५००० | ० | सम्झौता भई कार्य सुरु |
| | | ब्लक विकास कार्यक्रमको अनुगमन | २२६११ | ५० | ० | |
| २ | प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र (PSQCC) | १. उन्नत बीउ उत्पादकलाई DESES तथा गुणस्तर नियमन तालिम,<br>२. DESES कार्यान्वयनका लागि PSQCC लाई सहजीकरण सहयोग,<br>३. बीउबिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ तथा DESES सम्बन्धी अभिमुखीकरण | २२५२२ | १३०० | २८.३ | कृषि विभाग |
| ३ | माटो तथा मल परीक्षण प्रयोगशाला | १. ग्लासवेयर, रसायन र सुरक्षा सामग्री खरिद<br>२. DSM update को लागि माटो नमूना सङ्कलन/ परीक्षण तथा GPS प्रयोग सम्बन्धी प्राविधिक तालिम<br>३. माटो नमूना सङ्कलन र परीक्षण कार्यक्रम<br>४. जनशक्ति सेवा करार (प्रा.स.-१) | २२५२२ | १५६० | ४८२ | कृषि विभाग |

| क्र.सं. | कार्यालय | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | विनियोजित बजेट | फागुन मसान्तसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| ४ | कृषि ज्ञान केन्द्र, लमजुङ | आ.व. २०८०/८१ मा सञ्चालन भएका ब्लक विकास कार्यक्रमको निरन्तरता | २२५२२ | २८५० | ४३२.८ | PMAMP |
| | | ब्लक विकास कार्यक्रमको अनुगमन | २२६११ | ५० | | |
| | | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान | २२५२२ | ३०० | | कृषि विभाग |
| ५ | कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.पू.) | आ.व. २०८०/८१ मा सञ्चालन भएका ब्लक विकास कार्यक्रमको निरन्तरता | २२५२२ | १४२५ | | PMAMP |
| | | ब्लक विकास कार्यक्रमको अनुगमन | २२६११ | २५ | | |
| | | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान | | १८०० | | कृषि विभाग |

| क्र. सं. | कार्यालय | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | विनियोजित बजेट | फागुन मसान्तसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| ६ | कृषि ज्ञान केन्द्र, स्याङ्जा | आ.व. २०८०/८१ मा सञ्चालन भएका ब्लक विकास कार्यक्रमको निरन्तरता | २२५२२ | २८५० | | PMAMP |
| | | ब्लक विकास कार्यक्रमको अनुगमन | २२६११ | ५० | | |
| | | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान | | १६०० | | कृषि विभाग |
| ७ | कृषि ज्ञान केन्द्र, तनहुँ | आ.व. २०८०/८१ मा सञ्चालन भएका ब्लक विकास कार्यक्रमको निरन्तरता | २२५२२ | १४२५ | | PMAMP |
| | | ब्लक विकास कार्यक्रमको अनुगमन | २२६११ | २५ | | |
| | | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान | २२५२२ | ३६५ | | कृषि विभाग |
| ८ | कृषि ज्ञान केन्द्र, बागलुङ | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान | २२५२२ | ९५ | | कृषि विभाग |
| ९ | कृषि ज्ञान केन्द्र, म्याग्दी | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान | २२५२२ | ३५ | | कृषि विभाग |
| १० | कृषि ज्ञान केन्द्र पर्वत | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान | २२५२२ | ४१५ | | कृषि विभाग |
| ११ | कृषि ज्ञान केन्द्र, कास्की | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान | २२५२२ | २५० | | कृषि विभाग |
| १२ | कृषि ज्ञान केन्द्र, गोरखा | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान | २२५२२ | १५० | | कृषि विभाग |
| | | जम्मा | | २१६२० | ९४३ | ४.४ |

## ९. प्रदेश तथा स्थानीय तहमा सङ्घीय सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रमको अवसर

- राष्ट्रिय प्राथमिकताका बाली/वस्तुको उत्पादन प्रवर्द्धन
- प्रायः स्थानीय तहमा कृषि विकास सम्बन्धी कार्यक्रम तथा बजेट न्यून हुनु
- आधुनिक कृषि प्रविधि र उपकरणहरूको प्रयोगमार्फत उत्पादन/उत्पादकत्व वृद्धिमा सहयोग।
- खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धनमा सहयोग।
- कृषकको आयमा सुधारः कृषकहरूको आयस्तर सुधार एवम् ग्रामीण अर्थतन्त्रको सुदृढीकरण।
- कृषि विकास सम्बन्धी सरकारी नीतिहरूको कार्यान्वयन र सेवाको पहुँचमा वृद्धि।

## १०. प्रदेश तथा स्थानीय तहमा सङ्घीय सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम कार्यान्वयनका समस्या एवम् चुनौतीहरू

- कार्य विस्तृतीकरणमा प्रतिवेदनमा त्रुटी
- स्थानीय माग र आवश्यकता बमोजिमका कार्यक्रम तर्जुमा नहुनु
- कार्यक्रम/क्रियाकलापमा दोहोरोपना हुनु
- अनुदानको सीमामा एकरूपता नहुनु
- स-साना टुक्रे कार्यक्रम तर्जुमा हुनु
- दक्ष प्राविधिक जनशक्तिको कमी
- स्थानीय कृषि तथ्यांक तथा प्रगति प्रतिवेदन समयमै/प्राप्त नहुनु
- कार्यक्रमको निरन्तरता नहुनु
- यथोचित समन्वयको कमी तथा कार्यक्रम कार्यान्वयनमा ढिलाई

## ११. नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित सङ्घ, प्रदेश र स्थानीयतहको एकल तथा साझा अधिकार-सूची

| | |
|---|---|
| **अनुसूची-५ बमोजिम सङ्घको एकल अधिकार** | १८. क्वारेन्टाइन<br>२९. भू-उपयोग नीति |
| **अनुसूची-६ बमोजिम प्रदेशको एकल अधिकार** | ४. कृषि आयमा कर |
| | २०. कृषि तथा पशु विकास |
| **अनुसूची-७ बमोजिम सङ्घ र प्रदेशको साझा अधिकार** | ९. औषधि र विषादी |
| | २४. भूमि नीति र सो सम्बन्धी कानून |
| **अनुसूची-८ बमोजिम स्थानीय तहको अधिकार** | १५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| | १८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण |
| **अनुसूची-९ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार** | ४. कृषि |

## १२. कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी स्थानीय तहबाट प्राप्त केही मुख्य सुझावहरू

- कार्यक्रममा डुप्लिकेसन हुन नहुने, योजना छनौट, सम्झौता, अनुदान लिएका कृषकको विवरण सम्बन्धी निकायगत समन्वय हुनुपर्ने

- युवालाई आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रम तर्जुमा हुनुपर्ने
- प्राकृतिक विपदबाट क्षति व्यहोराका कृषकलाई तत्काल राहत वितरण सम्बन्धी कार्यक्रम
- सङ्घीय सरकारले स-साना टुक्रे सशर्त कार्यक्रम हस्तान्तरण गर्न नहुने
- वित्तीय समानीकरण अन्तर्गत कृषि क्षेत्रको बजेट कटौती हुन नहुने
- स्थानीय तहमा कार्यरत कृषि प्राविधिकको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिनुपर्ने

## १३. कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी स्थानीय तहबाट प्राप्त केही मुख्य सुझावहरू

- सङ्घ/प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रमको प्रकृति र स्तर छुट्याउनु पर्ने,
- तीन तहका सरकारले सञ्चालन गर्ने कृषि विकास कार्यक्रममा विशिष्टता हुनुपर्ने, दोहोरोपनपन हटाउने र अनुदानको सीमामा एकरूपता हुनुपर्ने
- कृषक वर्गीकरण गरी सोही अनुसार कृषि सम्बन्धी अनुदानका कार्यक्रम सञ्चालन गर्नुपर्ने
- स्थानीय तहको लागत साझेदारीमा मागमा आधारित कार्यक्रम तर्जुमा गर्ने
- कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधिको जटिलता हटाई सरलीकृत गर्नुपर्ने
- कृषि पेशालाई आरक्षण तथा संरक्षणको नीति लिई अगाडि बढ्नुपर्ने, प्रतिस्पर्धामा आधारित भएको हुनाले कृषि क्षेत्रमा आकर्षण घट्दै गएको
- कृषि क्षेत्र सम्बन्धी कार्य विस्तृतीकरण प्रतिवेदनमा परिमार्जन/स्पष्टता
- कृषकको माग र स्थानीय सम्भाव्यताको आधारमा कार्यक्रम तर्जुमा तथा हस्तान्तरण
- आवश्यकता र समस्याको प्राथमिकीकरण
- किसान पहिचान, सूचीकरण र वर्गीकरण
- कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्यविधि सम्बन्धी अभिमुखीकरण
- नीतिगत/कार्यक्रमगत निरन्तरता र एकरूपता
- जनशक्ति र क्षमता अभिवृद्धि/विकास (वृत्ति विकास तथा क्षमता विकासमा अवसर)
- तीन तहका सरकार, तथा निजी क्षेत्र एवम् अन्य सरोकारवाला निकायहरूबीच कार्यमूलक समन्वय र सहकार्य तथा एकीकृत प्रयास

# ११. कार्य विस्तृतीकरण तथा सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम

## मधेश प्रदेश

**मितिः २०८१।११।२८**

## १. पृष्ठभूमि र उद्देश्य

नेपाल सङ्घीय संरचनामा प्रवेश गरेसँगै कृषि विकासका कार्यक्रमहरू तीनै तहका सरकारहरूको कार्यक्षेत्रभित्र रही सोही अनुसार सञ्चालन हुँदै आइरहेका छन्। नेपालको संविधानले कृषि क्षेत्रको समग्र विकास प्रक्रियामा तीनै तहका सरकारहरूको भूमिका र अधिकारलाई निर्देशित गरेको छ। संविधानको प्रावधान अनुसारको सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रलाई कार्यविस्तृतीकरण गरी थप स्पष्ट गरिएको छ। जस अनुसार नीतिगत व्यवस्था, नियमन, प्लान्ट क्वारेन्टिन तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरण जस्ता विषयहरू सङ्घीय सरकारको अधिकारक्षेत्र भित्र रहेको छ भने कृषिमा आधारित उद्यमशीलता विकास र स्थानीय तहमा कार्यरत प्राविधिकहरूको क्षमता विकास प्रदेश सरकारको कार्यक्षेत्रभित्र परेको छ। त्यसैगरी कृषि प्रसार कार्यक्रमको सञ्चालन र व्यवस्थापन स्थानीय सरकारको कार्यक्षेत्रभित्र परेको छ। सङ्घीय सरकारले राष्ट्रिय महत्त्वका कार्यक्रमहरू सञ्चालनको लागि प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरणमार्फत ती निकायहरूमार्फत सशर्त अनुदान प्रवाह गरी कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यसै सन्दर्भमा कृषि विभागको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरणमार्फत सञ्चालित कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका समस्याहरू पहिचान गरी आगामी दिनमा यस्ता किसिमका कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धिमा टेवा पुर्‍याउने उद्देश्यले सातै प्रदेशमा समन्वयात्मक गोष्ठी सञ्चालन गर्ने कार्यक्रम रहेको छ। जस अनुसार मिति २०८१ फागुन २८ गते बुधवार कृषि विकास निर्देशनालय नक्टाझिज धनुषामा मधेस प्रदेशस्तरीय गोष्ठी सञ्चालन गरिएको थियो।

## २. गोष्ठीमा सहभागिता

कृषि विभागमा उप-महानिर्देशक राजेन्द्र कोइरालाको अध्यक्षतामा सञ्चालित गोष्ठीमा देहाय बमोजिमको सहभागिता रहेको थियो।

| सि.नं. | नाम, थर | पद | कार्यालय/ठेगाना |
|---|---|---|---|
| १ | श्री राजेन्द्र कोइराला | उप-महानिर्देशक | कृषि विभाग |
| २ | श्री केशव देवकोटा | प्रमुख | बालि विकास तथा जैविक वि.सं.के. हरिहरभवन |
| ३ | मो.फरहत अली | कीट विज्ञ | रा.धा.ब.अ..का. हर्दिनाथ धनुषा |
| ४ | सरोजकान्त अधिकारी | प्रमुख | कृषि यान्त्रीकरण प्र.के. नक्टाझिज |
| ५ | रामसोगारथ साह | व.कृ.प्र.अ. | कृषि विभाग |
| ६ | शोभा पौडेल | व.कृ.प्र.अ. | कृषि विभाग |
| ७ | वचन कुमार साह | नि.शाखा प्र. | कृषि सामग्री कं.लि. जनकपुर |

| सि.नं. | नाम, थर | पद | कार्यालय/ठेगाना |
|---|---|---|---|
| ८ | सुदिप चौधरी | वा.स.अ. | कृषि विकास निर्देशनालय नक्टाझिज |
| ९ | हरिभक्त सिग्देल | ना.सु. | कृषि विभाग |
| १० | रामचन्द्र यादव | प्रमुख | कृषि ज्ञान केन्द्र धनुषा |
| ११ | राजन गिरी | कृ.प्र.अ. | कृषि विभाग |
| १२ | सुनिल कुमार सिंह | प्रमुख | माटो तथा मल परीक्षण प्रयोगशाला सप्तरी |
| १३ | विरेन्द्र कुमार यादव | शाखा प्रमुख | कृषि विकास शाखा गोलबजार |
| १४ | बलमिन्द्र कुमार यादव | शाखा प्रमुख | कृषि विकास शाखा भगवानपुर सिरहा |
| १५ | सिया प्रसाद मगर | शाखा प्रमुख | जलेश्वर न.पा. |
| १६ | कुन्दन यादव | कृषि स्नातक (अधिकृत) | कलैया उप-महानगरपालिका |
| १७ | जन दहाल | ना.प्रा.स. | बर्दिबास न.पा. महोत्तरी |
| १८ | सुमित कुमार जयसवाल | कृषि अधिकृत | दुर्गा भगवती गा.पा. रौतहट |
| १९ | अरविन्द्र कुमार सिंह | प्रा.स.कृषि | चन्द्रनगर गा.पा. सर्लाही |
| २० | राम कृपाल यादव | अधिकृत | ज.उ.म.पा. जनकपुरधाम |
| २१ | ओम प्रकाश यादव | कृषि अधिकृत छैठो | लोहारपट्टी न.पा. महोत्तरी |
| २२ | राम बहादुर कुशवाह | कृषि अधिकृत | परवानिपर गा.पा. बारा |
| २३ | रोशन प्रसाद मण्डल | ना.प्रा.स. | प्रसौनी गा.पा.बारा |
| २४ | अरुण कुमार सिंह | अधिकृत छैठो | बरहथवा नगरपालिका |
| २५ | श्रीप्रसाद यादव | नि.का. प्रमुख | बीउबिजन प्रयोगशाला |
| २६ | श्याम कुमार चौधरी | ह.स.चा. | महोत्तरी |
| २७ | विक्रम यादव | प्रा.स. | नगराईन न.पा. |
| २८ | मोहन महेता | प्रमुख | बाली सं.प्रयोगशाला सिरहा |
| २९ | रोशन कुमार मेहता | नि.प्रमुख | कृषि व्य.प्र. स.त.के. |
| ३० | धरन यादव | | कृ.या.प्र.के |
| ३१ | विन्दा मण्डल | | कृ.या.प्र.के |
| ३२ | गंगाराम यादव | ह.स.चा. | माटो तथा मल प.के. सप्तरी |
| ३३ | सरोज अधिकारी | के.प्रमुख | कृ.या.प्र.के. नक्टाझिज |
| ३४ | मनोज चौधरी | कृषि ई. | कृ.या.प्र.के. नक्टाझिज |
| ३५ | महेन्द्र यादव | कृषि ई. | कृ.या.प्र.के. नक्टाझिज |
| ३६ | सुमन साह | कृषि ई. | कृ.वि.नि. |

## २. कार्यपत्र : कार्य विस्तृतीकरण र सशर्त कार्यक्रम सञ्चालनको लागि पालिकाहरूको प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम

### क) श्री सुदीप चौधरी, बाली सरक्षण अधिकृत, कृषि विकास निर्देशनालय, मधेस प्रदेश

- दरबन्दी अनुसार पदपूर्ति नहुनु
- अविरल वर्षाको कारण कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको
- DESES सम्बन्धी कार्यविधि संशोधनको क्रममा रहेकोले सम्बन्धित कार्यक्रम सञ्चालन गर्न नसकिएको
- स्वीकृत कार्यक्रममा क्रियाकलापहरूको त्रैमासिक विभाजन नमिलेको

### ख) स्थानीय तहमा सङ्घीय सशर्त अनुदान कार्यक्रम कार्यान्वयनका सन्दर्भमा आएका पृष्ठपोषणहरू

- माग गरेको भन्दा फरक कार्यक्रमहरू आउने गरेको।
- एउटै कार्यक्रम/क्रियाकलाप दोहोरिएर आउने गरेको।
- कार्यक्रम बजेट फर्मेटमा त्रैमासिक विभाजन (बजेट र परिमाण) नमिलेको।
- अनुदान रकम ५०% कम भएको।
- कतिपय कार्यक्रमका लागि निर्दिष्ट structure, estimate नहुँदा म.ले.प. ले बेरुजु लेख्ने गरेको (जस्तैः गोठ सुधारको कार्यक्रम)
- सम्बन्धित कार्यक्रम/क्रियाकलापका बारेमा केही सोध्नुपर्ने भएमा विभागमा सम्बन्धित व्यक्ति (फोकल पर्सन) भेट्टाउन नसकिने।
- समय समयमा आएका ऐन, नियमावली, कार्यविधि, निर्देशिका र त्यसमा भएका संशोधन लगायत अन्य सूचनाहरू वेबसाइटमा मात्र नभएर प्रदेश र स्थानीय तहसम्म तुरुन्तै पत्राचारमार्फत पनि जानकारी प्रदान होस्।
- वैदेशिक तालिम, अवलोकन भ्रमण आदिमा स्थानीय तहका प्राविधिकहरूलाई पनि कोटा छुट्याई अवसर दिनुपर्ने।
- उच्च शिक्षा अध्ययनका कार्यक्रमहरू (स्वदेश/विदेश) प्रायः ठप्प भएकाले त्यसतर्फ पनि अवसरका कार्यक्रमहरू राख्नुपर्ने।
- सङ्घीय संरचनामा आउनु अघि तत्कालीन जि.कृ.वि.का. मार्फत साना सिँचाइ कार्यक्रम सञ्चालन गर्दा रू. १,५०,०००।— सम्म लागत लाग्ने सम्भावना भएका स्किमको हकमा इरिगेशन इन्जिनियरिङ विषयमा तालिम प्राप्त जि.कृ.वि.का. हरूमा कार्यरत प्रा.स./ना.प्रा.स. हरूले स्थलगत सर्भेक्षण गरी लागत इष्टिमेट तयार गर्ने र स्वीकृतिको लागि जि.कृ.वि.का. हरूमा पेश गरी कार्यक्रम सञ्चालन हुँदै आएको थियो। यो व्यवस्थालाई पुनः कार्यान्वयनमा ल्याउन सङ्घीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय/कृषि विभागले पहल गरिदिए स्थानीय तह/प्रदेशमा सम्बन्धित कार्यक्रम सञ्चालनमा सहज हुने र कृषि प्राविधिकको समेत क्षमता अभिवृद्धि हुने थियो।

- पोष्ट हार्भेष्ट प्रविधिमा दक्ष जनशक्ति तयार गर्नुपर्ने।
- सङ्घीय निकायबाट समेत कार्यक्रम अनुगमन र पृष्ठपोषण हुनुपर्ने।
- स्थानीय तहका आम प्राविधिकहरूको गुनासोः **"हामीलाई प्रदेश र सङ्घीय सरकारबाट अभिभावकत्व ग्रहण राम्रोसँग हुन सकेन"** भन्नेछ।

## ग) किसान सूचीकरण व्यवस्थापन प्रणाली सम्बन्धमा सुझावहरू

- Website based system लाई Offline पनि विवरण प्रविष्टि गर्न सकिने Software based system प्रयोगमा ल्याउनु पर्ने। (Offline entry गर्न मिल्ने र पछि internet को पहुँचमा पुगेपछि System मा sync. हुने किसिमको software हुँदा ग्रामीण र पहाडी/हिमाली भेगका कृषकलाई समेट्न सकिने)
- User Interface प्रयोगकर्ता मैत्री बनाउनु पर्ने
- सूचीकरण प्रणालीमा प्रविष्ट भएको कृषकको विवरणहरूको प्रमाणीकरण गर्ने कार्य सहज बनाउनु पर्ने।
- सूचीकरण प्रणालीमा दर्ता गरिएको विवरण Excel sheet मा export/download गर्न सकिने बनाउनु पर्ने
- २०७७ मा lunch भएको यो Software ले हालसम्म पनि यसको लक्षित उद्येश्य हासिल गर्न नसकेकोमा प्रारम्भमा यसले प्राविधिकहरूमा ल्याएको जोश जाँगर समेत हराएको हुँदा यसका कमी कमजोरीलाई समाधान गर्दै चाँडै नै यसलाई क्रियाशील बनाउनु पर्छ।

## घ) प्राप्त समस्या र समाधानहरू

**समस्या**

- सङ्घीय स्तरमा सशर्त कार्यक्रमहरूको कार्यान्वयनमा समन्वयको अभाव, अनुगमन र मूल्याङ्कनमा कमजोरी।
- स्थानीय तहमा कार्यक्रमको सही जानकारी नपुगेको र प्रविधि र स्रोतका अभावले गर्दा कार्यक्रमको प्रभावकारिता घटेको।
- कृषकहरूलाई सशर्त कार्यक्रमहरूको जानकारी नभएका कारण उनीहरू कार्यक्रमबाट बाहिर रहने गरेका छन्।
- आधुनिक कृषि प्रविधि र नयाँ कार्यक्रमहरूको पहुँच सीमित भएको छ।
- कृषकहरूले सशर्त अनुदान वा सहुलियतहरू पाउने तर सबैजना उचित पूर्वाधारको अभावका कारण त्यसको पूर्ण लाभ लिन सक्दैनन्।
- विशेषगरी दूरदराजका क्षेत्रहरूमा कृषकहरूले सशर्त कार्यक्रमहरूको पूरा लाभ लिन सक्दैनन्।
- सशर्त कार्यक्रमहरूको मापदण्ड र प्रक्रियाहरू धेरै जटिल हुने गरी तय गरिएको छ, जसले गर्दा कृषकहरू कार्यक्रमबाट बाहिर भइरहेका छन्।
- विभिन्न तहहरूमा आवेदन प्रक्रिया र अनुदान प्राप्त गर्नको लागि आवश्यक कागजी कार्यवाही अत्यधिक जटिल भएको छ।
- सशर्त कार्यक्रमहरूको प्रभावकारिता र दक्षताको मूल्याङ्कन र अनुगमन कमजोर भएको छ। यसले अनुदानको सही प्रयोग र कार्यक्रमको उद्देश्य पूरा गर्न चुनौती उत्पन्न गर्छ।

- अनुदानको प्रभाव सस्तो र अस्थिर कृषि उत्पादनमा देखिन्छ, जसले दीर्घकालीन सुधारमा योगदान पुर्‍याउन सक्दैन।

**समाधान**

- कार्यक्रमहरूको स्पष्ट दिशानिर्देशः सशर्त कार्यक्रमहरूको कार्यान्वयनमा स्थानीय तहमा देखिने असमञ्जसता कम गर्न स्पष्ट दिशानिर्देश र प्रोटोकलहरू तयार गर्न आवश्यक छ।
- सङ्घीय, प्रदेश र स्थानीय तह बीचको समन्वयः कार्यान्वयनका स्तरहरू बीचको समन्वयमा सुधार गर्न नियमित बैठक र सूचना साझेदारी प्रणालीको विकास गर्नु आवश्यक छ।
- प्रशिक्षण र जनचेतना कार्यक्रमहरूः कृषकहरूको बीचमा विभिन्न सशर्त कार्यक्रमहरूको बारेमा व्यापक जानकारी दिने कार्यक्रमहरूको आयोजना गर्नु गरिनु पर्दछ।
- डिजिटल प्लेटफर्महरूको प्रयोगः कृषि कार्यक्रमहरूको जानकारी र स्रोत डिजिटल माध्यममार्फत कृषकहरूसम्म पुर्‍याउनको लागि मोबाइल एप्लिकेसन र वेब पोर्टलको प्रयोगलाई बढावा दिनु पर्दछ।
- पूर्वाधारको सुधारः कृषि आधारित पूर्वाधारहरू जस्तै सिँचाइ, बजार व्यवस्थापन, र भण्डारण सुविधाहरूको सुधार र विस्तारमा जोड दिनु पर्छ।
- दूरदराजका किसानहरूका लागि विशेष योजनाहरू र अनुदान कार्यक्रमहरू तयार गर्नु पर्छ।
- सरल प्रक्रिया र मापदण्डः सशर्त कार्यक्रमहरूको आवेदन प्रक्रिया र शर्तहरूलाई सरलीकृत गरेर किसानहरूको लागि पहुँच योग्य बनाउनु पर्छ।
- एकीकृत आवेदन प्रक्रियाः एकल आवेदन प्रणालीको विकास जसले कृषि र अनुदान कार्यक्रमका विभिन्न प्रक्रियाहरूलाई एकै स्थानमा समेट्न सके कार्यक्रम फलदायी हुनेछ।
- सशर्त कार्यक्रमहरूको निरन्तर मूल्याङ्कनः नियमित रूपमा कार्यक्रमको प्रभाव मूल्याङ्कन गर्नका लागि छानबिन र अनुगमन हुनु पर्दछ।
- स्थानीय तहमा अनुगमन यन्त्रको स्थापनाः स्थानीयस्तरमा अनुगमनका लागि यन्त्र र संस्थाहरूको सुदृढीकरण गर्नु पर्छ।
- जसले गाउँ स्तरमा कार्यक्रमहरूको सही कार्यान्वयन सुनिश्चित गर्न सघाउ पुर्‍याउँछ।
- दीर्घकालीन रणनीतिहरूको निर्माणः अनुदानको आधारमा कृषि उत्पादनको स्थायित्व र दीर्घकालीन सुधारका लागि समग्र कृषि नीतिहरूलाई समाहित गर्नु पर्छ।
- सशर्त कार्यक्रमहरूको आवेदन प्रक्रिया र शर्तहरूलाई कृषकहरूको लागि सजिलो र सुलभ बनाउनका लागि अनलाइन र अफलाइन दुवै विकल्पहरू उपलब्ध गराउनुपर्छ।
- कृषकहरूले कार्यक्रमका बारेमा समयमै र पूर्ण जानकारी प्राप्त गर्न स्थानीय तहमा सूचना अभियानहरू, रेडियो, टेलिभिजन र मोबाइल एप्लिकेसनको प्रयोग गर्नु उपयुक्त हुने देखिन्छ।

## ङ) कृषक प्रशिक्षण र क्षमता वृद्धिका कार्यक्रमहरू

- प्रशिक्षण र चेतना अभियानः कृषकहरूको क्षमता वृद्धिका लागि विशेष तालिम र कार्यशालाहरू

आयोजना गर्नुपर्छ। यसले कृषकहरूको सशर्त कार्यक्रमहरूको सही उपयोग र खेतीका नयाँ प्रविधिहरू अपनाउनमा मद्दत पुर्‍याउँछ।

- कृषक समूहहरूको निर्माणः कृषकहरूलाई सहकारी समूह वा कृषक समूहहरूको रूपमा जम्मा गरेर तालिम र कार्यक्रमको फाइदा बढी उपलब्ध गराउन सकिन्छ। समूहको माध्यमबाट समन्वय र सहयोग बढाउन मद्दत पुग्छ।

## च) नवीनतम प्रविधिहरू र डिजिटल प्लेटफर्मको प्रयोग

- डिजिटल सेवा र मोबाइल एप्लिकेसनः सशर्त कार्यक्रमहरूको जानकारी र प्रक्रियालाई डिजिटल प्लेटफर्ममार्फत प्रस्तुत गर्नु, जसले कृषकहरूको पहुँचमा ल्याउनेछ। मोबाइल एप्लिकेशन र वेबसाइटमार्फत आवेदन प्रक्रिया सरल र सहज बनाउन सकिन्छ।
- डिजिटल मापन र मूल्याङ्कन प्रणालीः अनुदानको सही वितरण र कार्यक्रमको प्रभावकारिता मापन गर्नका लागि डिजिटल प्रणालीको प्रयोगमा जोड दिनु। यसले निगरानी र मूल्याङ्कन प्रक्रिया पारदर्शी र त्वरित बनाउँछ।

## छ) सशर्त कार्यक्रमहरूको दीर्घकालीन प्रभाव र स्थायित्व

- दीर्घकालीन योजनामा आधारित कार्यक्रमः केवल सशर्त अनुदानहरू दिने मात्र नभइ, कृषकहरूको दीर्घकालीन उन्नति र दीगो विकासका लागि निरन्तर कृषि सुधार कार्यक्रमहरू प्रस्तुत गर्नु। यसमा कृषि उपजको मूल्य वृद्धि, नयाँ बजारको खोजी, र खाद्य सुरक्षा सुनिश्चित गर्ने योजना पनि समावेश गर्नु।
- कृषि वित्त र सहुलियतको उपलब्धताः कृषकहरूको दीर्घकालीन उत्पादन र व्यावसायिकता सुनिश्चित गर्न सस्तो कृषि ऋण र सहुलियतको व्यवस्थापनमा ध्यान दिनु। यसले सशर्त कार्यक्रमलाई अधिक प्रभावकारी बनाउँछ।
- कार्यक्रमहरू स्थानीय तहको आवश्यकता अनुरूप पठाउनु पर्ने।

## ज) सशर्त शर्तहरूको पुनरावलोकन र सुधार

- सशर्त शर्तहरूको सरलीकरणः सशर्त कार्यक्रमहरूको शर्तहरू अत्यधिक जटिल र कठोर नहुनुपर्छ। शर्तहरूलाई सरलीकृत गरेर किसानहरूको पहुँचमा ल्याउन सकिन्छ। यसले कृषकलाई अनुदान प्राप्त गर्न प्रोत्साहित गर्छ र कार्यक्रमको कार्यान्वयनमा सहजता ल्याउँछ।
- अवस्थित कार्यक्रमहरूको समायोजनः यदि कुनै विशेष शर्त कृषकको वास्तविक आवश्यकतासँग मेल खाँदैन भने, त्यसमा सुधार ल्याउन कृषि विभागलाई सुझाव दिनु। कृषकहरूको मौलिक समस्याहरूका आधारमा शर्तहरूको लचकता अनिवार्य छ।
- कृषि कार्यमा प्रयोग हुने मेसिनरी यन्त्र उपकरणहरू जथाभावी रूपमा अन्य देशबाट नेपाल भित्राउने कार्यलाई रोकी मेसिनरी परीक्षण तथा स्पष्ट मापदण्डको आधारमा मात्र ल्याउन पाउने व्यवस्था गर्नु पर्ने।

## झ) नवीनतम अनुसन्धान र प्राविधिक सहयोग

- नवीनतम कृषि प्रविधिहरूको समावेशीकरणः सशर्त कार्यक्रमहरूमा कृषि उत्पादन बढाउने उद्देश्यले अनुसन्धान र प्रविधिको प्रयोग प्रोत्साहन गर्नु। विशेषगरी जैविक र दीगो कृषि उत्पादनका प्रविधिहरूलाई कार्यक्रमहरूमा समावेश गर्नु।

- कृषि प्राविधिक सहयोग र सेवाः कृषकहरूलाई सशर्त कार्यक्रमको सहारा लिन प्राविधिक सेवा र सुझावको आवश्यकता पर्छ। त्यसैले कृषि विभागले कृषकलाई प्राविधिक मार्गदर्शन र उपयुक्त सेवाहरू उपलब्ध गराउनुपर्छ।

## ञ) अनुगमन र मूल्याङ्कन प्रणालीको सुदृढीकरण

- समय-समयमा मूल्याङ्कनः कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्नका लागि कृषि विभागले नियमित अनुगमन र मूल्याङ्कन कार्यप्रणालीलाई सुदृढ पार्नुपर्छ। यसले कुनै पनि समस्याहरू चाँडै पहिचान गर्न मद्दत पुर्याउँछ र कार्यक्रमलाई सुधार्ने अवसर दिन्छ।
- फिड ब्याक लूपः कृषकहरूले दिनु भएका प्रतिक्रिया र सुझावहरूलाई कार्यान्वयन प्रक्रियामा समावेश गर्नु। यसले कृषकहरूको सन्तुष्टि र कार्यक्रमको सन्तुलित विकासमा मद्दत गर्दछ।

## ट) सामाजिक समावेशिता र समानता

- समान अवसर र पहुँचः सशर्त कार्यक्रमहरूको डिजाइन गर्दा विशेष गरी महिलाहरू, आदिवासी समुदाय, र विपन्न कृषक वर्गलाई प्राथमिकता दिनु। यसले कृषक वर्गका सबै तहलाई समेट्न मद्दत गर्छ र समान अवसर सुनिश्चित गर्दछ।

## ठ) कार्यक्रमको समापन

कार्यक्रममा प्रस्तुतीकरण पश्चात् छलफल कार्यक्रम आयोजना गरिएको थियो। छलफलमा उठेका विषयवस्तुहरूका सम्बन्धमा यस प्रतिवेदनको खण्ड घ मा प्रस्तुत गरिएको छ। कार्यक्रमको अन्तमा कार्यक्रमको अध्यक्षता ग्रहण गर्नुभएका कृषि विभाग उप-महानिर्देशक राजेन्द्र कोइरालाले छलफल तथा प्रस्तुतिको क्रममा उठेका विषयवस्तुहरूको सम्बन्धमा आफ्नो धारणाहरू राख्नु भएको थियो। धारणा राख्ने क्रममा उहाँले सबै निकायबाट उठेका सुझाव तथा समस्याहरूका समाधानका लागि विभागले आगामी दिनमा आवश्यक नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरी समाधानको पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो। अध्यक्षले उपस्थित सहभागीहरूलाई धन्यवाद दिई कार्यक्रमको समापन गर्नुभएको थियो।

# १२. कार्य विस्तृतीकरण र सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको अन्तरक्रिया कार्यक्रम सुर्खेतको प्रतिवेदन कर्णाली प्रदेश

**मितिः २०८१/१२/०८**
**स्थानः कृषि तथा पशुपन्छी व्यवसाय प्रशिक्षण केन्द्र, सुर्खेत**

## १. पृष्ठभूमि

कार्य विस्तृतीकरण तथा सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको प्रदेशस्तरिय अन्तरक्रिया कार्यक्रम मिति २०८१/१२/०८ गते कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र, सुर्खेत, कर्णाली प्रदेशमा सम्पन्न भयो। उक्त कार्यक्रममा सङ्घ, प्रदेश स्थानीयका सरोकारवालाबीच चालु आ.व. को प्रगति, कार्यक्रम सञ्चालनमा आएका समस्या र आगामी आ.व. मा आवश्यक कार्यक्रमको बारेमा छलफल गरियो। अध्यक्षता कृषि विभाग, हरिहरभवनका उप-महानिर्देशक राजेन्द्र कोइरालाले गर्नुभएको थियो।

## २. उद्देश्य

- प्रदेश तथा स्थानीय सशर्त कार्यक्रमहरूको आ.व. २०८१ को पौषसम्मको प्रगति समीक्षा गर्ने।
- गोष्ठीमा सरोकारवालाहरू बीच छलफल गरी कार्यक्रम सञ्चालनमा आएका समस्या सङ्कलन गर्ने।
- आगामी आ.व. २०८२/८३ मा आवश्यक कार्यक्रमको बारेमा सुझाव सङ्कलन गर्ने।
- प्रदेश तथा स्थानीय सशर्त कार्यक्रम गएका पालिकाहरूको अनुगमन

## ३. उक्त कार्यक्रममा तपसिलका स्थानीय तहहरू, प्रादेशिक कार्यालयहरू र सङ्घीय कार्यालयहरूबाट निम्नानुसारको सहभागी रहयो।

| सि.नं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| १ | राजेन्द्र कोइराला | उप-महानिर्देशक | कृषि विभाग |
| २ | परशुराम रावत | सचिव | भूमि व्यवस्था कृषि कृषि तथा सहकारी मन्त्रालय सुर्खेत |
| ३ | चित्र बहादुर रोकाया | प्रमुख | एकीकृत कृषि प्रयोगशाला सुर्खेत |
| ४ | दिपक कुमार भण्डारी | प्रमुख | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र, सुर्खेत |
| ५ | रामसोगारथ साह | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि विभाग |
| ६ | धन बहादुर कठायत | कृषि प्रसार अधिकृत | भूमि व्यवस्था कृषि कृषि तथा सहकारी मन्त्रालय, सुर्खेत |
| ७ | रामभक्त अधिकारी | प्रमुख | कृषि ज्ञानकेन्द्र, जुम्ला |
| ८ | प्रतिमा खड्का | कृषि अधिकृत | कृषि विकास निर्देशनालय, सुर्खेत |

| सि.नं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| ९ | नवराज जोशी | बाली वि. अधिकृत | बाली वि. तथा कृषि जैविक वि.स. केन्द्र श्रीमहल |
| १० | राजन गिरी | कृषि प्रसार अधिकृत | कृषि विभाग |
| ११ | कविराज ज्ञवाली | कृषि वि. अधिकृत | शारदा नगरपालिका, सल्यान |
| १२ | घनश्याम | कृषि वि. अधिकृत | वागचोर नगरपालिका, सल्यान |
| १३ | प्रकाश कुमार खड्का | कृषि वि. अधिकृत | खार्पनाथ गाउँपालिका, हुम्ला |
| १४ | धर्मराज देवकोटा | कृषि वि. अधिकृत | नोमुले गाउँपालिका, दैलेख |
| १५ | निर्मल भुषाल | कृषि वि. अधिकृत | गुँरास गाउँपालिका, दैलेख |
| १६ | किरण कुमार खड्का | प्रा.स. | आठबिसकोट नगरपालिका, रुकुम |
| १७ | कल्पना थापा | प्रा.स. | दुल्लु नगरपालिका, दैलेख |
| १८ | सम्पति बुढा | बागवानी विकास अधिकृत | बागवानी विकास केन्द्र, डोल्पा |
| १९ | नवराज थापा | कृषि अधिकृत | जानकी गाउँपालिका |
| २० | खिम वहादुर के.सी. | अधिकृत छैठौं | गुमकोट नगरपालिका, सुर्खेत |
| २१ | गैरब वन्जाडे | कृषि विकास अधिकृत | पन्चपुरी नगरपालिका, सुर्खेत |
| २२ | सुर्य बहादुर सावल | प्रा.स. | शुभकालिका गाउँपालिका, सुर्खेत |
| २३ | शुरेस ओली | बागवानी वि. अधिकृत | कृषि विकास कार्यालय, दैलेख |
| २४ | बिद्या गौतम | कृषि प्रसार अधिकृत | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र, सुर्खेत |
| २५ | निसा के.सी. | कृषि स्नातक | बीरेन्द्रनगर नगरपालिका, सुर्खेत |
| २६ | बिनोद भन्तना | कृषि विकास अधिकृत | छेडागाउँ नगरपालिका, जाजरकोट |
| २७ | परशुराम काफ्ले | अधिकृत छैठौं | खाँडाचक्र नगरपालिका, कालिकोट |
| २८ | यादब कुमार के.सी. | मत्स्य सेवा अधिकृत | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र, सुर्खेत |
| २९ | पारस कुमार जि.सी. | कृषि अधिकृत | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र, सुर्खेत |
| ३० | जयन्ती गौतम | ना.प्रा.स. | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र, सुर्खेत |
| ३१ | डा. लक्ष्मी चौलागाइ | पशु विकास अधिकृत | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र, सुर्खेत |
| ३२ | भवानी कुमारी खतीवडा | कृषि प्रसार अधिकृत | कृषि विभाग |
| ३३ | रमेश खड्का | कृषि प्रसार अधिकृत | कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र, सुर्खेत |

## ४. प्राप्त समस्या र समाधानहरू

### समस्या

- सशर्त कार्यक्रमहरूको कार्यान्वयनमा आवश्यक मात्रामा समन्वय नभएको, अनुगमन र मूल्याङ्कनमा कमजोरी यसले अनुदानको सही प्रयोग र कार्यक्रमको उद्देश्य पूरा गर्न चुनौती उत्पन्न गर्छ।
- स्थानीय तहमा कार्यक्रमको सही जानकारी आवश्यक मात्रामा नपुगेको कारण, प्रविधि र स्रोतका कमीले गर्दा कार्यक्रमको प्रभावकारिता घटेको।
- उपयुक्त माध्यमबाट उचित समयमा कृषकहरूलाई सशर्त कार्यक्रमहरूको जानकारी नभएका कारण उनीहरू कार्यक्रमको लाभ लिनबाट बञ्चित हुने गरेका छन्।
- सूचना साथै भौगोलिक बिकटताको कारण कृषकहरूमा आधुनिक कृषि प्रविधि र नयाँ कार्यक्रमहरूको पहुँच सीमित भएको अवस्था छ।
- दुर्गमक्षेत्र, विशेषगरी दुरदराजका क्षेत्रहरूमा कृषकहरूले सशर्त कार्यक्रमहरूको पूरा लाभ लिन सक्दैनन्।
- वास्तविक कृषकहरू विभिन्न तहहरूमा आवेदन प्रक्रिया र अनुदान प्राप्त गर्नको लागि आवश्यक कागजी प्रक्रिया जटिल भएको छ। सशर्त कार्यक्रमहरूको मापदण्ड र प्रक्रियाहरू सरल र कृषक मैत्री बनाइनु पर्दछ।
- अनुदानको प्रभाव सस्तो र अस्थिर कृषि उत्पादनमा देखिन्छ, जसले दीर्घकालीन सुधारमा योगदान पुर्याउन सक्दैन।

### समाधान

- सशर्त कार्यक्रमहरूको निरन्तर मूल्याङ्कन हुनु पर्छ।
- तीनै तहको सरकार बीचको समन्वयका लागि नियमित पहल हुनु पर्छ।
- प्रशिक्षण र जनचेतना कार्यक्रमहरू ल्याइनु पर्छ।
- पूर्वाधारको सुधारः कृषि आधारित पूर्वाधारहरू जस्तै सिँचाइ, बजार व्यवस्थापन, र भण्डारण सुविधाहरूको सुधार र विस्तारमा जोड दिनु पर्छ।
- सरल प्रक्रिया र मापदण्डः सशर्त कार्यक्रमहरूको आवेदन प्रक्रिया र शर्तहरूलाई सरलीकृत गरेर किसानहरूको लागि पहुँच योग्य बनाउनु पर्दछ।
- आगामी आर्थिक वर्षमा सशर्त कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि कृषि विभागलाई प्राप्त सुझावहरू ।

**१. कार्यक्रमहरूको सुलभता र पहुँचको सुनिश्चितता**

- सशर्त कार्यक्रमहरूको आवेदन प्रक्रिया र शर्तहरूलाई कृषकहरूको लागि सजिलो र सुलभ बनाउनका लागि अनलाइन र अफलाइन दुवै विकल्पहरू उपलब्ध गराउनुपर्छ, जसले विशेष गरी दुर्गम क्षेत्रका किसानहरूलाई सजिलो बनाउँछ।

- स्थानीय तहमा सूचना अभियानहरू, रेडियो, टेलिभिजन र मोबाइल एप्लिकेसनको प्रयोग गरी कृषकहरूलाई कार्यक्रमका बारेमा समयमै सुसूचित गराइनु पर्छ।
- सङ्घीय स्तरमा बनाइएका योजनाहरूलाई स्थानीयस्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि स्थानीय सरकारसँग समन्वय गरिनु पर्ने।
- कृषि विभागले कार्यक्रमहरूको कार्यान्वयन र प्रभाव मूल्याङ्कन गर्नका लागि सङ्घीय र स्थानीय तहमा एकीकृत निगरानी र मूल्याङ्कन प्रणाली लागू गर्नुपर्छ।
- कृषि प्रविधिक साथै कृषकहरू दुवैको क्षमता वृद्धिका लागि विशेष तालिम र कार्यशालाहरू आयोजना गर्नुपर्छ।
- कृषकहरूलाई सहकारी समूह वा कृषक समूहहरूको रूपमा जम्मा गरेर तालिम र कार्यक्रमको फाइदा बढी उपलब्ध गराउन सकिन्छ।
- कार्यक्रमहरू स्थानीय तहको आवश्यकता अनुरूप पठाउनु पर्ने जस्ले गर्दा कार्यक्रममा अपनत्व बोध गराउलछ।
- दीर्घकालीन योजनामा आधारित कार्यक्रमः केवल सशर्त अनुदानहरू दिने मात्र नभई, कृषकहरूको दीर्घकालीन उन्नति र दीगो विकासका लागि निरन्तर कृषि सुधार कार्यक्रमहरू ल्याउनु पर्दछ।

# १३. कार्य विस्तृतीकरण र सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको अन्तरक्रिया कार्यक्रम

# लुम्बिनी प्रदेश

**मितिः २०८१/०९/२६**

**स्थानः कृषि विकास बैंक, तालिम केन्द्र, लुम्बिनी**

## १. पृष्ठभूमि

कार्य विस्तृतिकरण तथा सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको प्रदेशस्तरिय अन्तरक्रिया कार्यक्रम मिति २०८१/०९/२६ गते कृषि विकास बैंक तालिम केन्द्र, मङ्गलापुर लुम्बिनी प्रदेशमा सम्पन्न भयो। उक्त कार्यक्रममा सङ्घ, प्रदेश स्थानीयका सरोकारवालाहरूबीच चालु आ.व. को प्रगति, कार्यक्रम सञ्चालनमा आएका समस्या र आगामि आ.व. मा आवश्यक कार्यक्रमको बारेमा छलफल गरियो। अध्यक्षता कृषि विभाग, हरिहरभवनका महानिर्देशक श्री प्रकाशकुमार सन्जेलले गर्नुभएको थियो।

## २. उद्देश्य

- प्रदेश तथा स्थानीय सशर्त कार्यक्रमहरूको आ.व. २०८१ को पौषसम्मको प्रगति समीक्षा गर्ने।
- गोष्ठीमा सरोकारवालाहरू बीच छलफल गरी कार्यक्रम सञ्चालनमा आएका समस्या सङ्कलन गर्ने।
- आगामी आ.व. २०८२/८३ मा आवश्यक कार्यक्रमको बारेमा सुझाव सङ्कलन गर्ने।
- प्रदेश तथा स्थानीय सशर्त कार्यक्रम गएका पालिकाहरूको अनुगमन

## ३. उक्त कार्यक्रममा तपसिलका स्थानीय तहहरू, प्रादेशिक कार्यालयहरू र सङ्घीय कार्यालयहरूबाट देहाय बमोजिमको सहभागिता भयो।

| सि.नं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| १ | प्रकाशकुमार सन्जेल | महानिर्देशक | कृषि विभाग |
| २ | रामप्रसाद पाण्डे | कृषि प्रसार निर्देशक | कृषि विकास निर्देशनालय, बुटवल |
| ३ | डा. रोशन बस्नेत | संयोजक | रा.ग.अ.का., भैरहवा |
| ४ | प्रदिप पन्थ | कृषि अधिकृत | छत्रकोट गाउँपालिका |
| ५ | श्री शालिकराम गौतम | वरिष्ठ बाली विकास अधिकृत | बीउबिजन प्रयोगशाला, खजुरा |
| ६ | राजेन्द्र भट्टराई | कृषि अधिकृत | सन्धिखर्क नगरपालिका |
| ७ | होमलाल भुसाल | कृषि अधिकृत | तिलोत्तमा नगरपालिका |
| ८ | लेषबहादुर के.सी | कृषि विकास अधिकृत | बाणगंगा नगरपालिका |
| ९ | प्रज्ञा लाम्टोङ्ग | कृषि अधिकृत | रिव्दीकोट गाउँपालिका |
| १० | कल्पाना धमला | प्रा.स | कफी विकास केन्द्र, गुल्मी |

| सि.नं. | नाम, थर | पद | कार्यालय |
|---|---|---|---|
| ११ | राम बहादुर थापा | कृषि अधिकृत | भुमिकास्थान नगरपालिका |
| १२ | सृजना न्यौपाने | कृषि अधिकृत | प्रतापपुर गाउँपालिका |
| १३ | प्रमोद कुमार चौधरी | ना.प्रा.स. | बढैयाताल नगरपालिका |
| १४ | सरोज निमलसिना | ना.प्रा.स. | तानसेन नगरपालिका, पाल्पा |
| १५ | परसुराम भलवार | ना.प्रा.स. | शिवराज नगरपालिका |
| १६ | पबन पौडेल | कृषि अधिकृत | गौमुखी गाउँपालिका |
| १७ | अजित पौडेल | प्रा.स. | प्यूठान नगरपालिका |
| १८ | सुरज जि. सी. | कृषि अधिकृत | कोहलपुर नगरपालिका |
| १९ | असिम पौडेल | कृषि अधिकृत | जानकी गाउँपालिका |
| २० | खिम वहादुर के.सी. | कृषि अधिकृत | प्रतापपुर गाउँपालिका |
| २१ | पुष्प अर्याल | कृषि स्नातक | सुनवल नगरपालिका |
| २२ | प्रदिप खत्री | कृषि अधिकृत | राप्ति गाउँपालिका |
| २३ | भाष्कर पौडेल | प्रमुख | कृषि ज्ञान केन्द्र, |
| २४ | बासुदेव पौडेल | अधिकृत | कृषि ज्ञान केन्द्र, |
| २५ | मतिवर यादव | कृषि अधिकृत | कृषि ज्ञान केन्द्र, रूपन्देही |
| २६ | दिनवन्दु पौडेल | बाली विकास अधिकृत | बीउबिजन प्रयोगशाला, भैरहवा |
| २७ | नवराज घिमिरे | अधिकृत | कृषि ज्ञानकेन्द्र, नवलपरासी |
| २८ | सन्तोष जि.सी | कृषि अधिकृत | बुटवल उपमहानगर पालिका |
| २९ | केशव प्रसाद चौधरी | कृषि अधिकृत | ओमसतिया गाउँपालिका |
| ३० | ओमप्रकाश ओली | ना.प्रा.स. | पुथाउत्तरगंगा गाउँपालिका |
| ३१ | क्षितिज खनाल | कृषि अधिकृत | सिस्ने गाउँपालिका |
| ३२ | श्रीधर ज्ञवाली | कृषि प्रसार निर्देशक | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र |
| ३३ | यामनारायण देवकोटा | महानिर्देशक | कृषि विकास निर्देशनालय |
| ३४ | दिनेश कुहार | प्रमुख | कृषि विकास बैंक |
| ३५ | रामसोगारथ शाह | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि विभाग |
| ३६ | भवानी कुमारी खतिवडा | कृषि प्रसार अधिकृत | कृषि विभाग |
| ३७ | राजन गिरी | कृषि प्रसार अधिकृत | कृषि विभाग |
| ३८ | दामोदर पोखेल | बाली संरक्षण अधिकृत | कृषि विभाग |
| ३९ | प्रताव बोहोरा | प्रा.स. | रुरुक्षेत्र गाउँपालिका, गुल्मी |

| सि.नं. | प्रस्तुति/कार्यपत्रको विषय | प्रस्तोताको नाम र पद | कार्यालय |
|---|---|---|---|
| ३ | सङ्घीय सशर्त अनुदान कार्यक्रम प्रगति विवरण तथा पृष्ठपोषण | रामप्रसाद पाण्डे<br>कृषि प्रसार निर्देशक | कृषि विकास निर्देशनालय, बुटवल, लुम्बिनी प्रदेश |

## कृषि विकास निर्देशनालय, बुटवल, लुम्बिनी प्रदेशको तर्फबाट निर्देशक राम प्रसाद पाण्डेद्वारा प्रस्तुत कार्यपत्र

### क) सङ्घीय सशर्त कार्यक्रम तथा प्रगति विवरण

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (सङ्घ शसर्त अनुदान)
- कृषि विभाग सङ्घ ससर्त कार्यक्रम
- बीउ भण्डार/प्रशोधन केन्द्र निर्माण
- उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम
- डेसिस कार्यान्वयनका लागि प्रादेशिक बीउबिजन प्रयोगशाला सहजीकरण सहयोग (बीउविजन प्रयोगशाला)।
- डेसिस कार्यान्वयन उन्नत बीउको खेत निरीक्षण, बीउ विष्लेषण तथा लट प्रमाणीकरणका लागि बीउविजन प्रयोगशालामा प्राविधिक करार सहयोग।
- बीउविजन गुणस्तर नियन्त्रण केन्द्रको समन्वयमा उन्नत बीउ उत्पादकलाई डेसिस तथा गुणस्तर नियमन सम्बन्धी तालिम।
- डिजिटल स्वायल म्याप व्यवस्थापन।

### ख) कार्यक्रम सञ्चालनमा देखिएका प्रमुख समस्याहरू र समाधानका उपायहरू

| | समस्याहरू | समाधानका उपायहरू |
|---|---|---|
| | बीउ बालीको क्षेत्र विस्तार भइरहेकोले हाल मौजुदा जनशक्तिबाट गुणस्तरीय कार्यक्रम सञ्चालनमा कठिनाइ भएको (बीउ उत्पादन तथा प्रमाणीकरण) | निजी क्षेका बाली निरीक्षकहरूलाई परिचालन सम्बन्धी कार्यक्रम समावेश हुनुपर्ने |
| | बीउविजन नियमावली २०८१ मा बीउ उत्पादकहरूको प्राविधिक परीक्षण सम्बन्धी व्यवस्था रहेको | प्रदेश तथा स्थानीय तहमा प्राविधिक परीक्षण सम्बन्धी कार्यक्रम सञ्चालन हुनुपर्ने |
| | DESIS-२ को प्रचार प्रसारमा कमी देखिएको | DESIS-२ को प्रभावकारी कार्यान्वयनका लागि बीउ व्यवसायी/ कृषि प्राविधिकहरूलाई सहजीकरण सम्बन्धी कार्यक्रम राखिनु पर्ने। |
| | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (व्लक विकास कार्यक्रम) निरन्तरता सञ्चालनमा कठिनाइ भएको | पहिलो वर्षमा व्लक विकास कार्यक्रम सञ्चालन नभएका जिल्लामा निरन्तरता सम्बन्धी कार्यक्रम सञ्चालन गर्न नसकिने भएको बजेट वियोजन गर्दा ध्यान पुर्‍याउनु पर्ने |
| | कार्यक्रम सञ्चालन कार्यविधिमा जटिलता/अस्पष्टता | कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गर्दा प्रदेश तथा स्थानीय तहमा समन्वय हुनुपर्ने |

## ग) सङ्घीय सशर्त अनुदान कार्यक्रम प्रगति विवरण तथा पृष्ठपोषण

**कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरू तथा समाधानका उपायहरू**

१. माटोको नमूना सङ्कलनको लागि क्षेत्रफल बढी भएको।

२. प्रति वडा, पालिका र जिल्लाबाट नमूना सङ्कलनको वार्षिक लक्ष्य नतोकिएकोले नमूना सङ्कलनमा समस्या देखिएको।

३. प्राविधिकहरूको क्षमता विकास नभएकोले तथ्याङ्क विवरण प्रविष्टि गर्न समस्या भएको।

४. नमूना सङ्कलनमा प्राविधिक जनशक्ति कम भई कार्यक्रम सञ्चालन तथा अनुगमनमा समस्या देखिएको।

५. माथिल्लो निकायबाट अनुगमन, मूल्याङ्कन नभएकोले कार्यक्रम सञ्चालन र माटो परीक्षण विश्लेषणको प्रभावकारिता सम्बन्धी अनविज्ञ रहेको।

**आगामी आ.व. मा सशर्त कार्यक्रमका सम्बन्धमा कृषि विभागलाई सुझाव**

- प्राविधिकहरूको क्षमता विकास गर्ने कार्यक्रमहरू समावेश हुनुपर्ने ।
- डि.एस.एम कार्यक्रमबाट कृषकहरू प्रत्यक्ष लाभान्वित हुने किसिमका क्रियाकलापहरू समावेश हुनुपर्ने

**कार्यक्रम सञ्चालनमा स्थानीय सरकारका कृषि शाखाले भोगेका समस्याहरू**

- जनशक्ति अभाव
- समय सापेक्ष प्राविधिक ज्ञान अभाव
- कार्यक्रम सञ्चालनमा द्विविधा/अस्पष्टता भएमा कहाँ सम्पर्क गर्ने?
- योजना छनौटमा समस्या (कहिलेकाँही)
- कार्यक्रम सञ्चालनमा कृषि सामग्री व्यवस्थापनमा समस्या
- कार्यक्रमबारे अभिमुखीकरण श्रावण भदौमा सबै पालिकाका कृषि शाखालाई दिनुपर्ने

**सुझावहरू**

- क्रियाकलाप सञ्चालन विधिमा सुधार आवश्यक छ।
- डेसिस कार्यक्रममा सहभागिता जनाउन कृषक/समूह/सहकारीहरू अझै असफल भएकोले उनीहरूको क्षमता वृद्धिमा जोड दिनुपर्ने।
- बीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग कार्यक्रममा लाभग्राही छनौट विधिमा डेसिसमा आवद्ध भएको अनिवार्य गरिएकोले कार्यक्रम सञ्चालनमा समस्या हुने भएकोले आगामी दिनमा यस तर्फ ध्यान दिनु पर्ने।
- कार्यक्रम सञ्चालन विधि तयार गर्दा स्थलगत रूपमा आउन सक्ने समस्याहरूको पूर्व आँकलन तथा स्थानीय/प्रदेश सरकारसँग समन्वय गरिनु पर्ने।
- योजना तर्जुमा गर्दा समन्वय र सहकार्य (एकै स्थानमा वस्नुपर्ने)
- स्थानीय तथा प्रदेश प्राविधिक कर्मचारीको समय सापेक्ष क्षमता अभिवृद्धि
- उत्प्रेरणामा कमी
- Precise farming मा क्षमता अभिवृद्धि आवश्यक

- प्रत्येक विधामा विज्ञ सेवा उपलब्ध गराउन राष्ट्रियस्तरमा विज्ञ/परामर्श दाताको पहिचान हुनुपर्ने
- कार्यक्रम सञ्चालनमा अभिमुखीकरण आवश्यक छ।

## घ) प्राप्त समस्या र समाधानहरू

**समस्या**

- सङ्घीयस्तरमा सशर्त कार्यक्रमहरूको कार्यान्वयनमा समन्वयको अभाव, अनुगमन र मूल्याङ्कनमा कमजोरी।
- स्थानीय तहमा कार्यक्रमको सही जानकारी नपुगेको र प्रविधि र स्रोतका अभावले गर्दा कार्यक्रमको प्रभावकारिता घटेको।
- आधुनिक कृषि प्रविधि र नयाँ कार्यक्रमहरूको पहुँच सीमित भएको छ।
- कृषकहरूले सशर्त अनुदान वा सहुलियतहरू पाउने तर सबैजना उचित पूर्वाधारको अभावका कारण त्यसको पूर्ण लाभ लिन सकेका छैनन्।
- सशर्त कार्यक्रमहरूको मापदण्ड र प्रक्रियाहरू धेरै जटिल हुने गरी तय गरिएको छ, जसले गर्दा कृषकहरू कार्यक्रमबाट बाहिर भइरहेका छन्।
- विभिन्न तहहरूमा आवेदन प्रक्रिया र अनुदान प्राप्त गर्नको लागि आवश्यक कागजी कार्यवाही अत्यधिक जटिल भएको छ।
- सशर्त कार्यक्रमहरूको प्रभावकारिता र दक्षताको मूल्याङ्कन र अनुगमन कमजोर भएको छ।
- अनुदानको प्रभाव सस्तो र अस्थिर कृषि उत्पादनमा देखिन्छ, जसले दीर्घकालीन सुधारमा योगदान पुर्याउन सक्दैन।

**समाधान**

- कार्यक्रमहरूको स्पष्ट दिशानिर्देशः सशर्त कार्यक्रमहरूको कार्यान्वयनमा स्थानीय तहमा देखिने असमञ्जसता कम गर्न स्पष्ट दिशानिर्देश र प्रोटोकलहरू तयार गर्न आवश्यक छ।
- सङ्घीय, प्रदेश र स्थानीय तह बीचको समन्वयः कार्यान्वयनका स्तरहरू बीचको समन्वयमा सुधार गर्न नियमित बैठक र सूचना साझेदारी प्रणालीको विकास गर्नु।
- प्रशिक्षण र जनचेतना कार्यक्रमहरूः कृषकहरूको बीचमा विभिन्न सशर्त कार्यक्रमहरूको बारेमा व्यापक जानकारी दिने कार्यक्रमहरूको आयोजना गर्नु।
- डिजिटल प्लेटफर्महरूको प्रयोगः कृषि कार्यक्रमहरूको जानकारी र स्रोत डिजिटल माध्यममार्फत कृषकहरूसम्म पुर्याउनको लागि मोबाइल एप्लिकेसन र वेब पोर्टलको प्रयोगलाई बढावा दिनु।
- पूर्वाधारको सुधारः कृषि आधारित पूर्वाधारहरू जस्तै सिँचाइ, बजार व्यवस्थापन, र भण्डारण सुविधाहरूको सुधार र विस्तारमा जोड दिनु पर्छ।
- दूरदराज क्षेत्रको प्राथमिकताः दूरदराजका किसानहरूका लागि विशेष योजनाहरू र अनुदान कार्यक्रमहरू तयार गर्नु जसले उनीहरूको पहुँचमा ल्याउनुपर्छ।

- सस्तो र सरल प्रक्रियाः सशर्त कार्यक्रमहरूको आवेदन प्रक्रिया र शर्तहरूलाई कृषकहरूको लागि सजिलो र सुलभ बनाउनका लागि सुधार गर्नु। कृषकहरूका लागि अनलाइन र अफलाइन दुवै विकल्पहरू उपलब्ध गराउनुपर्छ, जसले विशेष गरी दूरदराजका किसानहरूलाई सजिलो बनाउँछ।
- कृषकलाई जानकारी र पहुँच दिनेः कृषकहरूले कार्यक्रमका बारेमा समयमै र पूर्ण जानकारी प्राप्त गर्न सकून् भन्ने व्यवस्था गर्नु। यसका लागि स्थानीय तहमा सूचना अभियानहरू, रेडियो, टेलिभिजन र मोबाइल एप्लिकेसनको प्रयोग गर्न सकिन्छ।
- स्थानीय तहसँगको समन्वयः सङ्घीयस्तरमा बनाइएका योजनाहरूलाई स्थानीयस्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि स्थानीय प्रशासनसँग बढी समन्वय गर्नु। यसले कार्यक्रमको सशर्त मापदण्डहरू साँचो समयमा कृषकहरूसम्म पुर्‍याउनेछ।
- द्वि-स्तरीय निगरानी र मूल्याङ्कनः कृषि विभागले कार्यक्रमहरूको कार्यान्वयन र प्रभाव मूल्याङ्कन गर्नका लागि सङ्घीय र स्थानीय तहमा एकीकृत निगरानी र मूल्याङ्कन प्रणाली लागू गर्नुपर्छ।
- प्रशिक्षण र चेतना अभियानः कृषकहरूको क्षमता वृद्धिका लागि विशेष तालिम र कार्यशालाहरू आयोजना गर्नुपर्छ। यसले कृषकहरूको सशर्त कार्यक्रमहरूको सही उपयोग र खेतीका नयाँ प्रविधिहरू अपनाउनमा मद्दत पुर्याउँछ।
- कृषक समूहहरूको निर्माणः कृषकहरूलाई सहकारी समूह वा कृषक समूहहरूको रूपमा जम्मा गरेर तालिम र कार्यक्रमको फाइदा बढी उपलब्ध गराउन सकिन्छ। समूहको माध्यमबाट समन्वय र सहयोग बढाउन मद्दत पुग्छ।
- डिजिटल सेवा र मोबाइल एप्लिकेसनः सशर्त कार्यक्रमहरूको जानकारी र प्रक्रियालाई डिजिटल प्लेटफर्ममार्फत प्रस्तुत गर्नु, जसले कृषकहरूको पहुँचमा ल्याउनेछ। मोबाइल एप्लिकेशन र वेबसाइटमार्फत आवेदन प्रक्रिया सरल र सहज बनाउन सकिन्छ।
- डिजिटल मापन र मूल्याङ्कन प्रणालीः अनुदानको सही वितरण र कार्यक्रमको प्रभावकारिता मापन गर्नका लागि डिजिटल प्रणालीको प्रयोगमा जोड दिनु। यसले निगरानी र मूल्याङ्कन प्रक्रिया पारदर्शी र त्वरित बनाउँछ।
- दीर्घकालीन योजनामा आधारित कार्यक्रमः केवल सशर्त अनुदानहरू दिने मात्र नभई, कृषकहरूको दीर्घकालीन उन्नति र दीगो विकासका लागि निरन्तर कृषि सुधार कार्यक्रमहरू प्रस्तुत गर्नु। यसमा कृषि उपजको मूल्य वृद्धि, नयाँ बजारको खोजी, र खाद्य सुरक्षा सुनिश्चित गर्ने योजना पनि समावेश गर्नु।
- कृषि वित्त र सहुलियतको उपलब्धताः कृषकहरूको दीर्घकालीन उत्पादन र व्यावसायिकता सुनिश्चित गर्न सस्तो कृषि ऋण र सहुलियतको व्यवस्थापनमा ध्यान दिनु। यसले सशर्त कार्यक्रमलाई अधिक प्रभावकारी बनाउँछ।
- कार्यक्रमहरू स्थानीय तहको आवश्यकता अनुरूप पठाउनु पर्ने।
- सशर्त शर्तहरूको सरलीकरणः सशर्त कार्यक्रमहरूको शर्तहरू अत्यधिक जटिल र कठोर नहुनुपर्छ। शर्तहरूलाई सरलीकृत गरेर किसानहरूको पहुँचमा ल्याउन सकिन्छ। यसले कृषकलाई अनुदान प्राप्त गर्न प्रोत्साहित गर्छ र कार्यक्रमको कार्यान्वयनमा सहजता ल्याउँछ।

- अवस्थित कार्यक्रमहरूको समायोजनः यदि कुनै विशेष शर्त कृषकको वास्तविक आवश्यकतासँग मेल खाँदैन भने, त्यसमा सुधार ल्याउन कृषि विभागलाई सुझाव दिनु। कृषकहरूको मौलिक समस्याहरूका आधारमा शर्तहरूको लचकता अनिवार्य छ।
- कृषि कार्यमा प्रयोग हुने मेसिनरी यन्त्र उपकरणहरू जथाभावी रूपमा अन्य देशबाट नेपाल भित्राउने कार्यलाई रोकी मेसिनरी परीक्षण तथा स्पष्ट मापदण्डको आधारमा मात्र ल्याउन पाउने व्यवस्था गर्नु पर्ने।
- नवीनतम कृषि प्रविधिहरूको समावेशीकरणः सशर्त कार्यक्रमहरूमा कृषि उत्पादन बढाउने उद्देश्यले अनुसन्धान र प्रविधिको प्रयोग प्रोत्साहन गर्नु। विशेषगरी जैविक र दीगो कृषि उत्पादनका प्रविधिहरूलाई कार्यक्रमहरूमा समावेश गर्नु।
- कृषि प्राविधिक सहयोग र सेवाः कृषकहरूलाई सशर्त कार्यक्रमको सहारा लिन प्राविधिक सेवा र सुझावको आवश्यकता पर्छ। त्यसैले कृषि विभागले कृषकलाई प्राविधिक मार्गदर्शन र उपयुक्त सेवाहरू उपलब्ध गराउनुपर्छ।
- समय-समयमा मूल्याङ्कनः कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्नका लागि कृषि विभागले नियमित अनुगमन र मूल्याङ्कन कार्यप्रणालीलाई सुदृढ पार्नुपर्छ। यसले कुनै पनि समस्याहरू चाँडै पहिचान गर्न मद्दत पुर्‍याउँछ र कार्यक्रमलाई सुधार्ने अवसर दिन्छ।
- फीड ब्याक लुपः कृषकहरूले दिनु भएका प्रतिक्रिया र सुझावहरूलाई कार्यान्वयन प्रक्रियामा समावेश गर्नु। यसले कृषकहरूको सन्तुष्टि र कार्यक्रमको सन्तुलित विकासमा मद्दत गर्दछ।
- समान अवसर र पहुँचः सशर्त कार्यक्रमहरूको डिजाइन गर्दा विशेष गरी महिलाहरू, आदिवासी समुदाय, र विपन्न कृषक वर्गलाई प्राथमिकता दिनु। यसले कृषक वर्गका सबै तहलाई समेट्न मद्दत गर्छ र समान अवसर सुनिश्चित गर्दछ।
- कृषि उपज ढुवानी (कृषि एम्बुलेन्स), बजार व्यवस्थापन तथा value addition सँग सम्बन्धित कार्यक्रमहरू आवश्यक रहेको

## ङ) निष्कर्ष

कृषि अन्तर्गतका सङ्घीय सशर्त कार्यक्रमहरूको प्रभावकारिता र सफलता प्रायः तीव्र समन्वय, उपयुक्त प्राविधिक सहयोगको सरलीकरण, र कृषकहरूको सशक्तीकरणमा निर्भर गर्दछ। यसका लागि सङ्घले नीति, संरचना र कार्यक्रमहरूको सुधारमा निरन्तरता र सुधारको काम गर्नुपर्छ, ताकि कृषकहरूको जीवनस्तर उकास्न र कृषि क्षेत्रलाई दीगो बनाउन सकियोस्। कृषि विभागलाई आगामी आ.व. मा सशर्त कार्यक्रमहरूको प्रभावकारिता बढाउनका लागि समन्वय, प्रविधिको उपयोग, प्रशिक्षण, र कार्यक्रमको स्पष्टता र पहुँचमा सुधार गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ। कृषि क्षेत्रको दीर्घकालीन समृद्धि र कृषकहरूको सामाजिक-आर्थिक स्थिति सुधार्न यी सुझावहरू कार्यान्वयन गर्नु आवश्यक छ।

# १४. कार्य विस्तृतीकरण र सशर्त कार्यक्रम सञ्चालनका लागि पालिकाहरूको अन्तरक्रिया कार्यक्रम

# सुदूरपश्चिम प्रदेश

**मितिः २०८१।१२।०६**

**स्थानः पशु सेवा तालिम केन्द्र, धनगढी**

## १. पृष्ठभूमि

नेपालमा सङ्घीयता लागू भएसँगै कृषि विकासका कार्यक्रमहरू तीनै तहका सरकारहरूको कार्यक्षेत्रभित्र रही सोही अनुसार सञ्चालन हुँदै आइरहेका छन् ।संविधानको प्रावधान अनुसारको सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रलाई कार्य विस्तृतीकरण गरी थप स्पष्ट गरिएको छ ।सङ्घीय सरकारले राष्ट्रिय महत्त्वका कार्यक्रमहरू सञ्चालनको लागि प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरी ती निकायहरूमार्फत सशर्त अनुदान प्रवाह गरी कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। यसै सन्दर्भमा कृषि विभागको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरणमार्फत सञ्चालित कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका समस्याहरू पहिचान गरी आगामी दिनमा यस्ता किसिमका कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धिमा टेवा पुर्‍याउने उद्देश्यले सातै प्रदेशमा समन्वयात्मक गोष्ठी सञ्चालन गर्ने सन्दर्भमा मिति २०८१ चैत्र ०६ गते धनगढीमा प्रदेशस्तरीय गोष्ठी सञ्चालन गरिएको थियो।

## २. कार्यक्रमको उद्देश्य

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरणमार्फत सञ्चालित कार्यक्रम कार्यान्वयनका क्रममा आइपरेका समस्याहरू पहिचान गरी आगामी दिनमा यस्ता किसिमका कार्यक्रमहरूको प्रभावकारिता अभिवृद्धिमा टेवा पुर्‍याउने।

## ३. सहभागीहरू

कृषि विभागका उप महानिर्देशक श्री राजेन्द्र कोइरालाको अध्यक्षतामा सञ्चालित गोष्ठीमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सहभागीहरूको उपस्थिति रहेको थियो।

### ३.१ सङ्घ

कृषि विभागका महानिर्देशक, वरिष्ठ कृषि प्रसार अधिकृत लगायतको उपस्थिति रहेको थियो साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाई धनगढी प्रमुखको समेत उपस्थिति रहेको थियो।

### ३.२ प्रदेश

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका सचिव, कृषि विकास निर्देशनालयका महानिर्देशक, प्रादेशिक प्रयोगशालाका प्रमुख तथा प्रतिनिधि, कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रका प्रमुख, कृषि ज्ञान केन्द्र प्रमुखहरू लगायतको उपस्थिति रहेको थियो।

### ३.३ स्थानीय तह

स्थानीय तहको कृषि शाखा हेर्ने प्राविधिक कर्मचारी लगायतको उपस्थिति रहेको थियो।

## ४. समग्र कार्यक्रम

सुदूरपश्चिम प्रदेशस्तरीय सशर्त वित्तीय हस्तान्तरित कार्यक्रमको अन्तरक्रिया गोष्ठी २०८१/१२/०६ गते सम्पन्न भयो। कार्यक्रममा चार वटा कार्यपत्र प्रस्तुत गरिएको थियो। तीन तहका सरोकारवालाहरूको सहभागितामा भएको गोष्ठीमा सुदूरपश्चिम प्रदेश तथा सुदूरपश्चिम प्रदेशको स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरू, सङ्घीय सशर्त कार्यक्रम सञ्चालन कार्यविधि गण्डकी प्रदेश सञ्चालित सङ्घीय सशर्त कृषि विकास कार्यक्रम र स्थानीय तहमा हस्तान्तरण भएका कृषि कार्यक्रम तीनको सञ्चालनको अवस्था तथा कार्यक्रम सञ्चालनमा आइपरेका समस्या तथा आगामी कार्यदिशाबारे छलफल भएको थियो।

## ५. छलफलमा उठेका विषय र सुझावहरू

- सशर्त अनुदानका कार्यक्रमहरू माग गरेको भन्दा फरक किसिमका कार्यक्रमहरू आउने गरेकोले सशर्तको कार्यक्रम पठाउदा प्रदेश र स्थानीय तहको माग तथा आवश्यकता बमोजिमको कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने।
- सशर्तका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने।
- कार्यक्रममा दोहोरोपना हुने भएकोले कार्यक्रम तर्जुमा गर्दा सङ्घ प्रदेश तथा स्थानीय निकाय बीच समन्वय गर्नुपर्ने।
- स्थानीय तहमा कार्यरत प्राविधिकको क्षमता विकास तालिमको व्यवस्था हुनुपर्ने।
- कार्यविधि समयमा नआएकोले कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको। साथै कतिपय कार्यक्रमको कार्यविधि नभएकोले कार्यक्रम सञ्चालनमा अन्योलता रहेको।
- कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्नुपर्ने।
- नमूना एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यविधि नभएर काम गर्न गाह्रो भएको।
- किसान सूचीकरण कार्यक्रममा गणकको पारिश्रमिक न्यून रहेको।
- किसान सूचीकरण कार्यक्रम प्रभावकारी ढङ्गले सञ्चालन गर्न सहजीकरण हुनुपर्ने।
- सशर्तको कार्यक्रम पठाउदा स्थानीय तहको माग बमोजिमको प्राथमिकता दिनुपर्ने।
- किसान सूचीकरण कार्यक्रमको लागि भौगोलिक विकटता अनुसार पारिश्रमिक तोक्नुपर्ने।
- भएकोले कार्यक्रम सञ्चालन गर्न नसकिएको।
- कृषि विभागमा स्थानीय तह समन्वय शाखा बनाउनु पर्ने।
- अनुदान प्रतिशत बढाउनुपर्ने। उत्पादनमा आधारित अनुदान दिनुपर्ने।
- हाइब्रीड बीउको माग बढी रहेकोले।
- रैथाने बालीको कार्यक्रमको माग नआउने गरेकोले रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन हुन नसक्ने अवस्था आएको।

- कृषि तथ्याङ्क सङ्कलन तथा प्रविष्टि सम्बन्धी तालिमको व्यवस्था हुनुपर्ने।
- किसान सूचीकरणका लागि खटाइएका गणकहरूले काम बीचमा नै छोडने गरेको।
- कार्यक्रम तर्जुमा गर्दा सङ्घ प्रदेश तथा स्थानीय निकाय बीच समन्वय गर्नुपर्ने।
- स्थानीय कृषि तथ्याङ्क तथा प्रगति प्रतिवेदन समयमा प्राप्त नहुने।
- दक्ष प्राविधिकको अभाव।

## ६. गोष्ठीको सारांश

तीन तहका निकायका सहभागीहरू उपस्थित रहेको गोष्ठी उपलब्धिमूलक रह्यो। गोष्ठीमा प्रस्तुतीकरण गरिएका कार्यपत्रहरू निकै जानकारीमूलक र सिकाइमूलक थिए। गोष्ठीमा भएका महत्त्वपूर्ण छलफल, छलफमा उठेका विषयहरू र सहभागीहरूबाट आएका सुझावहरू महत्त्वपूर्ण रहेको र यसले सङ्घीय सशर्त कार्यक्रम सञ्चालनका क्रममा आइपरेका समस्याहरू पहिचान गर्न तथा आगामी दिनमा तिनको प्रभावकारिता बढाउन मद्दत गर्ने देखिन्छ।

# १५. च्याउको Post-harvest handling र Value addition सम्बन्धी कार्यक्रम

## प्रतिवेदन

**मितिः २०८२।०२।११**

**स्थानः होटल उग्रचण्डी ब्याङ्केट, बनेपा, काभ्रे**




**लक्षित सहभागीहरूः**

च्याउ क्षेत्रमा संलग्न कृषक तथा सहकारी

च्याउ सिड उत्पादक

च्याउ आयतकर्ता तथा निर्यातकर्ता

च्याउ अनुसन्धानकर्ता

प्रसारकर्ता

कृषक व्यवसायी

## पृष्ठभूमि

नेपालमा च्याउ सम्बन्धी अनुसन्धान वि.सं. २०३० सालदेखि नेपाल कृषि अनुसन्धान परिषद्ले सुरुवात गरेको देखिन्छ। कृषकहरूको स्तरबाट व्यावसायिक च्याउ खेतीको थालनी वि.सं. २०३४ देखि सुरुवात भएको देखिन्छ। सर्वप्रथम गोब्रे च्याउको खेती वि.सं. २०३४ सालदेखि शुरुवात गरिएको थियो भने कन्ये च्याउको खेती वि.सं. २०४० सालदेखि थालनी गरिएको थियो। वि.सं. २०५८ सालदेखि सिताके र रातो च्याउको खेती थालनी भएको हो। हाल नेपालमा कन्ये, गोब्रे, सिताके, रातो, पाराले र राजाच्याउहरूको व्यावसायिक खेती भइरहेको छ। कृषकहरूले व्यावसायिक उत्पादन गरे तापनि भारतीय च्याउको बजार मूल्य न्यून हुने हुँदा नेपाली च्याउले प्रतिस्पर्धा गर्न नसकी उक्त सस्तो भारतीय च्याउले नेपाली च्याउलाई प्रतिस्थापन गर्दै आएको छ। साथै ठूला तारे होटलहरूमा प्रशोधित च्याउहरू जस्तै केनिङ्ग वा फ्रोजन च्याउ लगायत च्याउको सुकुटीहरूसमेतको माग बढ्दै गएकोले च्याउ आयात वृद्धि हुँदै आएको छ। यस्तै यस्तै समस्याहरूमा केन्द्रित भई च्याउ उत्पादन वृद्धिको लागि कार्यक्रम, नीतिगत तथा संस्थागत व्यवस्था सुदृढीकरण गर्दै च्याउको उत्पादन प्रशोधन र मूल्य अभिवृद्धि गर्दै च्याउ व्यवसायीहरूको आयस्तर वृद्धि गर्ने उद्देश्यले **च्याउको Post Harvest Handling र value addition सम्बन्धी अन्तरक्रिया गोष्ठी** कार्यक्रम सञ्चालन गरिएको थियो।

## गोष्ठी/ तालिम सञ्चालनको उद्देश्य

- हाल च्याउको उत्पादन स्थितिबारे जानकारी,
- नेपालमा उत्पादित च्याउहरूबारे जानकारी प्रदान गरिने, सो च्याउको नयाँ प्रविधि अनुरूप उत्पादन, टिप्ने प्रविधि, उत्पादनोपरान्त प्रविधिबारे जानकारी प्रदान गरिने,
- च्याउ उत्पादन प्रोत्साहनका लागि नेपाल सरकारद्वारा जारी गरिएका नीति, मापदण्ड कार्यविधि तथा अनुदानका कार्यक्रमहरूबारे जानकारी,
- च्याउको मूल्य शृङ्खलाका समस्या तथा तिनका समाधानबारे छलफल।

## समग्र कार्यक्रम सञ्चालन प्रक्रिया

उपरोक्त एक दिने अन्तरक्रिया गोष्ठीको औपचारिक सत्रको अध्यक्षता कृषि विभागका महानिर्देशकले गर्नुभएको थियो भने अतिथिहरूमा कृषि विभागका श्रीमान् उप-महानिर्देशक, व्यावसायिक कीट विकास केन्द्रका प्रमुख, मदनभण्डारी युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजीका क्याम्पस प्रमुख, च्याउ उत्पादक किसान सङ्घ नेपालका अध्यक्ष थिए। साथै गोष्ठीमा प्रदेश कृषि विकास निर्देशनालय र फार्म केन्द्रका अधिकृतस्तर प्रतिनिधिहरू, च्याउ उत्पादक किसान सङ्घसँग आवद्ध च्याउ उत्पादक प्रशोधनकर्ता एवम् समूह, सहकारी र निजी कम्पनीका प्रतिनिधीहरूको सहभागिता रहेको थियो।

प्राविधिक सत्रमा तीन वटा कार्यपत्रहरू प्रस्तुति भएको थियो। सरकारी निकायको तर्फबाट दुई वटा र निजी क्षेत्रको तर्फबाट एक वटा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए।

प्रस्तुति पश्चात् श्रीमान् महानिर्देशकले अन्तरक्रिया तथा छलफल कार्यलाई सहजीकरण गर्नुभएको थियो। उक्त अन्तरक्रिया तथा छलफलमा सहभागीहरूले जिज्ञासा गुनासो तथा सुझावहरू दिनु भएको थियो।

त्यसपछि अतिथिहरूको मन्तव्य र अन्तमा उक्त जिज्ञासा गुनासो तथा सुझावहरू उपर टिप्पणी गर्नुहुँदै कृषि विभागले गर्न सकिने क्रियाकलापहरूको प्रतिवद्धता र आफ्नो मन्तव्यसहित अध्यक्षले कार्यक्रम समापन गर्नु भएको थियो।

## कार्यपत्रहरू र प्रस्तुतीका मुख्य मुख्य बुँदाहरू

पहिलो कार्यपत्र व्यावसायिक कीट विकास केन्द्रका प्रमुखले **Overview of Mushroom Production, Post-Harvest Handling and Value Addition in Nepal** विषयमा प्रस्तुति गर्नुभएको थियो। प्रस्तुतिको क्रममा नेपालमा च्याउ खेतीको इतिहास, नेपालमा खेती गरिने प्रचलित च्याउका प्रजातिहरूको विषयमा जानकारी दिनुभएको थियो। साथै नेपालमा च्याउ उत्पादन तथा समग्र व्यवसायको अवस्थाबारे पनि प्रकाश पार्नुभएको थियो। त्यसैगरी च्याउ खेती स्याहार प्रविधि, खेती स्याहार उपरान्त गर्नुपर्ने क्रियाकलापहरू र च्याउका परिकारहरूको बारेमा जानकारी दिनुभएको थियो। अन्तमा नेपालको च्याउ व्यवसायको अवसर तथा चुनौतीहरूको बिषयमा जानकारी दिनुहुँदै आफ्नो प्रस्तुति अन्त गर्नुभएको थयो। दोस्रो कार्यपत्र कृषि तथा पशुपन्छी विकास मन्त्रालयका उप सचिव डा. मणिरत्न अर्यालले **Market Access and Business Opportunities for mushroom industry in Nepal** विषयमा प्रस्तुति गर्नुभएको थियो। प्रस्तुतिको क्रममा नेपालको उत्पादन अवस्था र न्यूनतम खपत मात्राको तुलनात्मक तथ्याङ्कलाई प्रस्तुती गर्नुहुँदै नेपाल गोब्रे र कन्ये च्याउमा आत्मनिर्भर भएको जानकारी दिनुभएको थियो। यसैको विपरित भन्सार विभागको तथ्याङ्कलाई प्रस्तुत गर्नुहुँदै धेरै मात्रामा ताजा तथा फ्रोजन, केनिङ र सुकुटी च्याउहरू पनि विभिन्न मुलुकहरूबाट आयात भइरहेको पनि बताउनु भएको थियो। अन्तमा सरकारी निकायबाट च्याउ उद्योग प्रवर्द्धनको लागि भए गरेका पहलकदमीहरूको बारेमा जानकारी दिनुभएको थियो।


अन्तमा Mushroom Seed Nepal and Research Centre Pvt. Ltd., Bhaktapur का निर्देशक कुमार बाडेले **Mushroom Value added products in Nepal: Status, Opportunities and Challenges** विषयमा प्रस्तुती गर्नुभएको थियो। उक्त कार्यपत्र प्रस्तुतिको क्रममा आफ्नो कम्पनीले बजारीकरण गरिरहेका च्याउको परिकारहरूको बारेमा जानकारी दिनुभएको थियो। साथै सरकारी निकायबाट भोग्नुपरेका तिता अनुभवहरू पनि सुनाउनु भएको थियो।

**च्याउ उत्पादन तथा बजारीकरणका मूख्य चुनौतीहरू निम्न प्रकारहरू छन्ः**

- च्याउलाई बढि चम्किलो पार्न च्याउ उत्पादकहरूले प्रयोग गर्ने गरेको सोडियम मेटा बाइसल्फाइटको मात्रा बढी रहनु।
- कृषक वर्गहरूद्वारा उत्पादनका क्रममा Good agriculture practice अवलम्बन नगरिनुका कारण उपभोक्ताको स्वास्थ्यमा असर पर्ने गरेको।
- जनस्तरमा च्याउको महत्त्वबारे चेतना कम भएकोले उपभोग कम हुने देखिएको।
- च्याउको बजार प्रविधि र सञ्जाल व्यवस्थित नहुनु।


च्याउको बजारमा माग अभिवृद्धि लागि value addition का सम्भावित क्षेत्रहरूबारे कृषकहरूलाई जानकारी एवम् छलफल गरिएको।










नेपालमा आयातीत च्याउबाट value addition गरी बजारमा उत्पादन पनि बिक्री भइरहेको र सो उत्पादनबाट हातमा गन्न मिल्ने उद्योग रहेको छ।

च्याउको मूल्य अभिवृद्धि किन आवश्यक छ र यसका क्षेत्रहरूबारे जानकारी गरिएको।

च्याउको उत्पादन तथा बजारीकरणबारे तथ्याङ्क

च्याउको निर्यातको तुलानामा आयात धेरै रहेको छ। कन्ये र डल्ले च्याउको आयात कम भएको तर अन्य जातको च्याउको आयात धेरै भएको देखिएको।

## छलफलमा उठेका विषय र सुझावहरू

कृषक व्यवसायीहरूले च्याउ व्यवसाय विकास र प्रवर्द्धनको लागि राज्यका निकायबाट प्रदान गरिने अनुदान प्रणाली समतामूलक समानुपातिक प्रणालीबाट लागू गर्नुपर्ने माग, उत्पादनमा आधारित अनुदान प्रणाली हुनुपर्ने माग व्यावसायिक च्याउ उत्पादनमा आधारित कृषि अनुसन्धान हुनुपर्ने माग। च्याउको न्यूनतम समर्थन

मूल्य, अनिवार्य रूपमा कृषि बीमालाई च्याउ बालीमा पनि लागु गर्नुपर्ने माग, उच्च प्रविधि अवलम्बन गरी च्याउ खेती गरेका उद्यमी व्यवसायीहरूलाई समेत बीमामा समाहित गर्नुपर्ने माग, धितो राखेर सहुलियत पूर्ण ऋणको व्यवस्था हुनुपर्ने माग। त्यसै गरी कृषि हाटबजारहरूमा च्याउको स्टल राख्न कठिनाइ भइरहेकोले त्यसमा राज्यले सहजीकरण गरिदिनु पर्ने माग, च्याउ उद्योगहरूको लगत राख्न माग, च्याउ फर्म वा कम्पनी स्थानीय प्रदेश वा सङ्घमा कहा दर्ता गर्ने भन्ने अन्यौल। उद्योगलाई नै धितो पानी सहुलियत दरमा ऋण उपलब्ध गराउन माग। खेती गर्नेलाई किसान भन्ने कि जमिन भएकोलाई किसान भन्ने जिज्ञासा। च्याउ उद्यमीहरूले पिक सिजनमा उत्पादन लागतभन्दा पनि कम मूल्यमा च्याउ बेच्नु पर्ने बिडम्बनाको जानकारी गराउनु भएको थियो। च्याउ स्पनको गुणस्तर मापदण्ड तयारीमा च्याउ उत्पादक किसान सङ्घको प्रतिनिधि नभएकोमा अध्यक्षले गुनासो व्यक्त गर्नुभएको थियो।

छलफलमा उठेका जिज्ञासा तथा मागहरूलाई अतिथिहरू र अध्यक्षबाट सम्बोधन भएको थियो। त्यसै गरी राष्ट्रिय बाली रोग अनुसन्धान केन्द्र खुमलटारका वरिष्ठ प्राविधिकले च्याउको अनुसन्धानमा भएगरेका क्रियाकलापहरूको बारेमा प्रकाश पार्नुभएको थियो।

## सारांश

च्याउका उत्पादनहरूको value addition गरी बजारको माग बढाउन सकिएमा कृषकहरूको उत्पादन पनि खेर नजाने र मनग्गे आम्दानी गर्न सकिने देखिन्छ। सरकारीस्तरबाट च्याउको पौष्टिकताबारे जनचेतना अभिवृद्धि गर्न सकेमा निजी क्षेत्रलाई धेरै राहत हुने देखिएको। भारतीय च्याउको लागत धेरै कम हुने भएको कारण उपभोक्ताहरू स्थानीय च्याउ खपत गर्न अनिच्छुक देखिन्छन्। स्थानीय उत्पादन खपत वृद्धिका लागि सरकारले आवश्यक कदम चाँडै चाल्नुपर्ने र सो नभएको खण्डमा कृषकहरूको यो पेशा छाड्ने देखिएको छ।

**अनुसूची १: कार्यक्रमका सहभागीहरू**

| क्र.सं. | नाम | पद | कार्यालयको नाम |
|---|---|---|---|
| १ | प्रकाश कुमार सन्जेल | महानिर्देशक | कृषि विभाग |
| २ | ललन कुमार सिंह | उप महानिर्देशक | कृषि विभाग |
| ३ | साबित्री बराल | प्रमुख | व्यावसायिक कीट विकास केन्द्र |
| ४ | डा. मणिरत्न अर्याल | वरिष्ठ कृषि अर्थ विज्ञ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ५ | होम बहादुर वि.क. | वरिष्ठ बाली संरक्षण अधिकृत | कृषि विभाग |
| ६ | रामहरि पाण्डे | कृषि अर्थ विज्ञ | कृषि विभाग |
| ७ | राजेन्द्र कोजु | कम्प्युटर अपरेटर | कृषि विभाग |
| ८ | मिलन गैरे | वरिष्ठ बाली संरक्षण अधिकृत | कृषि विकास निर्देशनालय, बुटवल |
| ९ | किरण परियार | बाली संरक्षण अधिकृत | कृषि ज्ञान केन्द्र, तनहुँ |
| १० | डा. भूषण श्रेष्ठ | सह-प्राध्यापक | मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविध्यालय, चित्लाङ |

| क्र.सं. | नाम | पद | कार्यालयको नाम |
|---|---|---|---|
| ११ | हरि दास श्रेष्ठ | सचिव | च्याउ उत्पादक केन्द्र, काभ्रे |
| १२ | आकाश वादे | निर्देशक | मसरुम सिड नेपाल एण्ड रिसर्च सेन्टर |
| १३ | भोपाल परियार | सञ्चालक | सिर्जनशिल अर्गानिक कृषि फर्म, कागेश्वरी |
| १४ | विजय सापकोटा | सहभागी | शुभकालिका कृषि कम्पनी प्रा.ली. |
| १५ | सन्तोष कार्की | अध्यक्ष | च्याउ उत्पादक किसान सङ्घ, ललितपूर |
| १६ | दिपक प्रसाद न्यौपाने | संचालक | एन सी एग्रोटेक, गैडाकोट |
| १७ | रामहरि घिमिरे | सचिव | च्याउ उत्पादन किसान सङ्घ नेपाल |
| १८ | चित्रराज तिमिल्सिना | कृषक | Mushroom association |
| १९ | सन्देश प्रधान | उपाध्यक्ष | च्याउ उत्पादक किसान सङ्घ नेपाल, काभ्रे |
| २० | शिव प्रसाद तिम्ल्सिना | अध्यक्ष | च्याउ उत्पादक किसान सङ्घ नेपाल, काभ्रे |
| २१ | विदुर राना मगर | कोषाध्यक्ष | च्याउ उत्पादक किसान सङ्घ नेपाल, काभ्रे |
| २२ | विजय ज्ञवाली | उपाध्यक्ष | च्याउ उत्पादक किसान सङ्घ नेपाल, केन्द्रीय |
| २३ | रमेश सापकोटा | सचिव | च्याउ उत्पादक किसान सङ्घ नेपाल, केन्द्रीय |
| २४ | इन्द्रराज पौडेल | किसान | |
| २५ | कमल नयन पन्त | बाली संरक्षण अधिकृत | व्यावसायिक कीट विकास फार्म, भण्डारा |
| २६ | नवराज पाण्डे | बाली संरक्षण अधिकृत | कृषि विकास निर्देशनालय,हेटौडाँ |
| २७ | गोविन्द प्रसाद आचार्य | बाली विकास अधिकृत | बीउबिजन प्रयोगशाला |
| २८ | प्रतिमा खड्का | कृषि अधिकृत | कृषि विकास निर्देशनालय, सुर्खेत |
| २९ | तारा दहाल | बाली संरक्षण अधिकृत | व्यावसायिक कीट विकास फार्म, धुनिवेशी |
| ३० | समिक्षा गौतम | बाली संरक्षण अधिकृत | व्यावसायिक कीट विकास केन्द्र |
| ३१ | प्रकाश बगाले | कृषक | गोकर्णेश्वर |
| ३२ | बशिष्ठ आचार्य | व.प्रा.अ | NARC |
| ३३ | संदिप ठाकुर | कृषि अर्थ विज्ञ | कृषि विकास निर्देशनालय, धनुषा |
| ३४ | रोज बहादुर तामाङ् | कृषक | रोषी कृषि फार्म, पनौति |
| ३५ | सुरोज चिलुवाल | कृषि अधिकृत | पोखरा महानगरपालिका |
| ३६ | दावा स्याङ्तान | कृषक | रोषी कृषि फार्म, पनौती |
| ३७ | सिताराम तिम्सिना | अध्यक्ष | च्याउ उत्पादक, गोकर्णेश्वर |
| ३८ | कृष्ण बहादुर बोगटी | कृषक | च्याउ उत्पादक, गोकर्णेश्वर |
| ३९ | अर्जुन बोगटी | किसान | च्याउ उत्पादक |

| क्र.सं. | नाम | पद | कार्यालयको नाम |
|---|---|---|---|
| ४० | चण्डिका लामा | कृषि अर्थ विज्ञ | कृषि विभाग |
| ४१ | समिक्षा बडाल | कृषि प्रसार अधिकृत | AITC |
| ४२ | कृष्ण धिताल | कृषि प्रसार अधिकृत | रेशम विकास केन्द्र |
| ४३ | न्हुछें श्रेष्ठ | च्याउ कृषक | बनेपा |
| ४४ | नवराज थापा | च्याउ कृषक | बनेपा |

प्रकाशक

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

हरिहरभवन, ललितपुर

फोन : ०१-५४२१३२३

इमेल : doa.agri2014@gmail.com